# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोधपरिचय

वि.सं. २०११ मा तनहूँ जिल्ला आरुस्वाँरामा जन्मेका तिलकराज शर्मा पौडेल प्रसिद्ध हास्यव्यङ्ग्यात्मक निबन्धकार हुन् । वि.सं. २०१८ देखि लेखनकार्यमा अग्रसर रहेका शर्माका हालसम्म **पार्टी खोल्ने धुनमा** (२०५२), **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) जस्ता दुईवटा हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह प्रकाशित छन् । विभिन्न पत्रपत्रिकाहरूमा उनका हास्यव्यङ्ग्यात्मक निबन्धहरू र कविता पनि प्रशस्त छापिएका छन् । उपर्युक्त कृतिका आधारमा हेर्दा तिलकराज शर्मा पौडेल नेपाली साहित्यको हास्यव्यङ्ग्य फाँटमा एक उदीयमान, चर्चित र जुझारु स्रष्टाका रूपमा क्रियाशील देखिन्छन् । नेपाली साहित्यको हास्यव्यङ्ग्यात्मक फाँटमा सक्रिय रहेका तिलकराज शर्मा पौडेलका निबन्धहरूमा हास्यव्यङ्ग्यकारिताको छुट्टै र व्यवस्थित अध्ययन-अनुसन्धान हुनु उपयुक्त देखिएको छ । त्यसैले चितवनका प्रसिद्ध निबन्धकार तिलकराज पौडेलका निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन गर्ने उद्देश्यले प्रस्तुत शोधपत्रको शीर्षक **तिलकराज शर्मा पौडेलका निबन्धहरूमा हास्यव्यङ्ग्यकारिताको अध्ययन** चयन गरिएको हो ।

## १.२ समस्याकथन

हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहमा हास्यव्यङ्ग्यकारिताको अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधपत्रको मूल समस्या रहेको छ र यस शोधपत्रका आधारभूत एवम् खासखास समस्याहरू यसप्रकार रहेका छन्-

क. साहित्यकार तिलकराज शर्मा पौडेलको जीवनी र व्यक्तित्व के-कस्तो रहेको छ ?

ख. निबन्ध र हास्यव्यङ्ग्यात्मक निबन्धको सैद्धान्तिक स्वरूप के रहेको छ ?

ग. उनका निबन्धहरूको अध्ययन-विश्लेषण के-कस्तो रहेको छ ?

घ. उनका हास्यव्यङ्ग्यात्मक निबन्धहरूमा व्यङ्ग्यात्मकताको के-कस्तो प्रयोग गरिएको छ ?

ङ. नेपाली हास्यव्यङ्ग्य निबन्धको उन्नति र प्रगतिमा उनको योगदान के-कस्तो रहेको छ ?

यिनै समस्याहरूमा केन्द्रित भई यो शोधपत्र तयार गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्य

हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहमा हास्यव्यङ्ग्यकारिताको साहित्यिक रेखाङ्कन र अध्ययन तथा विश्लेषण गरेर नेपाली साहित्यको हास्यव्यङ्ग्यात्मक निबन्धको फाँटमा उनको स्थान निर्धारण गर्नु यस शोधपत्रको उद्देश्य हो । यसका खासखास उद्देश्यहरूलाई क्रमिक रूपले यसरी उल्लेख गर्न सकिन्छ-

क. तिलकराज शर्मा पौडेलको जीवनी र व्यक्तित्वको पहिचान गर्नु ।

ख. निबन्ध र हास्यव्यङ्ग्यात्मक निबन्धको सैद्धान्तिक स्वरूप थाहा पाउनु ।

ग. उनका हास्यव्यङ्ग्यात्मक निबन्धहरूमा पाइने व्यङ्ग्यात्मकता पत्ता लगाउनु ।

घ. उनका निबन्धहरूको अध्ययन-विश्लेषण गर्नु ।

ङ. नेपाली हास्यव्यङ्ग्यात्मक निबन्ध फाँटमा पौडेलको योगदानको विश्लेषण गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्यको परिपूर्तितर्फ यो शोधपत्र अग्रसर रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलका निबन्धहरू अनुसन्धेय छन् तापनि यिनको निबन्धकारितामा हास्यव्यङ्ग्यात्मक अध्ययनका सम्बन्धमा समग्र रूपमा अहिलेसम्म व्यवस्थित अध्ययन र अनुसन्धान भएको छैन । नेपाली साहित्यको हास्यव्यङ्ग्यात्मक निबन्धको क्षेत्रमा वि.सं. २०२८ देखि हालसम्म लगभग साढे तीन दशकसम्म कलम चलाएका शर्माका बारेमा फाट्टफुट्ट रूपमा चर्चा-परिचर्चा भएका छन् । हालसम्म उनका निबन्धसङ्ग्रहका बारेमा भए गरेका टीका-टिप्पणीहरूको कालक्रमिक विवरण यसप्रकार छ-

रामबाबु, घिमिरेले **पार्टी खोल्ने धुनमा** (हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह, मोतीमाया पौडेल, चितवन, २०५२) को पृष्ठ 'क' को *शुभकामनाका शब्दहरू* शीर्षक लेखमा शर्मालाई विना घोषणा, विना विज्ञापन र विना सिफारिस नेपाली हास्यव्यङ्ग्य निबन्धका उपग्रहमा अवतरित भएको उल्लेख गर्दै यिनी भैरव अर्यालका उचाइका निबन्धकार हुन् भनी शर्माको हास्यव्यङ्ग्य निबन्धको मूल्याङ्कन गरेका छन् ।

लक्ष्मणप्रसाद गौतमले **पार्टी खोल्ने धुनमा** (हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रह, मोतीमाया पौडेल, चितवन, २०५२) को बाहिरी पृष्ठमा तिलकराज शर्मा पौडेलको हास्यव्यङ्ग्यात्मक निबन्धको बारेमा चर्चा गर्दै शर्माका निबन्धहरू कतै चड्कन हिर्काउँछन्, कतै मुटुमा च्वास्स रोपेर

प्वाल पारिदिन्छन्, कतैकतै मानवीय तुच्छता र अहम्को प्वाल टाल्ने सल्लाह दिन्छन् भनी टिप्पणी गरेका छन् ।

डी.आर. पोखरेलले **चितवन महोत्सव स्मारिका** (चितवन उद्योग वाणिज्य सङ्घ, २०६१) को पृष्ठ ८८ मा *पचासको दशकमा प्रकाशित चितवनको गद्यसाहित्य* लेखमा तिलकराज शर्मा पौडेलको हास्यव्यङ्ग्य निबन्धको तालिकीकरण गरेर उनलाई चितवनको उत्कृष्ट हास्यव्यङ्ग्य निबन्धकारका रूपमा उल्लेख गरेका छन् ।

रमेश प्रभातले रामेश्वर पुस्तकालय तथा वाचनालयद्वारा प्रकाशित **स्मारिका** (२०६४) को पृष्ठ १२७ मा *चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन* लेखमा चितवनको गद्यसाहित्यको उत्थान र विकासका क्रममा तिलकराज शर्माको पार्टी खोल्ने धुनमा निबन्धको चर्चा गरेका छन् ।

रामबाबु घिमिरेले **दौरा सुरुवाल र टोपी आतङ्क** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, चितवन साहित्य परिषद्, चितवन, २०६५) को पृष्ठ 'क' को *निबन्धकार र निबन्धका बारेमा केही कुरा* शीर्षक भूमिका लेखमा तिलकराजलाई नेपाली हास्यव्यङ्ग्य निबन्धका दरिला हस्ताक्षर र चितवनका प्रमुख प्रतिभा मान्दै आफ्नो प्रतिभाको दोहनको मामलामा उनको साहित्यिक सक्रियता र त्यसको उचित मूल्याङ्कन हुँदै जानेछ भनेर शर्माको निबन्धकार व्यक्तित्वको चर्चा गरेका छन् ।

गोविन्दराज विनोदीले **दौरा सुरुवाल र टोपी आतङ्क** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, चितवन साहित्य परिषद्, चितवन, २०६५) को पृष्ठ 'ङ' को *दौरा सुरुवाल टोपी आतङ्कको दृष्टिसाक्ष्य* शीर्षक भूमिका लेखमा तिलकराज शर्मा पौडेल समाजमा प्रचलित सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक फाँटमा विविध पक्षीय विसङ्गति र विकृतिका अङ्गहरूलाई कुत्कुताएर हसाउन र मुटु नै छेड्ने व्यङ्ग्यको सुइरो रोप्न सक्ने एक आत्मपरक र अनौपचारिक शैलीमा निबन्ध लेख्ने निबन्धकार हुन् भन्ने उल्लेख गरेका छन् ।

यसप्रकार विभिन्न लेखकहरूले निबन्धकार तिलकराज शर्मा पौडेलका बारेमा फाट्टफुट्टरूपमा अत्यन्त थोरै चर्चा-परिचर्चा गरे तापनि उनका निबन्धकारिताको व्यापक अध्ययन-अनुसन्धान हुन सकेको पाइँदैन । त्यसैले प्रस्तुत **तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहमा हास्यव्यङ्ग्यकारिताको अध्ययन** शीर्षकको शोधपत्रमा उनका हास्यव्यङ्ग्य निबन्धकारिताको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यको हास्यव्यङ्ग्य निबन्धको उन्नति र प्रगतिमा निरन्तर रूपमा क्रियाशील स्रष्टाको सृजनाको अध्ययन गर्नु निश्चय पनि चुनौतीपूर्ण कार्य हो । तिलकराज शर्मा पौडेलका निबन्धहरूमा हास्यव्यङ्ग्यात्मक स्वर पहिल्याएर त्यसका बारेमा विस्तृत अध्ययन गर्नका लागि पनि यो अध्ययन-अनुसन्धान स्वत: औचित्यपूर्ण ठहर्छ । तिलकराज शर्मा पौडेलका निबन्धहरूमा हास्यव्यङ्ग्यका विविध पाटाहरूको उल्लेख गर्दै नेपाली साहित्यको हास्यव्यङ्ग्य निबन्धका क्षेत्रमा उनको योगदानलाई निरूपण गर्नुमा नै यस शोधपत्रको औचित्य र महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

यो शोधपत्र हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहमा हास्यव्यङ्ग्यकारिताको अध्ययनसँग सम्बन्धित रहेको छ । हास्यव्यङ्ग्य निबन्धकार शर्माका निबन्धहरूको अध्ययन-अनुसन्धान गरेर मूलत: निबन्धभित्र पाइने हास्यव्यङ्ग्यको स्वरलाई पहिचान गर्नु यसको क्षेत्र रहेको छ, त्यसैले उनका प्रत्येक निबन्धलाई हास्यव्यङ्ग्यात्मक तरिकाले पहिचान गरिएको छ तापनि उनका फुटकर रचनाहरूको अध्ययन नगर्नु र हास्यव्यङ्ग्यको सैद्धान्तिक पक्षको सामान्य चर्चा गर्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

व्यवस्थित तरिकाले सङ्कलित सामग्रीबाट शोधकार्य सहज तरिकाले सम्पन्न हुन्छ । यस शोधपत्रको तयारीका क्रममा सामग्री सङ्कलन गर्ने पुस्तकालयीय विधि अपनाइएको छ । यसका लागि हास्यव्यङ्ग्यको सैद्धान्तिक पक्षसँग सम्बन्धित पुस्तक र शोधनायकका प्रकाशित हास्यव्यङ्ग्यका पुस्तकहरूको अध्ययन-विश्लेषणका लागि विभिन्न पुस्तकालयमा गई सामग्रीसङ्कलन गरिएको छ । यसका साथै हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलसँग मौखिक अन्तर्वार्ता र उनीसँग राम्रो परिचय भएका सम्बन्धित विज्ञहरूसँग लिखित अन्तर्वार्ता लिएर पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोध विधि र सैद्धान्तिक ढाँचा

हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहमा हास्यव्यङ्ग्यात्मकताको अध्ययन कार्यमा वर्णनात्मक शोधपद्धति अँगालिएको छ । सङ्कलित सामग्रीको व्याख्या-विश्लेषणको लागि आवश्यकताअनुसार विवरणात्मक, परिचयात्मक तथा व्याख्यात्मक विधि अपनाइएको छ । कृति विश्लेषणका लागि समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिएको छ । आख्यानेतर नवगद्य

संरचनाको रूप मानिने निबन्धका शिल्पस्वरूपहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेर हास्यव्यङ्ग्यका रचनात्मक धर्महरूका आधारमा निबन्धहरूको विश्लेषण गर्दै तिलकराज शर्मा पौडेलका निबन्धहरूमा हास्यव्यङ्ग्यको स्वरूप पहिचान गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि प्रस्तुत शोधपत्रलाई सात परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :–

**पहिलो परिच्छेद** **शोधपत्रको परिचय**

यस परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यसमा समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोध विधि र सैद्धान्तिक ढाँचा र शोधकार्यको रूपरेखा रहेका छन् ।

**दोस्रो परिच्छेद** **साहित्यकार तिलकराज शर्मा पौडेलको जीवनी र व्यक्तित्वको परिचय**

यस परिच्छेदमा साहित्यकार तिलकराज शर्मा पौडेलको जीवनी र व्यक्तित्वको सामान्य परिचय दिइएको छ । यसमा जीवनी, वंश परम्परा र बाल्यकाल, पारिवारिक स्थिति र आजीविका, शिक्षा र रोजगार, विवाह र सन्तान, पुरस्कार तथा सम्मान, रुचि र भ्रमण, जीवनदर्शन, बाह्य र आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व, धार्मिक व्यक्तित्व, सम्पादकीय व्यक्तित्व, प्रशासकीय व्यक्तित्व र अन्य व्यक्तित्व रहेका छन् ।

**तेस्रो परिच्छेद** **निबन्धको सैद्धान्तिक परिचय तथा हास्यव्यङ्ग्यात्मक निबन्धको सैद्धान्तिक स्वरूपको अध्ययन**

यस परिच्छेदमा निबन्धको सामान्य परिचय तथा हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक स्वरूपको अध्ययन गरिएको छ । यसमा निबन्धको परिचय, हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक स्वरूपको अध्ययन, हास्य र व्यङ्ग्य, हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय र पाश्चात्य चिन्तन, हास्य

उत्पत्तिको कारण, हास्यका भेदहरू, व्यङ्ग्यसम्बन्धी पूर्वीय चिन्तन, ध्वनिवादका सन्दर्भमा व्यङ्ग्यको पहिचान, पाश्चात्य चिन्तनमा हास्यव्यङ्ग्य परम्परा, पाश्चात्य साहित्यमा प्रचलित हास्यव्यङ्ग्य स्वरूपको परिचय, नेपाली साहित्यमा हास्यव्यङ्ग्यको पृष्ठभूमि र विकास रहेका छन् ।

**चौथो परिच्छेद** **तिलकराज शर्मा पौडेलका प्रकाशित निबन्धसङ्ग्रहहरूको अध्ययन**

यस परिच्छेदमा शर्माका प्रत्येक निबन्धहरूको अध्ययन गरिएको छ । जसमा पार्टी खोल्ने धुनमा र दौरा, सुरुवाल र टोपी आतङ्क निबन्धसङ्ग्रहको अध्ययन गरिएको छ ।

**पाँचौ परिच्छेद** **तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहहरूमा हास्यव्यङ्ग्यको प्रयोग**

यस परिच्छेदमा शर्माका निबन्धसङ्ग्रहहरूमा हास्यव्यङ्ग्यको प्रयोगको अध्ययन गरिएको छ । जसमा राजनीतिक व्यङ्ग्य, धार्मिक व्यङ्ग्य, सामाजिक व्यङ्ग्य, पर्व एवम् सांस्कृतिक व्यङ्ग्य, आर्थिक व्यङ्ग्य, साहित्यिक व्यङ्ग्य, भाषिक व्यङ्ग्य र पात्रिक व्यङ्ग्य रहेका छन् ।

**छैटौ परिच्छेद** **नेपाली हास्यव्यङ्ग्य निबन्धमा तिलकराज शर्मा पौडेको योगदान**

यस परिच्छेदमा तिलकराज शर्मा पौडेलले हास्यव्यङ्ग्यात्मक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । जसमा चितवनको हास्यव्यङ्ग्य अवस्था र हास्यव्यङ्ग्य निबन्धमा शर्माले पुऱ्याएको योगदानको विश्लेषण गरिएको छ ।

**सातौ परिच्छेद** **उपसंहार**

यस परिच्छेदमा समग्र परिच्छेदहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसरी प्रत्येक परिच्छेदलाई अलग-अलग अध्ययन गरी आन्तरिक र बाह्य संरचनाद्वारा सन्दर्भग्रन्थसूचीका साथै परिशिष्ट खण्डसमेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद : दुई

# निबन्धकार तिलकराज शर्मा पौडेलको जीवनी र व्यक्तित्व

## २.१ पृष्ठभूमि

वि.सं २०११ मा बुबा जीवनाथ पौडेल तथा आमा रत्नमाया पौडेलको कोखबाट तनहूँ जिल्लाअन्तर्गत थप्रेक गा.वि.स. आरुस्वाँरामा जन्मेका तिलकराज शर्मा पौडेल नेपाली साहित्यको हास्यव्यङ्ग्यात्मक निबन्ध साहित्यका एक कुशल स्रष्टा हुन् । वि.सं २०२८ देखि हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनमा लागेका शर्मा आधुनिक पुस्ताका क्रियाशील निबन्धकार हुन् । उनका निबन्धले व्यङ्ग्यको माध्यमबाट पाठकहरूलाई पेट मिचिमिची हँसाउँछन्, साथै समाजका विकृति र विसङ्गतिमाथि सिधै झटारो प्रहार गर्दछन् ।[1] स्थानीय स्तरका पत्रपत्रिकाका साथै राष्ट्रिय स्तरका पत्रपत्रिमा पनि यिनका निबन्धहरू बेला-बेलामा प्रकाशित हुने गरेका देखिन्छन् । विशेषगरेर चितवनको हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनमा सक्रिय रहेका शर्माका दुईवटा हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह **पार्टी खोल्ने धुनमा** (२०५२) र **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) प्रकाशित छन् । तिलकराज शर्मा पौडेलमा साहित्यिक व्यक्तित्वको अतिरिक्त प्रशासकीय, राजनीतिक, सामाजिक, धार्मिकजस्ता बहुआयामिक व्यक्तित्व पाइन्छ ।[2] नेपाली हास्यव्यङ्ग्य निबन्धको श्रीबृद्धिमा लागेका निबन्धकार शर्माको साहित्य लेखनले अझै स्तरीयता प्राप्त गर्न सक्ने पूर्वसङ्केत देखिन्छन् ।[3] शर्माका निबन्धका मूल कथ्य आफू बाँचेको घरपरिवार, समाज र वर्तमान राजनीतिमा देखापरेका उतार चढावहरू रहेका छन् ।

### २.१.१ जीवनी

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी भन्ने बुझिन्छ ।[4] बाँचुञ्जेल गरेका कामको बयान वा जीवन चरित्रका रूपमा पनि जीवनको परिभाषा रहेको हुन्छ ।[5] आफूभित्र अन्तर्निहित प्रतिभालाई उजागर गर्दै समाजमा यश, कीर्ति स्थापित गर्न खोज्ने समाजका केही स्रष्टाहरूमध्ये साहित्य लेखनका माध्यमबाट आफूलाई चिनाउन सफल चितवन

---

[1] लक्ष्मणप्रसाद गौतमसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[2] रामबाबु घिमिरेसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[3] गोविन्दराज विनोदीसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[4] मीनादेवी घिमिरे, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अ.प्र. स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५९), पृष्ठ ११ ।
[5] रामचन्द्र ढुङ्गाना (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौ संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५७), पृष्ठ १८५ ।

जिल्लाका एक हास्यव्यङ्ग्य निबन्धकारको रूपमा तिलकराज शर्माको नाम अग्रपङ्क्तिमा लिन सकिन्छ । सार्थक जीवन नै इहलोक र परलोकमा समेत फलदायी हुन्छ भन्ने हाम्रो सनातन मान्यताका अनुयायी तिलकराज शर्मा आफ्ना साहित्यिक कृतिका माध्यमबाट युगौंयुगसम्म बाँच्ने अभिलाषा प्रकट गरेर आफूलाई चिनाउन तल्लीन रहिरहेका छन् । सामाजमा विद्यमान रहेका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, आर्थिक अनियमितता, दुराचारजस्ता गहन विषयलाई समेत हास्य र व्यङ्ग्यको माध्यमबाट झटारो हान्न सिपालु शर्मा भैरव अर्यालका अनुयायी निबन्धकार हुन् भन्न सकिन्छ ।[6] विशेष गरेर व्यङ्ग्य साहित्यमा सक्रिय रहेका शर्मा एक जुझारु निबन्धकार हुन् ।

### २.१.२ वंश परम्परा र बाल्यकाल

तिलकराज शर्मा पौडेलका पूर्खाहरू स्याङ्जा जिल्लामा पर्ने किचनास भन्ने स्थानबाट तनहूँ जिल्ला क्षेत्र नं. ३ अन्तर्गत पर्ने थप्रेक गा.वि.स.को आरुस्वाँरा भन्ने स्थानमा करिब २०० वर्ष अघिबाट बसोबास गर्दै आएको र पछि वि.सं. २०१० तिर बसाइँसराइकै क्रममा चितवन जिल्ला जुटपानी आएर हजुरबुबा बबनाथ पौडेल बसोबास गरेको जानकारी स्वयम् शर्माबाट प्राप्त भएको छ ।[7]

आफ्नो जन्मस्थान आरुस्वाँरामा बाल्यकालीन समय बिताएका शर्माले वनमा कटुस, तीजु, ऐसेलुँ जस्ता फलफूल खाँदै खेलेको स्मरण अहिलेसम्म ताजा रहेको सम्झना गर्छन् ।[8] जन्मभूमि आरुस्वाँराबाट पश्चिमतर्फ गगनगौंडा, पारीपाखा तालखोलामा पौडी खेलेको र साथी सङातीहरूसँगै उत्तरतर्फ अन्नपूर्ण हिमालमाथि हिउँ जमेको दृश्य देखेर आफूहरू निकै रोमाञ्चित बनेको अनुभव स्वयम् शर्माबाट प्राप्त भएको छ ।[9] पहाडी परिवेशको हरियाली डाँडा-काँडा, खोला-नाला, पहाड-पर्वत, उकाली-ओरालीको सेरोफेरोमा उनका बाल्यकालीन जीवन सुखपूर्वक बितेको जानकारी पाइन्छ ।

### २.१.३ पारिवारिक स्थिति र आजीविका

शैक्षिक तथा आर्थिक स्थितिका दृष्टिले शर्माको पारिवारिक अवस्था राम्रो देखिन्छ । वि.सं. २०१० मा चितवन झरेका हजुरबुबा बबनाथ पौडेल औलो रोगको डरले पुनः पहाड फर्के पनि बुबा जीवनाथ भने २०१३ सालमा जुटपानीबाट रत्ननगर बजारमा आई चिया पसल गरी बस्न थाले । घर गृहस्थी चलाउनको लागि चिया पसल, खेतीपातीका साथै तत्कालीन राष्ट्रिय प्राथमिक पाठशाला

---

[6] रामबाबु घिमिरेसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[7] तिलकराज शर्मासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[8] ऐजन ।
[9] ऐजन ।

बकुलहर हालको नेपाल उच्च मा.वि. र.न.पा.मा संस्थापक शिक्षकको रूपमा रही बुबा जीवनाथले काम गरेको जानकारी शर्माबाट प्राप्त हुन्छ ।[10] तर तिलकाज शर्मा भने २०१५ सालतिर मात्र चितवन झरेर उच्च शिक्षा हासिल गरेपछि सहिद स्मृति कलेजको रोजगारले झनै आर्थिक प्रगति गरेको देखिन्छ । कमाएर खान पुग्ने पुर्ख्यौली सम्पत्ति त्यसैमाथि श्रीमती मोतीमाया पौडेल पनि नेपाल उच्च मा.वि.मा शिक्षिकाको रूपमा कार्यरत भएकोले शर्मा परिवारले हालसम्म त्यस्तो कुनै आर्थिक सङ्कट बेहोर्नु नपरेको कुरा शर्माबाट प्राप्त हुन्छ ।[11] श्रीमान् श्रीमती दुवै जना शिक्षित भएका र रोजगारमा संलग्न रहेको हुँदा तिलकराज शर्माको पारिवारिक अवस्था आर्थिक रूपमा सुखदपूर्ण नै रहेको मान्न सकिन्छ ।

### २.१.४ शिक्षा र रोजगार

साहित्यकार तिलकराज शर्मा पौडेलको शैक्षिक स्थितिको अध्ययन गर्दा उनले अनौपचारिक शिक्षा आफ्नै स्व. पिता जीवनाथ पौडेलबाट प्राप्त गरेका हुन् । घरमै बुबाले अध्ययन गराउँदा भर्पाई, तमसुक, निवेदन लेख्ने, सामान्य हिसाब किताब राख्ने, दुनोट घोक्ने साथै चण्डी, रुद्री, वेद, गुणरत्नमालाका श्लोकहरू कण्ठस्थ पार्न सकेपछि मात्रै २०२० सालमा ९ वर्षको उमेरमा आफ्ना बुबासँग तत्कालीन राष्ट्रिय प्राथमिक पाठशाला बकुल्लहर हालको सौराहाचोकमा गएर औपचारिक शिक्षा प्राप्त गरेका हुन् । औपचारिक शिक्षाको निरन्तरताको स्नातकोत्तर तहसम्म आफ्नो अध्ययन पुऱ्याए तापनि स्नातकोत्तर तहको दुवै परीक्षामा सामेल भएर पनि आफ्नो व्यस्तताले उत्तीर्ण गर्न भने नसकेको देखिन्छ ।

वि.सं. २०३१ मा तत्कालीन नेपाल हाइस्कूल हाल नेपाल उच्च मा.वि.बाट एस.एल.सी. उत्तीर्ण गरेपछि विद्यार्थी जीवनमै नेपाल हाइस्कूलमा २०३० सालबाट मुखिया पदबाट सेवा प्रारम्भ गरी २०३२ सालसम्म त्यसकार्यलाई उनले निरन्तरता दिएको पाइन्छ । त्यस्तै गरी २०३३ साल जेठबाट पदमपुर स्थित राष्ट्रिय प्राथमिक विद्यालय सहपुरमा एक वर्ष सेवा गरेको पाइन्छ र २०३७ साल मङ्सिर १० गतेबाट सहिद स्मृति बहुमुखी क्याम्पस (तत्कालीन श्री कमर्स क्याम्पस) मा प्रशासकीय सहायकको रूपमा प्रवेश गरी सह-प्रशासकको रूपमा कार्य गरेको जानकारी स्वयम्

[10] तिलकराज शर्मासँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[11] ऐजन ।

शर्माबाट नै प्राप्त भएको छ ।[12] यसरी विद्यार्थी अवस्थाको कलिलो उमरेदेखि पचास वर्षको उमेरसम्म रोजगारमा संलग्न भई उनले हाल जागिरबाट अवकास प्राप्त जीवन बिताइरहेका छन् ।

### २.१.५ विवाह र सन्तान

तिलकराज शर्माको वि.सं. २०३० मा आफ्नै सहपाठी मोतीमाया अधिकारीसँग परम्परागत मागी विवाह भएको हो ।[13] हाल उनीहरूका तीन छोरी र एक छोरा रहेका छन् र ती सबैको विवाह भैसकेको र सबैबाट सन्तान भैसकेकाले शर्मा दम्पती ७ वटा नाति नातिनीका हजुरबुबा भैसकेको जानकारी प्राप्त भएको छ ।

### २.१.६ पुरस्कार तथा सम्मान

साहित्यकार तिलकराज शर्मा पौडेलले साहित्य क्षेत्रमा दिएको योगदानका साथै धार्मिक कार्यक्रममा पुऱ्याएको सहयोग र सामाजिक सङ्घ-संस्थाहरूमा संलग्न भई समाज सेवा गरेवापत् उनले थुप्रै प्रशंसा र सम्मान प्राप्त गरेका छन् । शर्माले हालसम्म प्राप्त गरेका पुरस्कार तथा सम्मानलाई कालक्रमिक रूपमा आयोजक संस्थाको नामसहित यसरी प्रस्तुत गर्न सकिन्छ -

क. रसरङ्ग प्रतियोगिता २०३७ द्वारा पुरस्कृत एवम् सम्मानित (आयोजक नेपाल परिवार नियोजन सङ्घ, चितवन) ।

ख. तत्कालीन श्री ५ को सरकार (हाल नेपाल सरकार) शिक्षा मन्त्रालय राष्ट्रिय शिक्षा समितिबाट स्वर्णपदक सहित पुरस्कृत एवम् सम्मानित २०४४ (आयोजक त्रिभुवन विश्वविद्यालय) ।

ग. शहीद स्मृति बहुमुखी क्याम्पस स्वर्णपदक २०५७ बाट पुरस्कृत एवम् सम्मानित (आयोजक शहीद स्मृति बहुमुखी क्याम्पस रत्ननगर) ।

घ. समाजसेवा सम्मान २०५८ (आयोजक सञ्जीवनी तुलसी सेवा प्रतिष्ठान काठमाडौँ) ।

ङ. श्रीकृष्ण प्रणामी विद्वत् सम्मान २०५९ (आयोजक श्रीकृष्ण प्रणामी मन्दिर नजरपुर, रौतहट) ।

च. स्वर्णजयन्ती सम्मान २०६० हास्यव्यङ्ग्य साहित्यतर्फ सम्मानित एवम् पुरस्कृत (आयोजक नेपाल उच्च मा.वि. रत्ननगर भूतपूर्व विद्यार्थी सङ्घ) ।

छ. अमेरिकाको नेस्मील टेनेसीद्वारा धर्म सभा सम्मान २००३ जुलाई ५ (आयोजक श्रीकृष्ण प्रणामी सेवा समिति, अमेरिका) ।

---

[12] तिलकराज शर्मासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[13] श्रीमती मोतीमाया पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

ज. बाल्मीकि साहित्य सम्मान २०६१ (आयोजक बाल्मीकि साहित्य परिषद् रत्ननगर नगरपालिका चितवन) द्वारा सम्मानित ।

झ. शैक्षिक तथा आध्यात्मिक पुरस्कार सम्मान २०६२ (आयोजक श्रीकृष्ण प्रणामी सत्सङ्ग परिषद् जिल्ला समिति माइधाम झापा) द्वारा सम्मानित ।

ञ. भक्तिज्ञान महायज्ञ सम्मान २०६२ (आयोजक श्रीकृष्ण प्रणामी मन्दिर रत्ननगर र १०८ पारायण मूल आयोजक समिति) बाट सम्मानित ।

ट. उद्योग वाणिज्य सङ्घ रत्ननगरद्वारा सम्मानित २०६२ (आयोजक उद्योग वाणिज्य सङ्घ रत्ननगर) ।

ठ. नेपाल उच्च मा.वि. सम्मान २०६३ (आयोजक नेपाल उच्च मा.वि. रत्ननगर, चितवन) ।

ड. नेपाल ज्योति स्वर्ण स्मारिका २०६३ (आयोजक नेपाल उच्च.मा.वि. रत्ननगर, चितवन) द्वारा सम्मानित ।

ढ. कालिका स्रष्टा सम्मान २०६४ (आयोजक कालिका एफ.एम. ९५.२ भरतपुर, चितवन) ।

ण. श्री कृष्ण प्रणामी युवा परिषद् चितवनबाट सम्मानित २०६५ (आयोजक श्रीकृष्ण प्रणामी युवा परिषद् जिल्ला कार्यसमिति चितवन) ।

त. टेक्सास् एवार्ड हास्यव्यङ्ग्य कमेडी २०६६ (आयोजक नेपलिज सोसाइटी अफ टेक्सास् अमेरिका) ।

थ. एभरेष्ट मिडिया यू.एस.ए. आइ.एन.एन.सी. आइ.एस.ए. १०४.९ रेडियोबाट सम्मानित २०६६ (आयोजक यू.एस.ए. आइ.एन.एन.सी. आइ.एस.ए. १०४.९ रेडियो अमेरिका) ।

द. प्रतिभा पुरस्कार २०६७ (आयोजक चितवन साहित्य परिषद् चितवन) ।

यसरी हेर्दा तिलकराज शर्मा आफ्नो बहुमुखी व्यक्तित्वका कारण विभिन्न सङ्घ-संस्थाहरूबाट बेला-बेलामा सम्मानित भैरहेका छन् । यसले उनको बहुआयामिक व्यक्तित्वको पहिचान गराएको छ ।

### २.१.७ रुचि र भ्रमण

साहित्यसर्जक व्यक्ति भएर पनि सानो उमेरमा तिलकराज शर्माको रुचि विशेषत: खेलकुदमा थियो भन्ने कुराको पुष्टि आफ्नो विद्यार्थी जीवनमा कुशल भलिबल खेलाडी भएको कुरा स्वयम् शर्माबाट जानकारी प्राप्त भएको छ ।[14] खेलकै क्रममा उनको चेसमा पनि बढी रुचि रहेको छ ।

[14] तिलकराज शर्मासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

उनी लेखन र आध्यात्मिक चिन्तन तथा अध्ययनका साथै नाटक प्रदर्शन, निबन्ध लेखन, कविता, गीत, गजलमा समेत रुचि राख्दछन् । दुर्लभ पुस्तक सङ्कलन गर्ने शर्माको असल बानी भए पनि साथीबाट लिएको किताब भने फिर्ता नगर्ने खराब बानीलाई स्वयम् शर्माले नै स्वीकार गरेका छन् ।[15] सात्विक खानपिन गर्ने शर्माले मिठाई धेरै मन पराउने भएकाले मधुमेहको सिकार बनेका छन् । रुचिकै कुरा गर्दा धार्मिक तथा पर्यटकीय स्थलहरू घुम्न मन पराउने शर्मा बेला-बेलामा हिन्दी तथा नेपाली चलचित्रका साथै टेलिशृङ्खलाप्रति विशेष रुचि राख्दछन् । त्यस्तै समाचारमा पनि बि.बि.सी.नेपाली सेवाको २०३५ सालदेखि नियमित श्रोता रहेकाले समाचार क्षेत्रमा पनि यिनको विशेष रुचि रहेको छ । त्यस्तै गरेर मातृभूमिप्रति अगाध स्नेह राख्ने शर्माले नेपालका विभिन्न स्थानका साथै मित्रराष्ट्र भारतको भ्रमण गरेका छन् साथै अमेरिका, बेलायत र कोरियाको पनि भ्रमण गरेको कुरा शर्माले बताएका छन् ।[16] यसरी आफ्नो व्यक्तिगत तथा संस्थागत प्रयोजनका निम्ति शर्माले देशभित्र मात्र नभई देश बाहिर पनि भ्रमण गरेका छन् ।

### २.१.८ जीवनदर्शन

जीवन एक अनमोल अवसर हो । यसको सही सदुपयोग सेवा, परोपकार र सहअस्तित्वमा निर्भर हुन्छ भन्ने धारणा राख्ने शर्मा आध्यात्मिक दर्शनप्रति विशेष आस्था राख्ने व्यक्ति हुन् । मनुष्य जीवन सामाजिक चिन्तनका लागि ईश्वरले प्रदान गरेको वरदान हो । त्यसैले जीवन दर्शन चिन्तनको संयोगबाट नै मान्छे महान् बन्छ भन्ने विचार उनीभित्र पाइन्छ । समाजसेवा अन्तर्गत धर्म सेवा र राजनीति पनि पर्दछन् तर राजनीतिमा कपटता हुनु हुँदैन । धार्मिक भावनाबाट नै व्यक्तिको नैतिकतामा वृद्धि हुँदै जान्छ भन्ने विचार शर्मामा पाइन्छ । २०३६ सालबाटै हास्यव्यङ्ग्य फाँटमा औपचारिक यात्रा थालनी गरी वि.सं. २०३७ मा रामबाबु घिमिरेसँग राम-तिलक जोडी बाँधेका शर्मा आफ्ना मनभित्र रहेका कुण्ठालाई प्रेरक बनाएर त्यहीँबाट ऊर्जा निकाली हास्यव्यङ्ग्य लेख्ने रत्ननगरका रत्न नै हुन् ।[17] परम्परालाई प्रभावित पारी युग जीवनका सापेक्षतामा व्यङ्ग्य लेख्न सिपालु उनका निबन्धबाट सिङ्गो परम्पराको अध्ययन र विश्लेषणबाट मात्र प्रभाव र स्थान निर्धारण गर्न सकिन्छ ।[18] निबन्धका रचना धर्मितालाई पालना गर्दै निबन्ध लेख्ने शर्माका हरेक निबन्ध

---

[15] तिलकराज शर्मासँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[16] ऐजन ।
[17] धनराज गिरीसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[18] रामबाबु घिमिरेसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

रचनामा हास्य र व्यङ्ग्यको सन्तुलन पाइन्छ ।[19] चितवन जिल्लाका हास्यव्यङ्ग्य निबन्धकारहरूमध्येका एक सशक्त निबन्धकारका रूपमा परिचित शर्माका निबन्धहरूमा खास गरी राजनीतिक विषयवस्तुमा केन्द्रित रहेर विसङ्गतिमाथि प्रहार गरिन्छ ।[20] भैरव अर्यालको शैलीमा सङ्क्षिप्त तर घतलाग्दा हास्यव्यङ्ग्य निबन्ध लेख्न पोख्त उनका निबन्धहरू शब्दानुप्रासले समेत रोचक रहेका छन् ।[21] नेपाली हास्यव्यङ्ग्य साहित्याकाशमा शर्मा एक उज्ज्वल तारा हुन् । 'चिचिपापा' अर्थात् 'चितवन चिनाउने पात्रपात्राहरू' मध्ये एउटा हँसिलो र रसिलो पात्र शर्मा हुन् भने एउटै लाम्टो नचुसे पनि हामी राम-लखन हौँ भनी धनराज गिरीले शर्मासँगको आफ्नो सुसम्बन्धलाई स्पष्ट पारेका छन् ।[22] भौतिकवादभन्दा आध्यात्मिक चिन्तनमा विश्वास गर्ने शर्मा पुनर्जन्ममा विश्वास राख्दछन् । सामाजिक, सांस्कृतिक क्षेत्रमा सक्रिय रहेपनि शर्मा साहित्यकारका रूपमा बढी परिचित छन् ।

## २.२ व्यक्तित्व

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्ति विशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[23] त्यस्तै कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने क्रममा व्यक्ति विशेषले गाउँ, समाज र सिङ्गो राष्ट्रमा छोड्ने उसको प्रतिभा र क्षमताको गहन, स्पष्ट र सारगर्भित छापलाई नै व्यक्तित्व भनिन्छ ।[24] यसरी मानिसले सामाजिक परिवेशमा जिउने क्रममा विविध क्षेत्रमा हात हाल्दछ र त्यही क्षेत्रमा निरन्तरता दिई आफ्नो छुट्टै व्यक्तित्व निर्माण गर्दछ । समाजका विविध क्षेत्रमा सक्रिय रहेका स्रष्टा तिलकराज शर्मा पौडेलको व्यक्तित्वलाई विभिन्न शीर्षकमा चर्चा गर्न सकिन्छ ।

---

[19] ऐजन ।
[20] रविकिरण निर्जीवसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[21] ऐजन ।
[22] धनराज गिरीसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।
[23] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०४०, पुन : मुद्रण : २०५५) पृ.१२४२ ।
[24] गंगाकुमारी (सुवेदी) भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अ.प्र. स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५९), पृ. ३० ।

### २.२.१ बाह्य व्यक्तित्व

पाँच फिट सात इन्च अग्लो, गहुँगोरो वर्ण, पातलो शरीर भए तापनि बाहिरबाट हेर्दा फुर्तिलो, जाँगरिलो र हृष्टपुष्ट शरीर नै तिलकराज शर्माको बाह्य व्यक्तित्व हो । झट्ट हेर्दा फुलेको कपाल, खुइलिएको तालु, सधैँ पालिरहने जुँगा, चस्मा सजाइरहने आँखा र साधारण पोसाक उनको बाह्य व्यक्तित्वको परिचायक हो भने श्रीकृष्णप्रणामी धर्ममा आस्थावान् र सक्रिय रहने, सबैसँग मित्रवत् व्यवहार गर्ने, मृदुभाषी व्यक्तित्वको रूपमा उनलाई लिन सकिन्छ ।

### २.२.२ आन्तरिक व्यक्तित्व

तिलकराज शर्मामा आन्तरिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा अध्ययन गर्न सकिन्छ ।

#### २.२.२.१ साहित्यिक व्यक्तित्व

वि.सं. २०२८ बाट साहित्य सृजनामा लागेका तिलकराज शर्मा विशेषत: हास्यव्यङ्ग्यात्मक निबन्ध साहित्यका सक्रिय स्रष्टा हुन् । वि.सं. २०२८ मा पहिलो कविता *मेरो सपना* तथा निबन्धतर्फ *अन्तर्राष्ट्रिय खैनी सम्मेलन* निबन्ध प्रकाशित गराएर नेपाली साहित्यमा पाइला टेकेका शर्माले विविध साहित्यिक सङ्घ-संस्थाहरूसँग आबद्ध रहेर साहित्यको सेवा गरिरहेको पाइन्छ । विशेषत: सामाजिक, राजनीतिक, धार्मिक तथा समसामयिक विकृति र विसङ्गतिप्रति झटारो हान्न सिपालु उनका हालसम्म दुईवटा हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह **पार्टी खोल्ने धुनमा** (२०५२) तथा **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) प्रकाशित भएका छन् भने *नूनको पर्खाइमा* (कवितासङ्ग्रह) *अमेरिकाका ऐँसेलु निकै मिठा थिए* (यात्रा संस्मरण) तथा *अध्यक्ष हुँ म* (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह) जस्ता कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेको कुरा स्वयम् शर्माबाट नै जानकारी प्राप्त भएको छ ।[25] यसका साथै फुटकर रूपमा गीत, गजल, आत्म संस्मरण लेखेर र प्रकाशित गराएर शर्मा गीतकार र गजलकारका रूपमा पनि चिनिएका छन् ।

#### २.२.२.२ सामाजिक व्यक्तित्व

साहित्यकार तिलकराज शर्माको सामाजिक क्षेत्रमा पनि उल्लेखनीय योगदान रहेको छ । समाजका विभिन्न सङ्घ-संस्थाहरूमा आबद्ध रहेर शर्माले सामाजिक क्षेत्रमा गरेको कार्य र योगदानलाई कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

[25] तिलकराज शर्मा पौडेलसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

क. चितवन साहित्य परिषद्को आजीवन सदस्य २०४५ सालदेखि ।

ख. नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य २०४५ सालदेखि ।

ग. बाल्मीकि साहित्य सदन रत्ननगरको आजीवन संस्थापक सदस्य २०४५ सालदेखि ।

घ. युवा परिषद् नेपालको केन्द्रीय सल्लाहकार २०४७-२०६७ सालसम्म ।

ङ. जीवन धारा दुग्ध उत्पादक सहकारी संस्था अमेलियाको संस्थापक सदस्य २०४९ सालदेखि ।

च. श्रीकृष्णप्रणामी सेवा समिति नेपालको केन्द्रीय उपाध्यक्ष २०५० सालदेखि हालसम्म ।

छ. सहिद स्मृति कलेज रत्ननगरको सञ्चालक समितिको सदस्य २०५०-२०५७ सालसम्म ।

ज. नेपाल उच्च मा.वि. रत्ननगरको व्यवस्थापन समितिको पूर्व अध्यक्ष २०५८-२०६० सालसम्म ।

झ. असहाय बृद्ध कल्याण समाज रत्ननगरको सदस्य सचिव २०५९ सालदेखि हालसम्म ।

ञ. श्री गुणराज पाठक स्मृति समाज कल्याण परिषद्का आजीवन सदस्य तथा कार्यसमिति सदस्य २०६१ सालदेखि हालसम्म ।

ट. सिस्नोपानी समाज हास्यव्यङ्ग्य सदन चितवनको अध्यक्ष २०६२ सालदेखि हालसम्म ।

यसरी शर्मा विभिन्न सङ्घ-संस्थाहरूसँग आबद्ध रहेर सामाजिक भावनाले कार्य गर्दै आएका छन् । त्यस्तै समाजमा गठित विभिन्न संस्थाहरूसँग आफू प्रत्यक्ष रूपमा आबद्ध नरहेपनि मन, वचन, कर्मले सहयोग गर्ने गरेको कुरा शर्माबाट जानकारी पाइएको छ ।[26] सामाजिक भावनाले ओतप्रोत रहेका शर्माले विभिन्न सङ्घ-संस्थाहरूसँग आबद्ध रहेर सामाजिक क्षेत्रमा विशेष योगदान गरेका छन् ।

### २.२.२.३ राजनीतिक व्यक्तित्व

विद्यार्थी जीवनबाटै राजनीतितर्फ आफ्नो झुकाव राख्दै आएका शर्मा कक्षा ८ मा अध्ययन गर्दा नै नेपाल विद्यार्थी सङ्घमा सक्रिय भएर लागेका थिए । वि.सं. २०२७ बाट नै विद्यार्थी हक, हित तथा देशमा विद्यमान पञ्चायती शासन व्यवस्था विरुद्ध लागेको अभियोगमा वि.सं. २०२८ पौष ७ मा तत्कालीन प्रहरी प्रशासनले गिरफ्तार गरी राजकाज अपराध ऐन अन्तर्गतको मुद्दामा ६ महिनासम्म शेरबहादुर देउवासँगै जेल बसेको कुरा शर्माबाट थाहा भएको छ ।[27] २०३२ सालमा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको स्व.वि.यु. सभापतिमा उम्मेदवारी दिएपछि उनको राजनीतिक जीवनमा झनै

[26] तिलकराज शर्मा पौडेलसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[27] ऐजन ।

उत्कर्षता आएको देखिन्छ । तिलकराज शर्मा आबद्ध रहेको राजनीतिक सङ्घ-संस्थाहरूको विवरण यसप्रकार छ:

क. ने.वि.सङ्घको पूर्व चितवनतर्फको अध्यक्ष २०२७-२०२८ सालसम्म ।

क. नेपाली काङ्ग्रेस प्रजातान्त्रिकको जिल्ला सदस्य २०५६ सालदेखि हालसम्म ।

ख. नेपाली काङ्ग्रेस नगर समितिको उपसभापति तथा कार्यवाहक सभापति २०५१-२०५२ सालसम्म ।

ग. रत्ननगर नगरपालिका २ नं. वार्डको वार्ड संयोजक २०५१-२०५२ सालसम्म ।

घ. नेपाली काङ्ग्रेस नगर समितिको सल्लाहकार २०६४ सालदेखि हालसम्म ।

यसका साथै शर्माले आफ्ना गीत, गजल, कविता, निबन्धमार्फत् २०६२-२०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा विशेष सहयोग पुऱ्याएका छन् ।

### २.२.२.४ धार्मिक व्यक्तित्व

तिलकराज शर्मा शुद्ध निरामिष भोजन प्रयोग गर्ने तथा श्रीकृष्णप्रणामी धर्मप्रति अगाध आस्था राख्दछन् । 'शुद्ध सात्विक भोजन गर्ने मन, वचन र कर्मले हिंसा नगर्नु र मानव सेवा नै धर्म हो' भनी धर्मको परिभाषा दिने शर्माको विविध धार्मिक सङ्घ-संस्थाहरूमा सहभागिता रहेको देखिन्छ । शर्माको धार्मिक सदस्यता स्थानीय स्तरदेखि अन्तर्राष्ट्रिय स्तरसम्म फैलिएको पाइन्छ जसको सिलसिलेवार प्रस्तुति यसप्रकार रहेको छ :

क. श्री कृष्णप्रणामी मन्दिर जिरौना चितवनको अध्यक्ष २०४५-२०६६ सालसम्म ।

ख. श्री कृष्णप्रणामी सेवा समिति डिल्लीबजार काठमाडौं नेपालको केन्द्रीय उपाध्यक्ष २०५०-२०६७ सालसम्म ।

ग. श्री नवतन धाम मन्दिर काठमाडौंको निर्माण समितिको केन्द्रीय उपाध्यक्ष २०५०-२०६६ सालसम्म ।

घ. श्रीकृष्णप्रणामी विश्वपरिषद् दिल्लीको कार्य समिति सदस्य २०५०-२०५५ सालसम्म ।

यसरी विभिन्न धार्मिक सङ्घ-संस्थाहरूसँग आबद्ध रहेका शर्माको धार्मिक व्यक्तित्व अनुकरणीय देखिन्छ ।

### २.२.२.५ सम्पादकीय व्यक्तित्व

तिलकराज शर्मामा अन्तर्निहित व्यक्तित्वहरूमध्ये सम्पादक व्यक्तित्व पनि एक हो । शर्माले विविध साहित्यिक तथा धार्मिक पत्रपत्रिकाहरूको सम्पादन गरी कुशल सम्पादकको भूमिका निर्वाह

गरेका छन् । चितवनबाट प्रकाशित भएका स्मारिकाहरू जस्तै **सहिद स्मारिका, वन्दना, जयनेपाल,** रत्ननगर उद्योग वाणिज्य सङ्घबाट प्रकाशित **स्मारिका** साथै काठमाडौं तथा झापाबाट प्रकाशित **ब्रह्म चिन्तन, निजानन्द चिन्तन, प्रकाशपुञ्ज, राजश्यामा, प्रणामी विश्व, संप्रेषण** त्रैमासिकजस्ता महत्त्वपूर्ण पत्रिकाहरूको सम्पादन कार्य गरी आफ्नो सम्पादक व्यक्तित्वलाई चिनाउन सफल भएका छन् ।

### २.२.२.६ प्रशासकीय व्यक्तित्व

आफ्नो जीवनको करिब ३० वर्ष शैक्षिक क्षेत्रमा कार्य गरेका शर्मा एक कुशल प्रशासक पनि हुन् । वि.सं. २०३० मा नेपाल हाई स्कूल रत्ननगरको मुखिया पदबाट प्रशासनिक कार्य प्रारम्भ गरेका शर्माले २०३३ सालमा राष्ट्रिय प्राथमिक विद्यालय सहपुरमा शिक्षक हुँदै २०३७ सालबाट सहिद स्मृति क्याम्पस (तत्कालीन श्री कमर्श क्याम्पस) का सहप्रशासक पदमा रहेर प्रशासन फाँटमा आफ्नो दक्षता देखाएका छन् । विशेषत: तिलकराज शर्मा आफ्नो जिम्माको काम तुरुन्तै गरिहाल्ने र अरूलाई पनि सहयोग गर्ने कुशल प्रशासक हुन् ।[28] २०३७ बाट २०५९ सालसम्म २० वर्ष सेवा पुगेपछि अनिवार्य अवकाश नीतिअनुसार सहिद स्मृति क्याम्पसबाट सेवा निवृत भए पनि पुन: २०६१ साल मङ्सिर २१ देखि सह-प्रशासककै रूपमा करार सेवामा कार्य गरी २०६४ साल माघ १३ गते अवकाश लिँदासम्म पनि उनले कुशलतापूर्वक आफ्नो जिम्मेवारी वहन गरेको जानकारी निज स्वयम्बाट प्राप्त भएको छ ।[29] यसरी आफ्नो पेसाप्रति समर्पित हुँदै आफ्नो जीवनका लगभग साढे तीन दशक शिक्षा क्षेत्रमा अर्पण गरेका शर्मा एक कुशल प्रशासक हुन् ।

### २.२.३ अन्य व्यक्तित्व

साहित्यकार तिलकराज शर्मामा साहित्यिक सामाजिक, राजनीतिक, धार्मिक, सम्पादक, प्रशासकीय जस्ता विविध व्यक्तित्वका साथै उनको भलिबल खेल एवम् विभिन्न प्रहर्सनमा विशेष अभिरुचि रहेको भेट्न सकिन्छ । वीरेन्द्र क्याम्पसमा अध्ययनरत रहँदा भलिबल टिम निर्माण गरी जिल्ला स्तरीय प्रतियोगिता जितेको कुरा थाहा हुन्छ । भलिबल खेल्न पाए खानपान पनि बिर्सन सक्ने उनी बताउँदछन् ।

---

[28] तिलकराज शर्मासँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[29] रामबाबु घिमिरेसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

## २.३ निष्कर्ष

वि.सं. २०११ असोज १४ गते जन्मेका तिलकराज शर्मा पौडेल आधुनिक नेपाली साहित्यको हास्यव्यङ्ग्यात्मक निबन्ध विधाका सक्रिय निबन्धकार हुन् । वि.सं. २०२८ मा *अन्तर्राष्ट्रिय खैनी सम्मेलन* निबन्ध प्रकाशित गराएर नेपाली निबन्ध साहित्यमा प्रवेश गरेका शर्माले विशेषत: हास्य र व्यङ्ग्यका माध्यमबाट समाजका विकृति र विसङ्गतिप्रति तीव्र प्रहार गरेका छन् । साहित्य लेखनका अतिरिक्त सामाजिक, राजनीतिक, धार्मिक क्रियाकलापमा विशेष अभिरुचि राख्ने शर्माले विविध सङ्घ-संस्थाहरूमा आबद्ध रहेर समाजको विकासको लागि उल्लेखनीय योगदान पुऱ्याएका छन् । आध्यात्मिक जीवनलाई आत्मसात गर्ने शर्मा श्रीकृष्णप्रणामी धर्मका अनुयायी भक्त हुन् । आफ्नो व्यक्तित्वलाई झल्काएर समाजमा आफ्नो सम्मानित स्थान बनाउन चाहने शर्माले बेला-बेलामा धेरै सङ्घ-संस्थाहरूबाट पुरस्कृत, अभिनन्दित तथा सम्मानित हुने सु-अवसर प्राप्त गरेका छन् । नेपाली साहित्यको निबन्ध विधामा कुशलतापूर्वक कलम चलाउँदै आएका शर्माका हालसम्म **पार्टी खोल्ने धुनमा** (२०५२) तथा **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) जस्ता कृति प्रकाशित भैसकेका छन् । हास्य र व्यङ्ग्यका माध्यमबाट पाठकहरूलाई पेट मिचीमिची हसाउँदै समाजका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । यसरी चितवनको हास्यव्यङ्ग्य निबन्ध विधामा शर्माले छुट्टै पहिचान कायम गरेका छन् ।

# परिच्छेद : तीन

# निबन्धको परिचय र हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप

## ३.१ निबन्धको परिचय

नेपाली साहित्यका विविध विधाहरूमध्ये निबन्ध सबैभन्दा कान्छो साहित्यिक विधा हो । मनमा भएका कुराहरूलाई लिखित रूपमा अभिव्यक्त गरिएको निबन्ध एक प्रकारको कुरा गराइ हो ।[30] साहित्यको विधागत सृजनाको समष्टि इतिहासमा आदिकाल गद्य र पद्यविधाका दुई फाँटमा विभाजित भएको पाइन्छ । अभिनय र पाठ्यमा विभाजित गरेर गद्यलाई पनि गेय र अभिनयका आधारमा विभाजित गरिएको छ । पद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा विधाको रूपमा सृजना हुन थालेको पाइन्छ ।[31] निबन्ध संस्कृत व्याकरणको शब्दनिर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द हो ।[32] नि:शेष हिसाबले बाँध्ने काम गर्नु अर्थात् भाव, विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्ग्रहित गर्नु र निजात्मक अभिव्यक्ति दिनु यसको अर्थ हुन आउँछ । मान्छेको जीवन क्षितिजको वारपार यत्रतत्र फैलिँदै जान्छ र उसका अनुभव, ज्ञान र चिन्तनहरू तीव्रतर हुँदै अभिव्यक्तिको निम्ति छट्पटाउन थाल्दछन्, फलस्वरूप मनका अभिव्यक्तिहरूले विचार विनियमको माध्यमबाट सुगमताको खोजी गर्न थाल्दछन् । यसैको प्रेरणास्वरूप भाषालाई घचघच्याउँछ, वाङ्मयका वैविध्यहरू जुर्मुराउँछन् र फलस्वरूप गद्यको गर्भबाट निबन्ध कोरलिन पुग्दछ ।[33] प्रारम्भिक समयमा पद्यमा मात्र सीमित रहेको साहित्यले गद्यको विकासपश्चात् निबन्ध विधामा धेरै मात्रामा सफलता प्राप्त गरेको छ ।

पाश्चात्य जगत्को अङ्ग्रेजी साहित्यमा निबन्धको पर्यायवाची शब्द एस्से हो । अङ्ग्रेजी साहित्यमा एस्सेलाई पद्यरचनाको रूपमा र बेलायती शासक जेम्स प्रथमले पनि आफ्ना पद्यात्मक

---

[30] भैरव अर्याल (सम्पा.), **साझा निबन्ध,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३०), पृ. १ ।

[31] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** चौथो संस्क. (काठमाडौँ : पाठ्यसामग्री प्रकाशन, २०६३), पृ. १ ।

[32] ऐजन ।

[33] मोहनराज शर्मा (सम्पा.), **नेपाली निबन्ध,** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०४८), पृ. १ ।

कृतिलाई एस्से मानेका छन् ।[34] १६ औँ शताब्दीपछिमात्र गद्य विधाका रूपमा मान्न थालिएको निबन्ध विधाका पहिलो जन्मदाता फ्रान्सेली स्रष्टा तथा निबन्धकार मिचेल डि मोन्तेन हुन् ।[35] विश्वसाहित्यको इतिहासमै कान्छो विधाको रूपमा रहेको निबन्ध विधाले हालसम्म चार शताब्दीको समयावधि पार गरेको छ । पाश्चात्य निबन्धको क्षेत्रमा मोन्तेनपछि फ्रान्सिस बेकनलगायत अङ्ग्रेजी समीक्षकहरूको प्रवेश देखिन्छ ।

निबन्ध स्रष्टाको विशेष मनोदशामा सृजना हुने सङ्क्षिप्त आयतनको कृति हो । यो अपूर्णता र पूर्णताको सङ्गमबिन्दुमा टिकेको हुन्छ अर्थात् अपूर्णतामा र पूर्णताको अन्वेषण गर्न प्रयत्न गरिने रचना हो ।[36] विराट्ताको प्रतिबिम्बन गर्ने रचना विधा सूक्ष्म आयतनको हुन्छ । लेखकप्रति पाठक नि:सर्त आत्मीय बन्छ, आकर्षित हुन्छ, उसका निबन्धका माध्यमबाट उसको आन्तरिक संवेदनाको स्तरसम्म अविराम यात्रा गर्दछ । पाठकले लेखकसँगै सहभागी बनेर उसका सबै निजी भावनाको अस्तित्व विलयन गरेर लेखकसँगै तदात्मकता राख्दछ, यही नै निबन्धको उद्देश्य पनि हो ।[37]

निजी अभिव्यक्ति दिने गद्यविधाको पहिचानलाई प्रस्तुत गरिदिन पर्ने कुराको थालनी पनि सोह्रौँ शताब्दीदेखि नै भएको हो, तर निबन्धगत अवधारणाको पूर्वाभास भने ईशापूर्वकै समयमा प्लेटो र अरस्तुले दिएका सम्भाषणहरू होरेस र लोञ्जाइनसका लेखनले दिएका सन्देशहरू निबन्धका प्राग्भूमि भएका छन् ।[38] निबन्धको सचेत लेखन भने फ्रान्सका मिचेल डि मोन्तेन र ब्रिटेनका फ्रान्सिस बेकनको आगमनपछि मात्र आरम्भ भएको हो । पूर्वमा माधवी र मैत्रेयीका प्रवचन शङ्कराचार्य, याज्ञवल्क्य र दण्डी, वाणभट्ट र आनन्दबर्द्धनका शास्त्रीय गद्यमा निबन्धको छनक पाइए पनि आधुनिक परिभाषाको निबन्ध भने पूर्वमा वङ्गसाहित्यमा बाबु गुलाब राय, हिन्दी साहित्यमा भारतेन्दु हरिश्चन्द्र र हजारीप्रसाद द्विवेदी र नेपाली साहित्यमा शम्भुप्रसाद ढुङ्गेल र वेदनिधि शर्मालगायतका निबन्धकारहरूको आगमनपछि मात्र उपयुक्त ढङ्गले सृजना हुन लागेको तथ्य सम्बन्धित सामग्रीहरूको अध्ययनबाट प्राप्त हुन्छ ।[39] विशेष मनोदशामा लेखिए पनि सामान्य स्थितिमा प्रतिपादन हुनु, गैर अनुसन्धानमूलक र स्वतन्त्र लेखन देखिनु, पाठकले लेखकका कथनप्रति नि:सर्त समर्थन गर्नु, साथै लघु कलेवरभित्र विराट् चिन्तनको स्थापना हुनुजस्ता कुराहरू निबन्धका उद्देश्यपरक अर्थ हुन् ।

## ३.२ हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक स्वरूपको अध्ययन

[34] कृष्णप्रसाद आचार्य, **पूर्वआधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध,** (काठमाडौँ : क्षितिज प्रकाशन, २०६३) पृ. ५८६ ।

[35] ऐजन ।

[36] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. २ ।

[37] ऐजन ।

[38] ऐजन ।

[39] ऐजन ।

नेपाली निबन्ध विधाको चर्चित तथा रोचक हास्यव्यङ्ग्य निबन्धले वर्तमान समयमा आफूलाई विकसित गर्दै एक रोचक विधाका रूपमा चिनाउन सफल भएको देखिन्छ । हाँस्नु अर्थमा प्रयोग हुने 'हस्' धातुमा 'य' प्रत्यय लागेर हास्य शब्द बन्दछ । हाँस्न योग्य अर्थात् हाँसोको पात्रजस्ता अर्थ आउने यो शब्द प्रकाशन गर्नु अर्थात् सञ्चारण गर्नु भन्ने अर्थमा प्रयोग हुने 'अञ्ज्' धातुमा 'वि' उपसर्ग र 'य' प्रत्यय लागेर (वि+अञ्ज+य) ज् को ग र ञ् को ङ भएपछि व्यङ्ग्य शब्द तयार हुन्छ ।[40] हास्यव्यङ्ग्यलाई स्वतन्त्र साहित्यिक विधाको रूपमा लिइएको छैन र यो आफैंमा स्वतन्त्र विधा पनि होइन । साहित्यको जुनसुकै विधाको पाटोमा पनि हास्यव्यङ्ग्य मिसिएर आउन सक्दछ र नआउन पनि सक्दछ । अनि हास्य र व्यङ्ग्य पनि फरक-फरक तत्त्व भए तापनि यी दुवैलाई अन्तर्मिश्रण गरेर प्रयोग गर्ने परम्परा रहेको छ । साथै हास्यमा व्यङ्ग्य लुक्ने र व्यङ्ग्यले हास्य उत्पन्न गर्ने हुँदा यी दुवैमा घनिष्ठ सम्बन्ध रहेको देखिन्छ । सामान्य अर्थमा भन्नुपर्दा जुन कुरा हाँस्न लायक छ अथवा जे देखे-सुनेर हाँसो उठ्छ, त्यसलाई हास्य भनिन्छ । साहित्यमा हास्य नामको रस पनि छ, जसको स्थायी भाव 'हास' वा हाँसो हो । पाठक, स्रोता वा दर्शकहरूको हृदयमा हास्यरसका विभाव, अनुभाव, व्यभिचारीभावको संयोगद्वारा अभिव्यक्त हुने हास वा हाँसो नामक स्थायी भावको सञ्चरण भएपछि हास्य अनुभूति हुन्छ ।[41] हास्य नवरसमध्ये एक रस भए जस्तै व्यङ्ग्यचाहिँ व्यञ्जनाधर्म हो, यसको अर्थ बाङ्गो वा छेडपेच हुन्छ ।[42] नेपाली साहित्यमा हास्यले जस्तै व्यङ्ग्यले पनि राम्रो स्थान ओगटेको पाइन्छ । पाठक, दर्शक, श्रोतालाई सर्वप्रथम विविध हँसिला-ठट्यौला शब्द, वाक्य र अभिव्यक्तिले फकाउँदै-फुल्याउँदै अत्यन्त संवेदनशील गराएर हाँस्ने अवस्थामा पुऱ्याइन्छ अनि तत्काल के कुरालाई लक्षित गरिएको हो अथवा के कुरामाथि व्यङ्ग्य गर्नुपर्ने हो त्यही कुरालाई मर्मभेदी रूपमा चिमोटिन्छ वा प्रस्तुत गरिन्छ ।[43] त्यसैले साहित्यको हास्यरसबाट प्रभावित केही हाँसो र केही व्यञ्जनाशक्तिबाट प्रभावित केही व्यङ्ग्यार्थ ग्रहण गरेर प्रस्तुत हुने गरेको हास्य र व्यङ्ग्य नै नेपालीमा प्रयुक्त हास्यव्यङ्ग्य हो तथापि हास्यरस र व्यञ्जनाशक्तिझैँ अभिव्यञ्जना नभई यो झन्डै व्यङ्ग्यविनोद जस्तै देखिन्छ । सैद्धान्तिक स्तरमा हास्यव्यङ्ग्य मानव-जीवनका बहुमुखी अनुभवप्रणाली, क्रियाकलाप पुञ्ज एवम् कलात्मक सचेतना तथा तिनका माध्यम र रूपका वैविध्यसँग सम्बद्ध रहँदै आएको मिश्रित एवम् विशेष प्रकारको अनुभव, क्रिया र कलात्मक सचेतना एवम् रूप माध्यमको हैसियतले चिनिन आउँछ ।[44]

---

[40] उत्तमकृष्ण मजगैयाँ, **प्रवाह स्मारिका** (बृहत् नेपाली हास्यव्यङ्ग्य गोष्ठी, दाङ, नेपाली लेखक सङ्घ, २०५७), पृ. ५ ।

[41] नारायणप्रसाद खनाल, **केही रहर केही ठहर,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९), पृ. १३८ ।

[42] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय,** पाँचौ संस्क., (काठमाडौं : रत्न पुस्तक भण्डार, २०४८), पृ. ३१ ।

[43] नारायणप्रसाद खनाल, **केही रहर केही ठहर,** पूर्ववत् ।

[44] वासुदेव त्रिपाठी, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ,* **प्रज्ञा** वर्ष २३, पूर्णाङ्क ८०, ने.रा.प्र.प्र., २०५१ ।

वस्तुका दृष्टिले निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका हुन्छन् । आत्मपरक निबन्धमा विषय प्रधान रहेको हुन्छ । वस्तुपरक निबन्धमा वैज्ञानिक र समाजशास्त्रीय शोधखोज, ऐतिहासिक तिथिमिति, परम्परागत तर्क, वैज्ञानिक सत्य-सिद्धान्त सूत्रहरूको व्याख्या-विश्लेषण गर्न सक्नेजस्ता विशेषता हुन्छन्, साथै यो निबन्ध प्रबन्धधर्मी हुन्छ । साहित्यका विविध विधाहरूको विभाजन गरेझैँ नै प्रस्तुतिगत शिल्पका हिसाबले निबन्धको वर्गीकरण गर्दा हास्यव्यङ्ग्य निबन्धले राम्रै स्थान जमाएको छ । हास्य र व्यङ्ग्य शब्दले साहित्यमा हास्यमिश्रित व्यङ्ग्यको प्रस्तुतीकरण भन्ने जनाउँदछ । जीवन र जगत्मा आएका सम्पूर्ण विकृति र विसङ्गतिका पक्षहरूको कमजोरी खोतल्ने र समाजका दुर्गन्धयुक्त नाली र खोल्सा-खोलाहरूलाई खोतल्ने र तिनको प्रशोधन एवम् परिष्कार गर्ने काम हास्यव्यङ्ग्यात्मक निबन्धले गरेको हुन्छ ।[45] पूर्वीय मतमा भरतमुनिले हास्यव्यङ्ग्यलाई स्मित, हसित, विहसित, उपहसित, अपहसित, परिहसित र अतिहसित गरी वर्गीकरण गरेका छन् ।[46] त्यस्तै पाश्चात्य मतमा भने हास्यव्यङ्ग्यलाई आठ प्रभेदहरू विकृति, परिहास, अतिरञ्जना, विहास, उपहास, वक्रोक्ति, वाग्वैदग्य र व्यङ्ग्य गरी वर्गीकरण गरेका छन् ।[47] नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखनको आरम्भ शक्तिवल्लभले वि.सं. १८५५ मा संस्कृत भाषामा लेखेको र एउटा अनुमानका अनुसार वि.सं १८५४ तिर नेपाली भाषामा अनुवाद गरेको संस्कृत भाषाको नाटक **हास्य-कदम्ब**बाट भएको हो ।[48] विधागत असचेतता रूपमा नेपाली साहित्यको प्राथमिककालीन समयबाटै हास्यव्यङ्ग्यको प्रयोग भए पनि विधागत सचेतताका साथ हास्यव्यङ्ग्यको सैद्धान्तिक मान्यतालाई पालन गर्दै व्यङ्ग्य विनोदको उत्थानमा भैरव अर्याल र केशवराज पिँडालीको विशेष योगदान रहेको छ र उनीहरूपछि धेरै स्रष्टाहरूले यस विधामा कलम चलाउँदै आइरहेका छन् ।

## ३.३ हास्य र व्यङ्ग्य

मानिसहरू सृष्टिको आदिम युगदेखि नै मनोविनोदी र लहडी स्वभावका भएका हुँदा प्रसन्नता, उपलब्धि र उमङ्गको अवसर पाएको बेला हाँस्ने गर्दथे । यसैकारणले मानवमनभित्र उत्पन्न हास्यात्मकतालाई उनीहरूले साहित्यिक अभिव्यक्तिका रूपमा प्रकाशमा ल्याउन थाले । फलत: त्यसपछि हास्यव्यङ्ग्य कृतिहरू लेखिन तथा सैद्धान्तिक रूपमा तिनको व्याख्या तथा विश्लेषण हुन थाल्यो । हास्य मान्छेका भावनात्मक उद्रेकको प्रतिच्छाया हो । व्यङ्ग्यचाहिँ प्रतिक्रियाका बीचबिन्दुको विकसित बोट हो ।[49] यसर्थ व्यङ्ग्य एक प्रकारको घोचपेच, छेडछाड हो भने मानवीय विकृति र

---

[45] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. ११ ।

[46] ऐजन ।

[47] ऐजन, पृ. १२

[48] भाउपन्थी, **आधुनिक नेपाली हास्यव्यङ्ग्य,** (काठमाडौं : ने.रा.प्र.प्र., २०६४), पृ. १ ।

[49] राजेन्द्र सुवेदी, हिरामणि शर्मा, **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५१), पृ. क ।

भनाइको विकृतिबाट हाँसो पैदा गर्न सकिन्छ । प्रारम्भिक समयमा सामान्य हास्यको रूपमा प्रस्फुटित भएको हास्यव्यङ्ग्य साहित्यले वर्तमान समयसम्म आइपुग्दा प्रयोजनमूलक प्रतिक्रिया समेत प्राप्त गरेको छ । हास्य अभिधा अर्थमा स्मित हो भने व्यञ्जना अर्थमा उपहास र परिहाससम्म पनि हो । साथै हास्य स्मित नरहेर उपहास वा व्यङ्ग्यका कोटीमा पुगेको देखिन्छ । हास्य र व्यङ्ग्य शब्दको मेलबाट तयार भएको हास्यव्यङ्ग्य शब्दले साहित्यमा हास्यमिश्रित व्यङ्ग्यको प्रस्तुतीकरण गर्छ भन्ने जनाउँदछ । सृष्टिको आदिकालदेखि क्रमिक रूपमा विकास हुँदै आएको हास्यव्यङ्ग्यात्मक साहित्यले वर्तमान अवस्थासम्म आइपुग्दा धेरै सफलता प्राप्त गरिसकेको देखिन्छ भने अझै बढी विस्तारका पूर्व लक्षणहरू देखा परेका छन् ।

## ३.४ हास्यव्यङ्ग्यसम्बन्धी चिन्तन

नेपाली हास्यव्यङ्ग्य साहित्यको परिभाषा, चर्चा, परिचर्चा पूर्वीय जगत्मा पुराणकालदेखि नै हुन थालेको हो भने पाश्चात्य साहित्यमा पनि सोफोक्लिज र युरिपाइडिसजस्ता नाटककारका नाटकहरूमा प्रयुक्त भावहरूलाई आधार मानेर उत्तरवर्ती साहित्यकारहरूले आफ्ना साहित्यिक कृतिहरूमा त्यसलाई व्याख्या गर्ने जमर्को गरेका छन् । यसबाट के पुष्टि हुन्छ भने हास्यव्यङ्ग्यात्मक साहित्यको व्याख्या, विश्लेषण र प्रयोजन सम्बन्धी चर्चा धेरै पहिलेदेखि हुँदै आएको हो ।

### ३.४.१ हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय चिन्तन

पूर्वीय साहित्यकाशमा हास्यव्यङ्ग्यसम्बन्धी चिन्तनको लामो परम्परा रहिआएको छ । पूर्वीय साहित्य-जगत्मा सर्वप्रथम **अग्निपुराण** एवम् **नाट्यशास्त्र**का स्रष्टाले २२ सय वर्ष पूर्व नै हास्यलाई काव्य वा साहित्यको एक रसका रूपमा दर्ता गरिदिएका छन् ।[50] पूर्वीय काव्यशास्त्रीहरूले हास्यलाई एउटा छुट्टै रसका रूपमा चर्चा गरेका छन् भने व्यङ्ग्यलाई चाहिँ व्यञ्जनाका अर्थमा व्याख्या र विवेचना गरेका छन् ।[51] हास्यव्यङ्ग्य साहित्यको प्रारम्भिक अवस्थादेखि वर्तमान अवस्थासम्म आइपुग्दा यसको बृहत्तर विकास भएको कुरालाई नकार्न भने सकिँदैन, तसर्थ पूर्वीय परम्परालाई आधार मान्दा हास्यव्यङ्ग्यलाई बेग्लाबेग्लै शीर्षकअन्तर्गत राखेर यसको व्याख्या, विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

### ३.४.२ हास्यसम्बन्धी पूर्वीय चिन्तन

[50] राजेन्द्र सुवेदी र हिरामणि शर्मा, **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** पूर्ववत्, पृ. ख ।
[51] टंकप्रसाद पन्त, **चोलेश्वर शर्माको निबन्ध यात्रा,** अ.प्र. स्नातकोत्तर शोधपत्र, (त्रि.वि., काठमाडौं, २०५८), पृ. १४ ।

हाँसो मानव-मनभित्र सुषुप्त अवस्थामा रहिरहेको मानवीय प्रवृत्तिको स्वाभाविक गुण हो । मनको गहिराइमा सुषुप्त रूपमा बसिरहेको हास स्थायी भावले उपयुक्त वातावरण वा प्रयोजन प्राप्त गरेपछि यो हास्यको रूपमा बाहिर प्रकटीकरण हुन्छ र साहित्यको रूपधारण गर्दछ । मानव-शरीरलाई स्वस्थता प्रदान गर्ने हाँसोलाई विद्वान्हरूले हास्यरहित जीवनलाई व्यञ्जनरहित भोजनका रूपमा तुलना गरेका छन् । मानवजीवनका लागि चाहिने आधारभूत तत्त्वहरूमध्ये मनोरञ्जन पनि एक हो र हास्यबाट मनोरञ्जन प्राप्त हुने हुँदा हाँसोलाई मानवीय जीवनको उपयोगी तत्त्वका रूपमा मानिन्छ ।

पूर्वीय साहित्यमा रस सिद्धान्तका प्रतिपादक भरतमुनिले नव रसको चर्चा गर्ने क्रममा हास्य रसको चर्चा गरेका छन् । विशेषत: हास वा हाँसो स्थायी भाव हुने रसलाई हास्य रस भनिन्छ ।[52] यसरी पूर्वीय साहित्यमा हास्यलाई रसको रूपमा लिइएको मात्र छैन, आचार्य भरतमुनिबाटै साहित्य शास्त्रीय कसीका रूपमा समेत चिन्तन गर्न थालिएको पाइन्छ ।

### ३.४.२.१ हास्य उत्पत्तिको कारण

मानिसभित्र अन्तर्निहित कार्य-व्यवहार, बोली-वचन, हाउ-भाउ, उठबस, दैनिक आचरण आदि अनेकौं क्रिया-प्रतिक्रियाद्वारा हास्य उत्पत्ति हुन्छ । हास्य रसको अस्तित्व मान्छेमा पाइन्छ । मानवेतर प्राणीमा खुसी र प्रसन्नताको प्रतिक्रिया पाइए तापनि हाँसोको स्वरूप वा प्रतिक्रिया प्राप्त गर्न सकिंदैन । हाँसो मान्छेका अनुहारमा देखिने स्मित हास्यदेखि लिएर अट्टहाससम्मका विभिन्न स्तरमा देखा पर्दछ । यसो नभए बोलीचालीमा झल्किन्छ र सो पनि नभए आचरणमै प्रकट हुन्छ । हास्य उत्पत्तिको चर्चा-परिचर्चा गर्ने क्रममा **नाट्यशास्त्र**का व्याख्याता भरतमुनिले शृङ्गार रसको अनुकृतिबाट हास्यको उत्पत्ति हुन्छ भनेका छन् ।[53] हास्यका बारेमा भरतमुनिभन्दा उत्तरवर्ती साहित्यकारहरू धनञ्जय, विश्वनाथ तथा अभिनवगुप्तले पनि हाँसोको बारेमा आफ्ना मतहरू राख्दै भरतको मतप्रति समहति जनाएका छन् ।

### ३.४.२.२ हास्यका भेदहरू

हास्यको वर्गीकरण गर्ने क्रममा पूर्वीय साहित्यमा सर्वप्रथम भरतमुनि देखा परेका हुन् । यिनले हास्यलाई आलम्बनको आधारमा आत्मस्थ र परस्थ गरेर छुट्याए पनि हास्यको तात्पर्यगत अर्थलाई व्यङ्ग्यको संज्ञा दिएका छैनन् । वर्गीकरणकै क्रममा भरतमुनिभन्दा उत्तरवर्ती संस्कृत आचार्यहरूले

---

[52] मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुँइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** दोस्रो संस्क., (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ५४ ।

[53] गोविन्दप्रसाद भट्टराई, **भरतमुनिको नाट्यशास्त्र** (अनु.), (काठमाडौं : ने.रा.प्र.प्र., २०३९), पृ. ८८ ।

भरतकै मतलाई स्वीकार गरेका छन् । हास्यका बाह्रवटा भेद मान्ने जगन्नाथले पनि आत्मस्थ र परस्थ गरी भरतकै मान्यतालाई स्वीकारेका छन् ।

हास्यको वर्गीकरणका क्रममा संस्कृत साहित्य परम्परामा भरतमुनिद्वारा वर्गीकरण गरिएका ६ भेदहरू नै मान्य रहेको देखिन्छ । ती भेदहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

क. स्मित - मर्यादित हिसाबले प्रसन्नता व्यक्त गर्ने र हँसिलो अनुसार देखाउने हास्य स्मित हास्य हो । यसमा फूर्ति, ईर्ष्या वा घृणाका भावहरू देखा पर्दैनन् ।

ख. हसित - अलिकति दाँत देखाएर सानो आवाज निकाल्दै हास्ने तर शिष्टता हास्यदशा केही प्रस्टिन खोजेको पाइन्छ ।

ग. विहसित - हाँस्दाखेरि खित्का छोडेर हाँसी आँखा सन्काउने र कथनहरूका तानहरूमा अन्तर ल्याउने हाँसोलाई विहसित हाँसो भनिन्छ । निन्दा, अपमान, खिसीजस्ता तात्पर्यहरू व्यक्तिने यस हाँसोभित्र आक्षेपका छटाहरू पाइने हुनाले यसलाई मध्यम स्तरमा राखेर हेरिन्छ ।

घ. अवहसित - शरीरमा चेष्टा-प्रचेष्टासम्म देखिने यस तहको हाँसो आवाजमा व्यक्त हुन्छ । हाँसो प्रकट हुने क्रममा नाक फुल्ने, दृष्टि बक्र हुने, टाउको र काँध हल्लिने क्रियाहरू देखा पर्दछन् ।

ङ. अपहसित - वाचिक र आङ्गिक रूपमा विभिन्न विकृतिहरू देखिने यसप्रकारको हँसाइमा मुन्टो हल्लिने, आँखामा पानी देखिने, आवाज लटपटिनेजस्ता प्रतिक्रियाहरू देखिन्छन् । हाँसोले प्रत्यक्ष रूपमा अमर्यादित अवस्था देखाउँछ ।

च. अतिहसित - यस तहको हास्यमा हाँसोले अनुशासन र मर्यादाको सीमा उल्लङ्घन गरिसकेको हुन्छ । हँसाइमा उद्देश्य झल्किने यस हाँसोमा मान्छे पेट मिचेर आङ्गिक विकृति देखाएर हाँस्दछ ।

विशेषत: हास्यको वर्गीकरण शारीरिक प्रचेष्टाका आधारमा गरिन्छ । आचार्य भरतमुनिले प्रकृति र स्तरका आधारमा हास्यलाई उत्तम, मध्यम र अधम गरी वर्गीकरण गरे तापनि माथि उल्लिखित छ भेद पनि तीन स्तरमा समेटिन्छन् । त्यस्तै गरेर जगन्नाथले बाह्र भेदमा वर्गीकरण गरे तापनि मुख्य आधार पूर्ववर्ती भरतकै लिएका छन् । यसरी पूर्वीय साहित्यशास्त्रमा विद्वान्हरूले हास्यसम्बन्धी विविध मतहरू राखेका छन् ।

पूर्वीय हास्य चर्चामा हास्य एउटा रस हो, यसलाई लिएर अन्तिम तहमा पुग्न सकिन्छ भन्ने वर्गीकरण गर्ने विविध रेखाहरू कोरिएका छन् । यिनै विविध रेखामा टुक्रिएको हास्य विविध अर्थहरूको संवाहक भएर देखिन थाल्दछ ।

## ३.५ व्यङ्ग्यसम्बन्धी पूर्वीय चिन्तन

पूर्वीय साहित्यमा व्यङ्ग्यलाई ध्वनिको समानार्थी रूपमा स्वीकार गरिन्छ, साथै शब्दको प्रयोग पनि व्यञ्जनाकै तात्पर्यमा गरिएको पाइन्छ ।[54] संस्कृत साहित्यका ध्वनिवादी आचार्य आनन्दवर्द्धनले आफ्नो कृति **ध्वन्यालोकमा** 'ध्वनिरात्मा काव्यस्य' भन्दै काव्यको आत्माको रूपमा ध्वनिलाई मानेका छन् ।

### ३.५.१ ध्वनिवादका सन्दर्भमा व्यङ्ग्यको पहिचान

पूर्वीय साहित्यमा व्यङ्ग्यको तात्पर्यको रूपमा ध्वनिलाई लिने गरिन्छ । ध्वनिलाई काव्यको आत्मा मान्ने आनन्दवर्द्धनले ध्वनिसम्बन्धी आफ्नो मत दिँदै भन्दछन् : "जुन अर्थका लागि शब्द आफ्नो अर्थ वा अभिप्रायलाई त्यागिदिन्छ र कुनै विशिष्ट भावलाई व्यक्त गर्दछ त्यस्तो व्यङ्ग्य आउने काव्यको वस्तु विशेषलाई ध्वनि भनिन्छ ।"[55] शब्द शक्तिका आधारमा कुरा गर्दा पनि लक्षणाले आफ्नो अर्थ बुझाएपछि तेस्रो व्यञ्जना शक्तिद्वारा अर्थ द्योतन हुन्छ अथवा व्यञ्जना काव्यमा निहित व्यङ्ग्यार्थको अभिव्यक्ति दिएको हुन्छ ।[56] यसै गरी अभिनवगुप्त र मम्मटले पनि आचार्यहरूको मतलाई खण्डन गर्दै ध्वनिको स्थापना गरेका छन् । उनले काव्य ध्वनिको कुनै न कुनै रूपले अनुप्राणित भएर मात्र सफल हुने मानेका छन् ।

## ३.६ पाश्चात्य साहित्यमा हास्यव्यङ्ग्य परम्परा

पश्चिमी साहित्यशास्त्रले हास्य नाम नदिई ट्रेजडी र कमेडीका रूपमा सुख र दु:ख, करुणा र प्रसन्नताका रूपमा दुई खास भेद देखाइएको भए तापनि मूलभूत रूपमा हास्य र व्यङ्ग्यका दुई शाखामा विभाजित गरेका छन् । त्यसमध्ये केवल हास्य तत्त्वको उपस्थिति रहने स्वरूपलाई ह्युमर वा सर्क्याजम मात्र भन्ने प्रचलन आएको छ । पश्चिममा हास्य नाम नदिई कमेडी अर्थात् सुखान्त भनिएको छ । यसमा हाँसो, खुसी र प्रसन्नता मात्र व्यक्त नगरी त्रासदी र कमेडी भनिएको

[54] टंकप्रसाद पन्त, **चोलेश्वर शर्माको निबन्ध यात्रा,** पूर्ववत्, पृ. १७ ।
[55] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. २६८ ।
[56] भरतकुमार भट्टराई, **हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप,** अ.प्र. स्नातकोत्तर शोधपत्र, (त्रि.वि. : कीर्तिपुर, २०४४), पृ. १८ ।

तत्त्वहरूलाई प्रस्तुत गरिएको हुन्छ ।[57] पाश्चात्य साहित्यमा हास्य र व्यङ्ग्यबारेमा स्वतन्त्र विवेचना गरिएको पाइन्छ । हास्य सामान्य स्मित दशामा रहुन्जेल रसात्मक हास्य नै रहन्छ । त्यसमा कुनै तात्पर्य आश्रित हुन थालेपछि व्यङ्ग्यात्मक कोटीतिर बढ्न थाल्छ । हाँसो भाव क्षेत्रमा रहुञ्जेल कामदीका तहमा रहन्छ तर बुद्धि क्षेत्रमा आरोहित भएपछि कामदीको रूप प्राप्त गर्छ ।[58] जब हास्यकारले हास्यलाई आलोचना क्षेत्रमा प्रवृत्त गराउँछ, तब त्यो हास्य व्यङ्ग्यको क्षेत्रमा प्रवृत्त हुन्छ । पाश्चात्य विद्वान्हरूले हास्याभिव्यक्तिको आधार पूर्वीय दृष्टिमा जस्तो दैहिकता प्रधान नभई मानसिक र आन्तरिक विशिष्टतामा आधारित मानेका छन् ।[59] तर हास्योत्पत्तिको कारण भने पूर्वमा झैँ मनोविकार वा विकृतिलाई मानिएको छ ।

पाश्चात्य साहित्यमा हास्य र व्यङ्ग्यको संयुक्त रूपमा सैद्धान्तिक विश्लेषण गरिएको छैन भने व्यङ्ग्यलाई हास्यको एक भेद पनि मान्न सकिँदैन । मूल रूपमा व्यङ्ग्यका स्रष्टाहरूले समाज तथा परिवशेका विकृति तथा विसङ्गतिलाई सुधार्ने चेष्टा गरिरहेका हुन्छन् । यसरी पाश्चात्य जगत्मा हास्यको अपेक्षा व्यङ्ग्यको बढी महिमा गाइएको छ, साथै रचनामा हास्य उदेक हुन पुगे तापनि व्यङ्ग्यको पूरकका रूपमा घटित हुन्छ ।

### ३.६.१ पाश्चात्य साहित्यमा प्रचलित हास्यव्यङ्ग्य स्वरूपको परिचय

हास्यका तत्त्वहरू स्मित दशाबाट परिवर्तित हुँदै जाँदा व्यङ्ग्यको रूप लिन पुग्छन् भन्ने कुरालाई पाश्चात्य साहित्यका विद्वान्हरूले स्वीकार गर्दछन् । हास्यव्यङ्ग्यको संयुक्त पदावली पूर्वीय साहित्यमा पाइए तापनि पाश्चात्य साहित्यमा त्यस्तो प्रवृत्ति पाइँदैन । हास्य र व्यङ्ग्यको उपकरण एउटै तत्त्व बन्न सक्ने हुनाले प्रयोगगत प्रवृत्तिका आधारमा हास्यव्यङ्ग्यलाई प्रभाव पार्ने हास्यव्यङ्ग्यको परिचय यहाँ प्रस्तुत गरिन्छ ।

**क) स्मितहास्य**

पाश्चात्य साहित्यकार तथा समालोचकहरूले हास्य तथा करुणाभावलाई महत्त्व दिएको कुरा होमर तथा अरस्तुदेखिको परम्पराको अध्ययन गर्दा थाहा हुन्छ । स्मितहास्यमा मनोदशाले विनोदप्रियताको कारण प्राप्त गरेपछि यसको आविर्भाव हुन्छ । जसप्रति हाँसिन्छ, त्यसप्रति आत्मीयता, श्रद्धा र वात्सल्य गुणहरू गुम्न पाएनन् भने ह्युमरकै कोटिमा रहेर

---

[57] उत्तमकृष्ण मजगैयाँ, **प्रवाह स्मारिका,** पूर्ववत्, पृ. ८ ।
[58] टंकप्रसाद पन्त, **चोलेश्वर शर्माको निबन्ध यात्रा,** पूर्ववत्, पृ. १९ ।
[59] कृष्णचन्द्र सिंह प्रधान, **एक अभिनय छ्याकन,** (काठमाडौं : कौवा प्रकाशन, २०४४), पृ. १७ ।

यसले आफ्नो काम गर्दछ ।[60] स्मित हास्यलाई स्वस्थ तथा तरल मानसिक अवस्थाको अभिव्यक्तिका रूपमा पनि मान्न सकिन्छ र यसबाट हास्य उद्रेक हुनुका साथै प्रेमभाव दर्शनुमा पनि यसको महत्त्व छ ।

**ख) वाग्वैदध्य**

पाश्चात्य साहित्यकार तथा समालोचकहरूका मतमा वाग्वैदध्य भन्नाले उक्तिमा विचित्रताको अनुभूति व्यक्त गराउने र हास्यको आभास दिँदै आश्चर्यको सञ्चार गराउने रचना भन्ने बुझिन्छ । हास्य र व्यङ्ग्य दुवैको मिश्रण रहेको यसमा स्रष्टाहरू शब्द-शब्दावली र सिङ्गै रचनामा स्तुति, निन्दादेखि लिएर हास्यपूर्ण अवस्थाहरूबाट प्रस्तुतिको विचित्रता स्थापना गर्न पुग्दछन् ।

**ग) व्यङ्ग्य**

हाम्रो जीवनसँग अभेद्य सम्बन्ध राख्ने तत्त्वहरूप्रति लक्षित हुने अर्थ उद्घाटन गर्दै जब यस्ता विषयमा छेडछाड हुन थाल्छ अनि व्यङ्ग्य भनिन थाल्दछ । पूर्णरूपमा विसङ्गतिबाट जन्मिने व्यङ्ग्यले प्रत्यक्ष रूपमा आक्रमण गरेर अप्रत्यक्ष रूपमा सुधारको सन्देश व्यक्त गरेको हुन्छ ।[61] व्यङ्ग्यले विशेषत: मानव-जीवनका तीनवटा पक्षलाई आक्रमण गर्दछ, जसअन्तर्गत निन्दनीय वस्तुलाई खुलै रूपमा निन्दा गर्नु, मानव-जीवनका मर्यादा अतिक्रमण भएको भए तिनको सीमा कायम गराउनु र अहितकर वातावरणबाट र दुष्प्रवृत्तिबाट समाजलाई जोगाउनु जस्ता कुराहरू पर्दछन्, यी तीनवटै कुरामा व्यङ्ग्यकार सचेत रहन्छ ।

**घ) बक्रोक्ति**

उक्तिमा बाणबराबर तिखो र आक्रामक तत्त्व, रहनु वक्रोक्ति हो । त्यस्तो बाङ्गो वा वक्रयुक्त भनाइ "जसमा वक्ताद्वारा जे भनिन्छ त्यसभन्दा भिन्न अर्थ श्रोतालाई ग्रहण गराउने क्षमता रहन्छ ।"[62] वस्तुत: हास्यास्पद तथा विसङ्गत तत्त्वहरूप्रति सिधै आक्रमण, प्रहार नगरी चिप्लो र स्वादिलो कथनबाट व्यक्तिको मर्ममा पिन पसेझैँ चस्स चस्किने वचन प्रयोग गर्नु र श्रोतालाई मानस-पीडामा छट्पटाउने गराउनु वक्रोक्तिको काम हो । वक्रोक्तिले

---

[60] उत्तमकृष्ण मजगैयाँ, **प्रवाह स्मारिका,** पूर्ववत्, पृ. ९ ।
[61] राजेन्द्र सुवेदी र हिरामणि शर्मा, **नेपाली हास्यव्यङ्ग्य निबन्ध,** पूर्ववत्, पृ. ढ ।
[62] भरतकुमार भट्टराई, **हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप,** पूर्ववत्, पृ. ५७ ।

हार्दिक साहित्यका क्षितिजमा शिष्ट आवरणद्वारा अशिष्ट तत्त्वको निराकरण गर्ने काम गरिरहेको हुन्छ ।

### ङ) परिहास वा विद्रूप हाँसो

परिहास वा विद्रूप कुनै सम्पन्न भएका कार्यको, कुनै व्यक्तिको बानीबेहोराको, कसैका कृतिको अनुकरण गर्नु हो । मूल कार्यको अनुकरण गर्दा मूल कार्यका कर्तालाई नछोइकन उसका कामलाई मात्र अनुकृतिका रूपमा विद्रूपता प्रदान गर्नु, कुनै व्यक्तिको आनी-बानीको नक्कल गर्नु छ भने मूल व्यक्तिको आचरणलाई आक्षेप नहुने तर त्यस्ता मूल भावलाई विद्रूपीकरण गर्ने हिसाबले पुन: सिर्जन गर्नु प्यारोडी हो ।

### च) अतिरञ्जना

कुनै पनि व्यक्तिका स्वभावगत विशेषता वा चरित्रको विकृति र अतिशयोक्तिपूर्ण हास्यास्पद चित्रण नै अतिरञ्जना हो । यसमा आनन्ददायक तथा दयालुपन हुनुका साथै घृणाभाव बढ्दा यो व्यङ्ग्य हुन जान्छ, तर साहित्यिक धरातलमा प्रयोग गर्दा चरित्रको विकृत रूप अतिरञ्जनाका रूपमा व्यक्त हुन्छ ।

### छ) प्रहसन वा विदूषण हास्य

प्रहसन वा विदूषण हास्य नामले चिनिने हाँसो शास्त्रीय अर्थमा कामदीय हाँसो हो । माथि उल्लिखित हाँसोका तुलनामा एकदमै फरक रहेको यस प्रकारको हाँसोमा सचेतता एवम् बोली व्यवहारमा अनौठोपन, मुखमा र अङ्गमा कृत्रिमता हुन्छ । यस्तो अनौठोपनले कसैलाई परिलक्षित गरेको हुँदैन तर मनको तनाव र थकानलाई दूर गर्नु र मनोविनोद गर्नुमात्र यस कोटिको हास्यको उद्देश्य रहन्छ ।

## ३.७ नेपाली साहित्यमा हास्यव्यङ्ग्यको पृष्ठभूमि र विकास

नेपाली साहित्यमा हास्य र व्यङ्ग्यको संयुक्त स्वरूपको बारेमा विवाद पाइन्छ । कतिपय समालोचकहरूले हास्यव्यङ्ग्य प्रवृत्ति र प्रयोगका दृष्टिले हास्य र व्यङ्ग्यलाई संयुक्त रूपमा राखेर अध्ययन गर्नुपर्छ भन्ने मत राख्दछन् भने कतिपय समालोचकहरूले छुट्टाछुट्टै रूपमा अध्ययन गर्नुपर्छ भन्ने अभिमत राखेका छन् । नेपाली साहित्यको प्रारम्भिककालीन समयदेखि नै हास्यव्यङ्ग्य मानव सभ्यताको पृष्ठभूमिमा जोडिएको पाइन्छ । नेपाली भाषाले लिखित रूपमा स्वरूप प्राप्त नगर्दै नेपाली

जनजीवनमा प्रचलित उखान, टुक्काले अनौपचारिक रूपमा मान्यता पाए पनि पछि लिखित साहित्यको विकासपछि प्राथमिककालीन समयमा सुवानन्ददासको "पृथ्वीनारायण" कवितादेखि औपचारिक रूपमा मान्यता पाएको देखिन्छ ।

नेपाली साहित्यको प्रारम्भिककालमा सुवानन्द दासको *पृथ्वीनारायण* कविता तथा शक्तिवल्लभ अर्यालले नेपाली भाषामा अनुवाद गरेको **हास्यकदम्ब** तथा वीरकालीन समयमा अङ्ग्रेजका विरुद्ध लेखिएका कविताहरूमा व्यङ्ग्य भाव पाइए तापनि मौलिकताको दृष्टिबाट प्राथमिककालकै भक्तिधाराअन्तर्गत रामभक्ति धाराका सशक्त कवि भानुभक्त आचार्यको विशेष योगदान रहेको पाइन्छ । हास्यव्यङ्ग्यको उठान र विकासमा सामाजिक विसङ्गति र धार्मिक रूढिवादप्रति प्रहार गर्ने कार्यमा प्राथमिककालीन निर्गुण भक्तिधाराका कवि सन्तदिलदासको पनि विशेष योगदान रहेको पाइन्छ । माध्यमिककालमा **सूक्ति सिन्धु, मकै पर्व** तथा **शारदा** पत्रिकाको प्रकाशनले व्यङ्ग्य साहित्यलाई थप टेवा दिएको पाइन्छ । त्यस्तै २००७ सालमा नेपाली भूमिमा आएको सामाजिक तथा राजनीतिक परिवर्तन पश्चात् देशमा विभिन्न पत्रपत्रिकाहरूको स्थापना तथा प्रजातन्त्रपूर्ण वातावरणमा नागरिक स्वतन्त्रता, वाक्स्वतन्त्रता जस्ता कुराले अझै हास्यव्यङ्ग्यात्मक साहित्यलाई फलाउने, फुलाउने काम गरेको पाइन्छ । नेपाली हास्यव्यङ्ग्यको प्रवृत्ति र प्रयोगलाई हेर्नुका साथै समालोचकहरूका स्वीकारोक्तिकै आधारमा के भन्न सकिन्छ भने अन्य विधाको अपेक्षा निबन्ध विधामा हास्यव्यङ्ग्य बढी उर्वर रहेको छ ।

नेपाली साहित्यमा हास्यव्यङ्ग्यात्मक साहित्यले अरु साहित्यिक विधा समक्ष आफूलाई चिनाउँदै समाजका कुरीति, कुसंस्कारहरूलाई विषय प्रस्तुतिका माध्यमबाट व्यङ्ग्य प्रहार गर्दछ । नेपाली साहित्यको पूर्वार्द्धकालीन समयबाट नै छिटफुट रूपमा व्यङ्ग्य साहित्यले आफ्नो पहिचान राख्दै आए पनि माध्यमिककालीन समय हुँदै आधुनिककालमा आइपुग्दा **शारदा** लगायत अन्य पत्रपत्रिकाहरूको प्रकाशनले हास्यव्यङ्ग्य साहित्यमा थप टेवा पुगेको पाइन्छ । २००७ सालको प्रजातान्त्रिक परिवर्तन पश्चात् नागरिकहरूले वाक्स्वतन्त्रता, लेखन स्वतन्त्रताजस्ता अधिकारहरू राज्यबाट प्राप्त गरेपछि झनै स्वतन्त्र भएर आफ्ना प्रतिभाहरूलाई प्रस्फुटित गराउन थालेपश्चात् नेपाली साहित्यमा नयाँ विधा, नयाँ प्रतिभाद्वारा लेखिन पुगे । यसै परिप्रेक्ष्यमा हास्यव्यङ्ग्य साहित्यले आफूलाई विकसित गराउँदै लगेको पाइन्छ । हास्यव्यङ्ग्य साहित्यमा वि.सं १९९१ देखि वर्तमान समयसम्म आइपुग्दा नरेन्द्रमणि, प्रेमराज शर्मा, वासुदेव शर्मा लुइटेल, अच्छा राई रसिक, श्यामप्रसाद शर्मा, केशवराज पिंडाली, भैरव अर्याल, रामलाल अधिकारी, रामकुमार पाण्डे, मोहनराज शर्मा, चोलेश्वर शर्मा, राजेन्द्र सुवेदी,

भाउपन्थी, खगेन्द्र सङ्ग्रौला, विमल निभाजस्ता हास्यव्यङ्ग्यकारहरूले टेवा दिँदै हास्यव्यङ्ग्य साहित्यलाई थप उत्कर्षतामा पुऱ्याउने चेष्टा गरिरहेको पाइन्छ ।

चितवन जिल्लामा गद्य साहित्यको विकासको सिलसिला वि.सं. २०३१ सालतिरबाटै भए पनि गद्यसाहित्यको विकासमा तीव्रता आएको पाइँदैन । समयको क्रमसँगै यस साहित्यमा अनेकौं स्रष्टाहरूले फुटकर रचनाहरू प्रकाशित गरेता पनि हास्यव्यङ्ग्य साहित्यमा सर्वप्रथम पुस्तक प्रकाशित गर्ने रविकिरण निर्जीवको **सोझा निर्जीवका बाङ्गा निबन्धहरू** (२०४७) नै चितवनको हास्यव्यङ्ग्य साहित्यमा पहिलो पुस्तकाकार कृति हुने अवसर पाएको देखिन्छ । विशुद्ध निबन्धदेखि हास्यव्यङ्ग्य निबन्ध लेख्ने करिब एकदर्जन निबन्धकारहरूको हुल देखिए तापनि हास्यव्यङ्ग्य निबन्ध साहित्यमा रहेर आफ्नो नैबन्धिक शिल्पकला देखाउने निबन्धकारहरूमा रविकिरण निर्जीव, रामबाबु घिमिरे र तिलकराज शर्मा पौडेलजस्ता निबन्धकारहरूले यस क्षेत्रलाई उर्वर बनाएका छन् ।

## ३.८ निष्कर्ष

नेपाली साहित्यको निबन्ध विधाअन्तर्गत पर्ने हास्यव्यङ्ग्यात्मक निबन्धले पूर्वीय, पाश्चात्य हुँदै नेपाली साहित्यसम्म आइपुग्दा अनेक मोडहरू पार गरेको पाइन्छ । पूर्वीय साहित्यमा ध्वनिवादी व्यङ्ग्यका नामले परिचित हास्यव्यङ्ग्यका स्मित, हसित, अवहसित, विहसित, अपहसित, अतिहसितजस्ता भेदहरू पाइन्छन् । हास्यका तत्त्वहरू स्मित दशाबाट परिवर्तित हुँदै व्यङ्ग्यको स्वरूप लिन पुग्छन् भन्ने मान्यता राख्ने पाश्चात्य साहित्यमा स्मितहास्य, वाग्वैदग्ध्य, व्यङ्ग्य, वक्रोक्ति, विहास, अतिरञ्जना, प्रहसनजस्ता भेदहरू पाइन्छन् । नेपाली साहित्यमा सृष्टिको आदिकालदेखि मानव जिब्रोमा प्रयोग हुने उखान टुक्कासँग सहभाव राख्दै आएको हास्यव्यङ्ग्यले लिखित साहित्यको विकास भएपछि औपचारिक रूपमा मान्यता पाएको देखिन्छ । यसरी पूर्वीय र पाश्चात्य हुँदै नेपाली साहित्यमा मान्यता पाएको हास्यव्यङ्ग्यात्मकताले नेपाली साहित्यको माध्यामिककालीन समय हुँदै आधुनिककालसम्म आइपुग्दा विभिन्न स्रष्टाहरूले यस क्षेत्रमा योगदान दिइरहेको पाइन्छ ।

# परिच्छेद : चार

# तिलकराज शर्मा पौडेलका निबन्ध सङ्ग्रहहरूको अध्ययन

## ४.१ पृष्ठभूमि

चितवनको हास्यव्यङ्ग्यात्मक निबन्ध साहित्यमा आफ्नै छुट्टै स्थान बनाएका तिलकराज शर्मा पौडेल आधुनिक पुस्ताका सक्रिय निबन्धकार हुन् । समाजमा विद्यमान रहेका कुरीति, अन्धविश्वास, लैङ्गिक भेदभावजस्ता विविध विषयमा आधारित रही हास्य र व्यङ्ग्यको झटारो हान्दै सुधारको अपेक्षा राख्ने शर्मा विशेषत: आत्मपरक निबन्धकार हुन् । अनौपचारिक शैलीमा निबन्ध लेख्न मन पराउने शर्माले आफूभित्र अन्तर्निहित प्रतिभालाई हास्य र व्यङ्ग्य मार्फत प्रस्तुत गर्न सक्नु उनको नैबन्धिक शिल्पकला हो । वि.सं. २०२८ को हाराहारीदेखि हास्यव्यङ्ग्यात्मक निबन्ध लेखनमा लागे तापनि २०५२ सालमा पहिलो हास्यव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह **पार्टी खोल्ने धुनमा** प्रकाशित गरेका शर्माले २०५२ सालपछि फेरि लामो समयको अन्तरालपछि पुन: २०६५ मा अर्को हास्यव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह **दौरा सुरुवाल र टोपी आतङ्क** प्रकाशित गरेका छन् । शर्माको कृतिमा विशेषत: हाम्रा समाजमा रहेका विकृतिहरूलाई यथार्थ रूपले चित्रण गर्न खोजेको पाइन्छ । आफू बाँचेको सेरोफोरोका विषयवस्तुहरूलाई लिएर शर्माले अन्यन्तै कुशलतापूर्वक पक्की अधिकतर शालीन शैलीको प्रयोग गर्दै घतलाग्दो हास्य र व्यङ्ग्य प्रकट गरेका छन् । यहाँ उनका प्रकाशित हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ ।

## ४.२ पार्टी खोल्ने धुनमा निबन्ध सङ्ग्रहको अध्ययन

**पार्टी खोल्ने धुनमा** शर्माको पहिलो हास्यव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह हो । वि.सं. २०२८ सालबाट निबन्ध लेखनमा लागे तापनि शर्माले २०५२ मा मात्र औपचारिक रूपमा पुस्तक प्रकाशन गरी आफूलाई परिचित गराएका छन् । **पार्टी खोल्ने धुनमा** (२०५२) गाईजात्राको अवसर पारेर प्रकाशन गरिएको निबन्ध सङ्ग्रह हो । आफ्नै धर्मपत्नी मोतीमाया पौडेल प्रकाशक रहेको यस निबन्ध सङ्ग्रहमा जम्मा तेह्रवटा निबन्ध सङ्कलित रहेका छन् । विभिन्न समयमा चितवनबाट प्रकाशित हुने साहित्यिक पत्रपत्रिकाहरूमा प्रकाशित भैसकेका निबन्धहरूलाई एकत्रित गरी यस निबन्ध सङ्ग्रहले पुस्तकाकार रूप पाएको हो । यस निबन्ध सङ्ग्रहमा घरायसी खिचातानी तथा राजनीतिक र सामाजिक खिचातानीहरूलाई हास्य र व्यङ्ग्यका रूपमा लेखकले व्यक्त गरेका छन् ।

शर्माका निबन्धमा हास्यको मात्रा केही देखिए तापनि व्यङ्ग्यको मात्रा अधिक रहेको देखिन्छ । यहाँ यस सङ्ग्रहमा सङ्कलित प्रत्येक निबन्धको अध्ययन गरिएको छ ।

### ४.२.१ मुकुन्डो

*मुकुन्डो* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित पहिलो निबन्ध हो । लेखकले यस निबन्धमा आधुनिक युगलाई मुकुण्डो युग भनी आधुनिकताका नाममा भएका कमी कमजोरीप्रति व्यङ्ग्य प्रहार गरेका छन् । वर्तमान युगमा आफ्नो वास्तविकतालाई लुकाउन गरेका उपायहरूलाई नै मुकुन्डो भनिएको छ ।

यस निबन्धमा विकास र आधुनिकताका नाममा आफ्नो चिनारी दाह्री फालेर हिँड्ने जोगीप्रति व्यङ्ग्य गरिएको छ । खैरो दाह्री फालेर फेसनको नाममा जोगी बनेर हिँड्ने र मन्दिर-मस्जिद धाउने सोह्र वर्षे युवतीहरूप्रति व्यङ्ग्य गरिएको छ । पचपन्न वर्षे बूढीहरू सोरठी गीत गाउने र देश विकासका नाममा अमेरिका र बेलायत धाउने प्रवृत्तिप्रति हास्यका माध्यमबाट व्यङ्ग्यको प्रहार गरिएको छ । यस निबन्धमा देश विकासको नाममा आएको अनुदानमा पौडी खेली आफू धनी बन्ने नेता वर्गप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । आफ्नो मुलुकमा भएको अन्याय र अत्याचारप्रति र सही वकालत गर्न नसक्ने कमजोरीप्रति शर्माले खेद प्रकट गरी आफूले समेत वास्तविकता लुकाएर मुकुन्डो शीर्षक सार्थक तुल्याएका छन् ।

यसरी निबन्धकारले घरदेखि बाहिरसम्म वा सडकदेखि संसद्सम्म भएको असत्य, अन्याय र अत्याचारको सही पहिचान हुन नसक्दा मुलुकमा भित्रिएको अनैतिकता, कालोबजारी एवम् सामाजिक विकृति, विसङ्गतिप्रति नै व्यङ्ग्य प्रहार गरेका छन् ।

मुकुन्डो निबन्धमा भएका केही हास्यव्यङ्ग्य हरफहरू यसप्रकार छन् :

> "यहाँ जसले जे आँटे पनि हुन्छ, जसले जे गरे पनि हुन्छ । लाटोले भाषण गर्छ,... ऋषिमुनिहरूको तपोभूमि यस नेपालको आज यस्तै हाल छ ।" (पृष्ठ २-३)

माथिका हरफहरूमा लाटोले भाषण गर्ने, बहिराले मुन्टो हल्लाउने, दुवै हात अपाङ्ग भएकाले ट्राफिक प्रहरीको हवल्दारमा प्रमोशन पाउने डेन्टीस्टले आँखा अस्पतालमा अप्रेसन गर्ने भन्दै कसैले पनि आफ्नो कर्तव्य पूरा नगरेको स्थितिप्रति निबन्धकारको दृष्टि पुगेको छ । साथै यहाँ जसले जे आँटे पनि हुन्छ भन्ने वाक्यले मुलुकमा नैतिक एवम् कानुनी संयन्त्रले उचित कार्य सम्पादन नगरेको प्रति नै हास्यका माध्यमबाट व्यङ्ग्य प्रहार गरिएको छ ।

> "महलप्रति जमिनदार खोको साम्यवादी गीत गाउँछन् । झुप्रो बस्तीका सुकुम्बासी पूँजीवादी पाठ सिकाउँछन् ।" (पृष्ठ १)

उपर्युक्त हरफमा देशका उच्चवर्गीय साम्यवादको नारा घन्काउने तर आफूले शोषण गरिरहने पूँजीपति वर्गप्रति व्यङ्ग्य गरिएको छ भने आफ्नो स्वामीत्वमा केही पनि सम्पत्ति नभएका पूँजीहीन सुकुम्बासीहरूले पूँजीवादको पाठ सिकाउँछन् भन्दै सुकुम्बासीमा छाएको खराब विचारप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.२.२ पार्टी खोल्ने धुनमा

यो निबन्ध **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको दोस्रो निबन्ध हो । यसै निबन्धका आधारमा निबन्धकारले निबन्ध सङ्ग्रहको नाम राखेका छन् । निबन्धमा वि.सं. २०१५ र वि.सं. २०४६ साल वरपरको राजनीतिक माहोललाई मुख्य विषयवस्तु बनाइएको छ ।

वि.सं. २०१५ सालको संसदीय परिपाटीमाथि गरिएको निर्दलीय पञ्चायती व्यवस्था र २०४६ सालको बहुदलीय व्यवस्थालाई मध्यनजर गर्दै यस निबन्धको पृष्ठभूमि तयार पारिएको छ । यस निबन्धको सुरुआतमै निबन्धकार शर्माले राजनीतिक पृष्ठभूमिमा टेकेर भाले बन्न चाहने आम नेताहरूप्रति यसरी व्यङ्ग्य गरेका छन् :-

> “कसैले गाँजा खान थाले, कसैले भाँग खान थाले, कसैले वाँग खान थाले, कसैले विनासित्ति दाह्री पाले, ज-जसले जे-जे पाले पनि फाले पनि मचाहिँ कसरी गाउँको भाले बन्ने भन्ने सुरमा सुरेली खेल्न थालेको छु ।” (पृष्ठ ४)

यहाँ जुनसुकै मूल्य चुकाएर भए पनि आफू मुलुकको सर्वेसर्वा हुन खोज्ने भाले प्रवृत्तिका नेताहरूप्रति व्यङ्ग्य सङ्केत गरिएको छ ।

> “रामायणका सात काण्ड, आफ्ना त कति कति ! गलैंचा काण्ड, गाई काण्ड, गधा काण्ड, झलारी काण्ड, पिसकर काण्ड, ड्राइभर काण्ड, केटी काण्ड, भेटी काण्ड ... ।” (पृष्ठ ४)

यसरी नेपालमा पञ्चायती व्यवस्थाको समयमा घटेका घटनाहरूलाई मध्यनजर राख्दै निबन्धकारले तत्कालीन समयमा घटेका सम्पूर्ण घटना र काण्डहरूलाई यस निबन्धमा देखाउने काम गरेका छन् ।

वि.सं. २०४६ को बहुदलीय व्यवस्थाको स्थापनापश्चात् मुलुकमा च्याउसरी राजनीतिक पार्टीहरू खोलिन पुगे तर तिनीहरूले वास्तविक विकासको लागि भने कुनै टेवा पुऱ्याउने नसकेको कुरा उल्लेख गर्दै आफू पनि नयाँ **पार्टी खोल्ने धुनमा** लागि परेको प्रसङ्गबाट यस निबन्धले सार्थकता प्राप्त गरेको छ । जनस्तरको बेवास्ता गरी आफ्नो सानो इच्छा पूरा नभएमा बरु नयाँ पार्टी खोल्न प्रवृत्त हुने नेताहरूलाई र तिनलाई व्यवहारमा नउतार्ने तर चिल्ला कुरा गरी भोट फकाउने कागजी घोषणापत्र र भाषणप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् ।

“नारीहरूलाई महिला प्रशिक्षण तालिमको लागि भारतको बम्बैतर्फ जान प्रोत्साहन जगाउने ।” (पृष्ठ ९)

यहाँ विभिन्न लोभलालच देखाई चेलीबेटी बेचबिखन गर्ने तस्करहरूलाई कडा झापड हानिएको छ ।

“अनावश्यक रूपमा जङ्गल बढ्न नदिने र विगत ३० वर्षदेखि जङ्गल उन्मूलन कार्यमा सक्रिय योगदान पुऱ्याउने व्यक्तिहरू पत्ता लगाई पुरस्कृत गर्दै लाने...।” (पृ. ९)

यहाँ थोरै आर्थिक फाइदाको लोभमा परी नेपालीको धनै बर्बादी गराउने उच्चस्तरीय कार्यकर्ताहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

यसरी आफ्नो कुनै ठोस पहिचान नभएका जसले चिल्ला कुरा गऱ्यो, उतै लाग्ने चेपारे प्रवृत्ति र आफ्नो अनुकूल नहुने बित्तिकै जनताको आँखामा छारो हाल्ने घोषणापत्र तयार गरी नयाँ पार्टी खोल्ने बहुदलीय व्यवस्थाको अर्थ नबुझ्ने हावादारी नेताहरूप्रति व्यङ्ग्य गरिएको छ ।

### ४.२.३ अन्तर्राष्ट्रिय खैनी सम्मेलन

*अन्तर्राष्ट्रिय खैनी सम्मेलन* **पार्टी खोल्ने धुनमा** निबन्धसङग्रहको तेस्रो निबन्ध हो । यस निबन्धमा खैनीजन्य मादक पदार्थ र यसले निम्त्याएको खैनीमय भयावह वातावरणलाई मुख्य विषयवस्तु बनाई यस निबन्धको विषय तयार पारिएको छ । यस निबन्धमा खैनीजन्य मादकपदार्थ सेवन गर्ने आधुनिक युवा वर्गप्रति लक्षित गरिएको छ । खैनीले समाज, देश र विश्वमै पारेको नकारात्मक प्रभाव र समाजका जुनसुकै उमेर र जुनसुकै पेसा र वर्गलाई पारेको प्रभावलाई नै निबन्धले विशेष जोड दिन खोजेको पाइन्छ ।

आधुनिकताको नाममा विशेषत: युवा वर्गले आफ्नो शरीरको अङ्ग नै नढाकिने अथवा अत्यन्तै पारदर्शी र कसिला कपडा लगाएर आफूतिर आकर्षित गर्न खोज्दा समयले दुर्घटनासमेत निम्त्याउने सङ्केतप्रति लेखकले यसरी एक सायरी नै प्रस्तुत गरेका छन् :-

“टाइट कुर्था, टाइट पाइन्ट, संसार सारा टाइटम्,<br>
विना टाइटनर : नास्ति बेलिवटम पाइन्टम् ।”

(पृ. ११)

यहाँ फेसनको नाममा आधुनिक युवा वर्गले टाइट पाइन्ट र बेलिवटमप्रति देखाएको पोसाक मोहलाई व्यङ्ग्य गरिएको छ ।

रक्सी, ब्रह्मा, ममचा विष्णु, कुखुरादेव महेश्वर<br>
यो सबै मिली मेरो मुखमा परोस् परमेश्वर

(पृ. ११)

यहाँ आफ्नो पारम्परिक नैतिकता र धर्मलाई चटक्क भुलेर अरूको नक्कल गरी भट्टी र डिस्कोमा गई म:म:, रक्सीजन्य पदार्थ खाने र सुरा सुन्दरीमा मस्त रहने ब्राह्मण जातिप्रति व्यङ्ग्य गरिएको छ ।

यस निबन्धमा खैनी खानेहरू जस्तै मै हुँ भन्नेले पनि अरूको जुठो खाने र सफा हुँ भन्नेले पनि ठाउँको विचारै नगरी पिच्च थुक्ने प्रवृत्तिप्रति निबन्धकार यसरी व्यङ्ग्य गरेका छन् :-

> "कसैले थुक्क-थुक्क, कसैले ख्वाक्क-ख्वाक्क, त कसैले पिच्च-पिच्च गरेर राष्ट्रिय खैनी गानको परम्परालाई कायम गरेका थिए... ।" (पृ. १३)

खैनी खाने अम्मलीहरू ओठमा खाल्डो परेको र परीक्षामा चिटसमेत राख्न हुने कुरालाई स्वीकार गर्दै कैयौं युवाहरू आफ्नै आयु घटाई देशमा जनसंख्या घटाउने परिवार नियोजनको लक्ष्यलाई सघाउ पुऱ्याएको समेत व्यक्त गरिएको छ । खैनीजन्य पदार्थको अत्यधिक बिक्री वितरणको लागि त्यसको लोगोमा राखिने युवतीको फोटोप्रति निबन्धकार यसरी व्यङ्ग्य गरेका छन् ।

> "खैनीको महत्त्वलाई बढाउन खैनीको डब्बामा खैनी उत्पादन गर्ने पुरुषको फोटो नराखी एउटा परम सुन्दरी युवतीको फोटो राख्न लगाउने... ।" (पृ. १४)

यसरी यस निबन्धमा खैनी र यसले पारेको नकारात्मक प्रभावमा पनि सरकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय तवरबाट देखाएको निरीहपन र युवावर्ग, कर्मचारी वर्ग, पेसागत वर्गजस्ता समाजका उच्च ओहदाका व्यक्तिहरू आकर्षित भई खैनीजन्य पदार्थको सेवनलाई टेवा पुऱ्याएकोमा निबन्धकारले असहमति व्यक्त गरेका छन् ।

### ४.२.४ श्रीमती एक नभै नहुने समस्या

*श्रीमती एक नभै नहुने समस्या,* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको चौंथो निबन्ध हो । यस निबन्धमा परिवारका अनेक समस्या देखाउँदै निबन्धकारले नभए पनि नहुने र भए पनि सुख नहुने भन्दै श्रीमतीलाई नै सम्पूर्ण समस्याको मूल कारणको रूपमा व्यक्त गरेका छन् ।

आजको यस व्यस्त समयमा विश्व नै समस्यामा फैलिएको छ । संसारका सम्पूर्ण मानव जाति एक न एक समस्याबाट अछुतो रहन सक्दैनन् भन्दै यस निबन्धमा निबन्धकारले यस किसिमको अभिव्यक्ति दिएका छन् ।

> "तल्लो घरको काहिँलालाई विवाह गर्ने समस्या, भान्से बज्यैलाई मसलाको समस्या, सिधा बटुल्ने टपरे बाहुनलाई पनि एउटा टपरी गाँस्ने बूढियाको समस्या...।" (पृ. १७)

यसरी संसारमा चाहे ठूलो चाहे सानो होस्, चाहे धनी चाहे गरीब होस् सबै आ-आफ्नै समस्याबाट पीडित हुन्छन् भन्ने निबन्धकार अन्य व्यवहारिक समस्याले पनि पीडित भएको बताएका छन् ।

यस निबन्धमा बहुविवाह गर्ने तर श्रीमतीहरूलाई उचित व्यवस्थापन गर्न नसक्ने श्रीमान्को आफ्नै समस्या त जेठीलाई पेन्सन, माहिलीलाई सञ्चयकोष, साहिंलीलाई घरभाडा, काँहिलीलाई रजस्वला भत्ता, कान्छीलाई सेवासुसारबापत ग्रेड थप्नुपर्ने भाव उल्लेख गरी बहुविवाह गर्नेलाई आइपरेको समस्याप्रति हास्यात्मक पाराले व्यङ्ग्यरूपी झटारो प्रहार गरेका छन् । त्यस्तै छोराछोरीको माग पूरा गर्न नसक्दा निबन्धकार दिक्क बनेका छन् । त्यस्तै यस निबन्धमा कुनै पनि व्यापार गर्नेदेखि लिएर जागिर खान नातावाद र कृपावादले काम गरेको प्रसङ्गलाई निबन्धकार यसरी व्यक्त गर्दछन् :-

"अब म पनि एउटा बिजनेस गर्छु । मेरो पनि त मान्छे नभएको होइन । विभागमा आफ्नै जेठाबाको छोराको ससुराको साख्खै जेठानको श्रीमतीको भिनाजु छन् ... ।" (पृ. १९)

यस निबन्धमा महिला अधिकार र स्वतन्त्रताले गर्दा धेरै पुरुषहरू पीडित भएको प्रसङ्गबाट पितृसत्तात्मक समाज व्यवस्था रहेको यस मुलुकमा एकाध हुने गरेका नारी दिवसका दिनहरू पनि आखिरी नारीवादी भाषण गर्ने पुरुषहरूलाई नै अपाच्य भएको तथ्यप्रति व्यङ्ग्य प्रहार गरिएको छ । श्रीमतीहरूले निकालेका मागहरूलाई वेवास्ता गरी दमन गर्ने सासूप्रति, रजस्वला भएको बेलामा गरिने दुर्दशापूर्ण व्यवहार एवम् कोसेलीपात र दाइजोपातको आशामा निर्लिप्त भएको परिवारप्रति निबन्धकारले व्यङ्ग्य प्रहार गरेका छन् ।

यसरी सबै पुरुषहरू कुनै न कुनै रूपमा आ-आफ्ना श्रीमतीबाट पीडित भएझैँ निबन्धकारले यस्तो समस्या हुँदाहुँदै पनि झन्झट नगरौँ भने पनि श्रीमती एक नभई नहुने र भए पनि समस्या भैहाल्ने भनी हास्यव्यङ्ग्यको माध्यमबाट शीर्षक सार्थकताको पुष्टि गरेका छन् ।

### ४.२.५ सबभन्दा मजा त मर्दा पो हुँदोरहेछ

*सबभन्दा मजा त मर्दा पो हुँदोरहेछ* निबन्ध **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको पाँचौ निबन्ध हो । यस निबन्धमा मानिसलाई जीवितावस्थामा सधैं चिन्ता, पीर, मर्का परि नै रहन्छ । आफ्नो आवश्यकता पूर्तिका लागि हरपल चिन्तित रहन्छ । यो सम्पूर्ण समस्याले मान्छेलाई जीवनभरि सताइरहन्छ । त्यसो त मान्छेले सुख वा मजा केवल मृत्युपछि प्राप्त गर्दछ भनी निबन्धकार आफू सपनामा मरेको र त्यसपछि स्वर्गमा पाएको आनन्द, सुख, खुसीको काल्पनिक अनुभव गर्दै सबैभन्दा मजा त मर्दा पो हुनेरहेछ भन्ने चिन्तन प्रस्तुत निबन्धमा पाइन्छ ।

यस निबन्धमा मर्न त सबै मर्छन् तर कोही धनको लागि, कोही दलको लागि, कोही सुखको लागि त कोही युवतीको लागि भने कोही सामाजिक रवाफ र प्रतिष्ठाको लागि मरेजस्तै प्रस्तुत निबन्धका निबन्धकार भने कुटनीति, अर्थनीति र राजनीतिबाट नभै पारिवारिक समस्या, श्रीमतीका इच्छा आकाङ्क्षाको पूर्ति गर्न नसकेको कारणले बरु मर्न पाए हाइ सन्चै हुने थियो भनी यस्तो सोच्न

नपाउँदै उनी गुन्द्रीमा घुप्लुक्कै परेको केही क्षणमै निदाउन पुग्छन् । निबन्धकारले निदाएको समयमा सपनामा आफू मरेको देख्छन् भने उता निबन्धकारका परिवार भने केही न केही स्वार्थको लालचामा डाँको छोडी रोएको देख्दछन् । हरेक माया गर्ने मान्छेको पछाडि स्वार्थ लुकेको हुँदोरहेछ त्यस्तै छोराले सम्पत्ति कम कमाइ दिएको भनी, श्रीमती राम्रो लाउँ मिठो खाउँ भन्ने बेलामा श्रीमान् मऱ्यो भनेर त छोरी पनि त्यस्तै आफ्ना समस्याले रुँदा रहेछन् भन्ने चिन्तन व्यक्त गरी मृत परिवारमा हुने डाँको छोडाइप्रति निबन्धकारको त्यस रुवाइमा माया ममताभन्दा पनि स्वार्थले काम गरेको भन्दै त्यस्ता परिवारजनप्रति उनले व्यङ्ग्य प्रहार गरेका छन् ।

उता फेरि निबन्धकार सपनामै मरेर स्वर्गमा पुगेको र त्यहाँ जे चाहियो त्यही पुग्ने कसैको डर, त्रास र भय नहुने, भाइ-भाइ बीचको, लोग्ने स्वास्नी बीचको, नेता र जनता बीचको हानथाप नभएको धेरै स्वतन्त्रता भएको महसुस गरेर सुख त मरेपछि पो हुँदोरहेछ भन्दै निबन्धकार स्वप्नील संसारमा सैर गर्न भनेर जुरुक्कै के उठ्न खोजेका थिए त्यही बेला सिरानी नजिकको फलेकले तालुमा ठोक्किन पुगी यसो हेर्न थाल्छन् त आफ्नै पुरानो पहिलेको घर र पुरानै अवस्था रहेछ भनी स्वयम् निबन्धकारको मुखबाट सबभन्दा मजा त मर्दा हुँदोरहेछ भन्ने वाक्य भनेर निबन्ध टुङ्ग्याइएको छ ।

आफन्तजनको मृत्युपछि रुने, कराउने प्रवृत्तिलाई निबन्धकार स्वाङ्गे प्रवृत्तिको संज्ञा दिंदै यसरी व्यङ्ग्य प्रहार गर्दछन् ।

> "यहाँ सबैजना यो मऱ्यो भनेर आफ्ना इच्छा पूरा गर्न कठिनाइ परेको हुँदा माया मानेर रोए जस्तो गरेर रुँदा रहेछन् । हरेक माया मान्ने मान्छेको पछाडि स्वार्थ लुकेको हुँदोरहेछ...।"
>
> (पृ. २३)

यसरी प्रस्तुत निबन्धमा आफूलाई देख्नेबित्तिकै ङ्यार ङ्यार ङ्रङ्र गर्जिन थाल्ने श्रीमतीलाई कुकुर भनी व्यङ्ग्य गरिएको छ र समयअनुसार आवश्यकताको माग गर्ने छोराछोरी एवम् औषधोपचारको दुखेसो पोख्ने तर मृत्युमा स्वार्थका कारणवश डाँको छोडेर रुने प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरिएको छ ।

### ४.२.६ यस पटकलाई यस्तै भयो

*यस पटकलाई यस्तै भयो* भन्ने निबन्ध **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको छैटौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले जुनसुकै तन्त्र तथा वाद मुलुकमा भित्रिए पनि जनताको अधिकार र स्वतन्त्रता पूरा हुन नसक्ने बरु जनताको बुइँ चढी रातारात धनी बन्दै गएको कुरालाई मुख्य विषयवस्तु बनाएको पाइन्छ ।

प्रस्तुत निबन्धमा राजनीतिक पार्टीका नेताहरूले आफ्नो स्वार्थ पूरा गर्नको लागि प्रजातन्त्र र समाजवादको कुरा गर्दै यसको लागि आन्दोलन गर्नुपर्छ भन्ने पनि आफ्नो चाकरी गर्न सहयोग गर्नको

लागि जनता उक्साउने प्रवृत्तिप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । त्यस्तै आफ्नो आदेश र निर्देशानुसार जनतालाई हतियार बनाउने र जनताकै बहुमत पाएपछि तिनै जनतालाई बेवास्ता गरी आफ्नो स्वार्थ पूरा गर्ने नेताहरूप्रति यसरी व्यङ्ग्य गरिएको छ :-

"आफूसँग गुच्चा, खोपी खेल्दादेखि भूमिगत रहँदासम्मको साथी आजकल सडकमा भेट हुँदा नचिनेझैँ गर्दछ ।" (पृ. २६)

यसरी निबन्धकारले नेता हुनको लागि हतियार बनाएका साथी एवम् जनताहरूलाई आफू पदासीन हुनेबित्तिकै बेवास्ता गरेको व्यवहारप्रति तीव्र व्यङ्ग्य गरिएको छ । नेताहरू प्रजातन्त्र र समाजवादको कुरा गरेर जनतालाई आशा देखाएर आफ्नो एकलौटी स्वार्थ पूरा गर्न उद्यत रहेको प्रसङ्गलाई यसरी व्यक्त गर्छन् :-

"बाबुजी, समाजवाद तो धिरे धिरे आ ही जाएगा ... ।" (पृ. २७)

त्यस्तैगरी राजनीतिमा नातावाद र कृपावाद हावी रहेको प्रसङ्गप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

"अस्ति भर्खरको प्रतिक्रियावादी अस्थिरतावादी भनेर चिनिने चण्डालजीको सालो पञ्चरत्न लुइँटेलको भान्जाले राजदूत पद पड्काइसकेछ...।" (पृ. २९)

त्यस्तै गरी आफ्नो कुनै स्पष्ट दृष्टिकोण नभएका चेपारे प्रवृत्ति भएका राजनीतिक पार्टीप्रति निबन्धकार यसरी व्यङ्ग्य गर्छन्:-

"राजनीतिको न सिङ हुन्छ न पुच्छर, न छेउ न टुप्पो भन्थे साँच्चै गजबको चिज रहेछ" (पृ. २८)

प्रस्तुत निबन्धमा समाजवादमा मजदुर मालिक बन्ने भनी समाजवादका कुरा उठाएर आफ्नै पार्टीका नेताहरूको फरक विचारधारा हुने हुँदा नीति कार्यान्वयन हुन कठिन परेको कुरा उल्लेख गर्दै निबन्धकारले काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भन्ने उखानप्रति व्यङ्ग्य गरका छन् । जनताको गास, बासको ठेगानप्रति बेवास्ता गर्ने तर अकूत सम्पत्ति भ्रष्टाचार गरेर कमाउने र आफ्नो पुस्ताहरूलाई पुग्ने सम्पत्तिको थुप्रो लगाउने तथा छोराछोरीसमेत वैदेशिक अध्ययनमा पठाउने नेताप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी प्रस्तुत निबन्धमा नेताहरूमा विद्यमान नातावाद, कृपावाद, पदलोलुपता एवम् प्रजातन्त्र र समाजवादका मिठा नारावादजस्ता राजनीतिक चेपारे प्रवृत्तिप्रति निबन्धकारले हास्यव्यङ्ग्यात्मकताका माध्यमबाट झटारो हानेका छन् ।

### ४.२.७ सहिद बन्ने चानसै पाइएन

*सहिद बन्ने चानसै पाइएन* निबन्ध **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको सातौं निबन्ध हो । प्रस्तुत निबन्धमा 'सहिद' शब्दको दुरुपयोग भएकोप्रति चिन्ता व्यक्त गरिएको छ । राजनीतिमा

सत्य वक्ता र इमान्दारहरूको मूल्याङ्कन नभएको कुरालाई लेखकले औंल्याएका छन् । आफूलाई राजनीतिमा समाहित गरेर सहिद हुन पुगेका व्यक्तिको परिवारले राहतको सट्टा आहत पाएको यथार्थतालाई यस निबन्धमा देखाइएको छ । नेपालका राजनीतिककर्मीहरूले देशको लागि बलिदान गर्ने सच्चा देशभक्तभन्दा पनि भीरबाट लड्ने, गाडीले ठक्कर दिने, आत्महत्या गर्ने व्यक्तिलाई पनि सहिद घोषणा गरेर सहिद शब्दको धज्जी उडाएका छन् । सहिदका आशा, अभिलाषाप्रति कुठाराघात गरी देखावटी रूपमा एक दुई मिनेट मौन धारणा गर्दै ह्विस्की, ब्राण्डीसँग रमाउँदै त्यसैमाथि अझ दुई चार कुखुरालाई बलि दिने प्रवृत्तिप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

> "सहिद दिवसको दिनमा दुई मिनेट मौन धारणा गरेर बेलुका सहिद दिवसको उपलक्ष्यमा आयोजित जलपान कार्यक्रममा चार, पाँच बोतल भोड्का र पाँच, सातवटा कुखुरालाई थप सहिद बनाएर सहिद दिवस राम्रैसँग मनाइहालिन्छ ... ।" (पृ. ३३)

लेखकले यस निबन्धमा विशेष गरेर राजनीतिमा देखापरेको विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । घरायसी कलहले घर त्यागी हिँडेको केही समयमा मृत अवस्थामा भेटिने व्यक्तिलाई सहिद घोषणा गरेर वास्तविक सहिदहरूप्रति अपमान गरेको कुरा भीरबाट लडेर मर्ने टपरीकान्त उराठलाई सहिद घोषणा गरेको यी कुराबाट प्रमाणित हुन्छ :-

> "गत साल मेरो छिमेकी टपरीकान्त उराठ स्वास्नीको रातदिनको कचकच, साहुको चर्को ब्याज र घर व्यवहारबाट दिक्क भएर वनतिर लागेका थिए । एक सुरमा गएर भीरबाट सुइकुच्चा ठोकेछन् । धेरै दिन खोज तलास गरे, फेला परेनन् तर केही दिनपछि जङ्गलमा लास फेला पऱ्यो । काजक्रिया आदि वैदिक विधिअनुसार सके । कुरा पुरानो भयो । सबैले बिर्सिहाले । समाचार सुन्दा त जनआन्दोलनमा मरेको हो भनी सहिद घोषणा गरी सहिद टपरीकान्त उराठको परिवारलाई राहत स्वरूप नगद एकलाख प्रदान गरिएको छ...। (पृ.३३)

त्यस्तै सहिद शब्दप्रतिको लालचा र राहत मोहले आफ्नो लोग्ने जानाजानी आन्दोलन भएको ठाउँमा गएर सहिद हुन आग्रह गर्ने स्वास्नी प्रवृत्तिप्रति लेखकले तिखो व्यङ्ग्य प्रहार यसरी गरेका छन् :

> "ऊ अरूको त भीरबाट सुइकुच्चा ठोक्दा पनि नगद फल्छ आफ्नो त बरर गोली चलेको ठाउँमा पठाउँदा पनि साँझपख खाने बेलामा जुम्लुङ्ग आइहाल्छन् ... ।" (पृ. ३३)

प्रस्तुत निबन्धमा केही ठाउँमा पारिवारिक कुराहरूप्रति व्यङ्ग्य गरिए तापनि धेरै ठाउँमा राजनीतिक व्यङ्ग्य गरिएको छ । सहिद शब्दको अपव्याख्या र दुरुपयोग गरी कालगतिले मर्नेलाई पनि सहिद घोषणा गरिएकोमा निबन्धकारको विमति रहेको छ ।

### ४.२.८ चञ्चले मन

*चञ्चले मन* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित आठौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले मनका प्रकार, मनको चञ्चलता र यसले समाजमा निम्ताएको राजनीतिक अस्थिरता, सामाजिक विसङ्गति, अनैतिकताजस्ता क्रियाकलापप्रति व्यङ्ग्य सङ्केत गरिएको छ ।

निबन्धकारका अनुसार मन सबैमा हुने तर समय र उमेरअनुसार मनको चञ्चलता फरक फरक हुने मनले मान्छेलाई कि त सकारात्मकतातिर डोऱ्याउने, कि त नकारात्मकतातिर डोऱ्याउने जस्तो मनलाई नै केन्द्रबिन्दु बनाएर लेखेका छन् । मानिसको मन विचित्र रहेको र मनको न छेउ न पुच्छर, न सुरुवात, न अन्त देखाउँदै मनलाई आफै उत्पत्ति हुने र समयानुसार परिवर्तित हुने कुरा निबन्धकार यसरी व्यक्त गर्दछन् :-

"मन विचित्रको छ, कसैलाई मनैले मलीन बनाएको छ । मनको न छेउ न पुच्छर न सुरुवात छ, न अन्त । कमाल छ यो मन...।" (पृ. ३४)

त्यस्तै निबन्धकारले यस निबन्धमा विभिन्न व्यक्तिहरूको मनलाई देखाई प्रत्येक व्यक्तिको मनमा भिन्दाभिन्दै सोचाइ हुने कुरा निबन्धकारले यसरी व्यक्त गरेका छन् :-

"मेरो अगाडि थुप्रै मनहरू देखा पर्दछन् । एकलव्यको मन, द्रोणाचार्यको मन, गान्धीको मन, मार्क्सको मन, फ्रायडको मन, शंकराचार्यको मन, दुर्वासाको मन, गोड्सेको मन अनि घरेलु इष्ट देव गौतम बुद्धको मन... ।" (पृ. ३४)

मन वास्तवमा अमूर्त चिज हो तर पनि यो मन विचित्रको छ, कहिले मन धान्न गाह्रो हुन्छ, कहिले मन भाँचिन्छ, कहिले मन पग्लिन्छ, कहिले मन जमिदिन्छ, कहिले मन थाम्न सकिन्छ त कहिले मन थाम्नै गाह्रो हुन्छ भन्दै यो अमूर्त भए पनि यसले ठाउँ र परिस्थितिअनुसार आफ्नो रूप बदलिदिने कुरा व्यक्त गरेका छन् । त्यस्तै मन पराएपछि त नराम्रो पनि राम्रो देखिने, कालो पनि गोरो देख्ने, अग्लो होचो नहुने, जातभात पनि नभन्ने तर उही मन हो, जसले मन नपराएपछि गोरो पनि कालो, जातभात, सानो ठूलो हुने हुन्छ भने यही मनका कारण समाजमा कहिले मङ्गलकारी, कल्याणकारी कार्य हुन्छ त कहिले अमङ्गलकारी, विध्वंसकारी कार्य हुन्छ भनी लेखकले मनलाई नै मान्छेको चालकको रूपमा लिएका छन् ।

त्यस्तै मन सबैमा हुने तर सबैको मन एकैनासको नहुने, कसैको स्वार्थी मन त कसैको परोपकारी मन हुने भाव देखाई निबन्धकारले लेखनाथ पौड्यालका यी हरफहरूलाई स्पष्ट पार्न खोजेका छन् :-

"म खाऊँ मैलाऊँ, सुख सयल वा मोज म गरूँ ।
म बाँचूँ मै नाचूँ अरु सब मरून् दुर्बलहरू ।।" (पृ. ३५)

प्रस्तुत निबन्धमा विभिन्न व्यक्तिहरूको मनको चर्चा गर्ने क्रममा व्यापारीको मन, नेताको मन, दलालीको मन, चञ्चले युवतीको मनमार्फत प्रचलित कानुन व्यवस्थाप्रति निबन्धकारको दृष्टि पुगेको पाइन्छ । यस निबन्धमा समग्रमा मानिसको मन, मनको तह, एकाइ र वर्गीकरण गरी स्वार्थी प्रवृत्तिको मनप्रति निबन्धकारले हँसाउने पाराले व्यङ्ग्य प्रहार गरेका छन् । यस निबन्धमा घरायसी व्यङ्ग्यदेखि राजनीतिक व्यङ्ग्यले प्रमुख स्थान पाएको देखिन्छ ।

### ४.२.९ दाइजो

*दाइजो* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको नवौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले छोरीको विवाहमा दिइने दाइजो र यसले समाजमा निम्ताएको विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएका छन् ।

आज मुलुक एक्काइसौं शताब्दीमा आइपुग्दा पनि विदेशीहरूले अतिरिक्त ग्रह, नक्षत्रको खोजीमा लाग्दा हाम्रा मुलुकका रैतीदेखि राजासम्मका तमाम नेपालीहरू दाइजो भनेपछि सदावहार कुकुरझैं ऱ्याल काढिरहने प्रवृत्तिप्रति तिखो झापडको रूपमा यो निबन्ध प्रस्तुत भएको छ । दाइजो प्रथा समाजमा प्रचलनको रूपमा विकसित भैसकेको र दाइजो बिना छोरीको घरवार असम्भव जस्तो भैसकेको कारण छोरी पाउने बाबुआमाले छोरीको लागि भए पनि सम्पत्ति कमाउनु पर्ने स्थितिप्रति व्यङ्ग्य गरिएको छ ।

समाजमा दाइजोका कारणले विवाहपश्चात् विभिन्न घटनाहरू घटेको देखाई विवाहलाई जीवनको सहयात्राको रूपमा नलिई सम्पत्ति कमाउने एक मात्र वैकल्पिक उपायको रूपमा लिई जिन्दगीभरि कमाउन नसकेको सम्पत्ति छोराको विवाहमा भित्र्याएर रहर पूरा गर्ने जनमानसप्रति व्यङ्ग्य गरिएको छ । विवादमा दाइजोको लोभले केटीतर्फका धनी छन् भनेपछि रूप, शीलस्वभाव, गुण नहेरी दबाबमा बिहे गर्न तम्सिएको र विवाहले गर्दा पश्चात्तापमा पर्नेप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् ।

> "अनुहार राम्रोसँग देखेको छैन भन्दा लमी भनाउँदा मामा रनक्क रक्निहाले । सबै थोक हेरेर साध्य लाउँछ ? चिठी-चिठीमा छोराछोरी पाउने जमाना आइसक्यो ...।" (पृ. ४१)

यस निबन्धमा निबन्धकारले ठूला-ठूला सभाहरूमा दाइजो विरोधी भाषण गर्ने कथित जनवादी विवाहलाई प्रोत्साहन गर्ने व्यक्तिहरूले लुकीछिपी विवाहको अघिल्लो दिन वा पछिल्लो दिन पारेर दाइजो भित्र्याउने र विवाहको दिनमा अरूको आँखामा छारो हाल्न जनवादी विवाहको स्वाङ पार्नेहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

“अस्ति एकजना मन्त्रीले आफ्नो छोराको विवाह जनवादी तरिकाले गराए भन्ने निकै हल्ला सुनियो, पछि बुझ्दाखेरी त दाइजो त अघिल्यै दिन ट्रकमा हालेर ल्याइसकेका रहेछन् ...।”

(पृ. ३९)

यसरी प्रस्तुत निबन्ध दाइजो र यसले समाजमा पारेको नकारात्मक असरलाई देखाउन खोजेको छ । धेरै छोरी हुने अभिभावकहरू सधैं पुर्पुरोमा हात लगाएर बस्नु पर्ने अवस्थालाई चित्रण गर्दै समाजबाट दाइजो प्रथा उन्मूलन हुनुपर्छ भन्ने सिद्धान्त स्थापित गर्दै दाइजो लिने र दिने दुवैलाई यस निबन्धमा व्यङ्ग्य प्रहार गरिएको छ ।

## ४.२.१० भानुभक्तसँग जम्काभेट

*भानुभक्तसँग जम्काभेट* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित दसौं निबन्ध हो । यस निबन्धमार्फत नेपाली साहित्य क्षेत्रको खस्किँदो परिवेश एवम् साहित्यप्रेमी व्यक्तिहरूको घट्दो उपस्थितिप्रति चर्को व्यङ्ग्य गरिएको छ । साहित्यिक क्षेत्रको महत्त्व दिनप्रतिदिन घट्दै गएको अवस्थाप्रति निबन्धकारको विमति रहेको छ । यदि यस्तै अवस्था लामो समयसम्म रहिरहने हो भने साहित्यिक क्षेत्र नै लोप नहोला भन्न सकिँदैन । त्यसैले साहित्यिक क्षेत्रको विकास गर्न नयाँ मूल्य मान्यता र समय परिस्थितिअनुरूप परिवर्तन हुनुपर्छ भन्ने कुरालाई हास्यव्यङ्ग्यात्मक पाराले निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

यस निबन्धमा निबन्धकारले नेपाली साहित्यको प्राथमिककालीन प्रमुख कवि भानुभक्त आचार्यको शैलीलाई अनुकरण गरी साहित्य सम्बन्धमा देखिएका विकृति र विसङ्गतिलाई व्यक्त गरेका छन् । निबन्धकारले आफू निदाएको बेला परलोकमा पुगेको परिकल्पना गरेका छन् । स्वर्गमा भानुभक्तलाई भेट्न निकै गाह्रो परेको एवम् भानुभक्त अरूलाई आफ्ना कविता सुनाउन व्यस्त रहेको उल्लेख गरेका छन् । भानुभक्तकै शैलीमा लेखिएका निबन्धकारका श्लोकहरू यसप्रकार रहेका छन् :-

“भर जन्म तरुनीतिर मन दिई धन गुमायो
नाम केही रहोस् भनेर पछि भट्टि बनायो ।” (पृ. ४६)

निबन्धकारले प्रस्तुत निबन्धमा भानुभक्तलाई गाली गर्दै जमाना कहाँबाट कहाँ पुगिसक्यो तर नेपाली साहित्यमा भने उही पुरानो रीतिरिवाज हावी भएको भन्दै साहित्यकार हुने भए समयअनुसार परिवर्तित भई लेख्न सक्नुपर्छ केवल ठूला-ठूला ठेली लेखेर मात्र साहित्यकार नबनिने कुरा निबन्धकारले व्यक्त गरेका छन् ।

यसरी लेखकले कुनै पनि साहित्य सृजनाको अवस्था खस्कँदै गएको वर्तमान समयमा साहित्यिक आवश्यकतालाई केन्द्रबिन्दु बनाइएको छ र त्यसको लागि साहित्यिक क्षेत्रमा पनि समय परिस्थितिअनुसार परिवर्तन ल्याउनुपर्ने कुरालाई निबन्धकारले यस निबन्धमा उल्लेख गरेका छन् ।

### ४.२.११ म त गोरखापत्र भएँ

*म त गोरखापत्र भएँ* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको एघारौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले गोरखापत्रलाई केवल सत्ताधारीहरूले आफ्नो मुखपत्र बनाएको प्रति आत्मकथनात्मक शैलीद्वारा व्यङ्ग्य प्रस्तुत गरेका छन् । वि.सं. १९५८ सालदेखि प्रकाशित हुँदै आएको **गोरखापत्र** नेपालको पहिलो र पुरानो पत्रिका हो । तत्कालीन समयदेखि वर्तमान समयसम्म आइपुग्दा यसले झेल्नुपरेका समस्याहरूलाई लेखकले यस निबन्धमा मुख्य विषयवस्तु बनाएका छन् ।

देशको पुरानो तर प्रतिनिधि पत्रिका **गोरखापत्र**बाट धेरैले फाइदा उठाए, धेरैले यसको अस्तित्व मेटाउने काम गरे तर अमूक रहेको **गोरखापत्र**को कुनै गुनासो रहेको छैन । कामधेनु गाईले जस्तै **गोरखापत्र**ले निरन्तर काममा सहयोग पुऱ्याएको देखिन्छ । कहिले विद्यार्थीको लागि टेबुलमा छाप्न, कहिले व्यापारीको नयाँ कपडा बेर्न, कहिले चना चट्पटे पोको पार्न, कहिले कसैको घरको भित्तामा टाँस्न प्रयोग गरिने **गोरखापत्र**ले ठाउँ र समयअनुसार आफ्नो अस्तित्व लुटाउनु परेको भन्दै निबन्धकारद्वारा **गोरखापत्र**को दुरुपयोगकर्ताप्रति यसरी तीव्र व्यङ्ग्य प्रहार गरिएको छ :-

> "कसैले टेबलमाथि मिल्काइदिन्छन् म कसैको पुरानो कपडा छोप्ने हुन्छु त कसैको नयाँ लुगा बेर्ने हुन पुग्छु । मेरो महत्त्व विद्वान्ले मात्र हैन हरेक कपडा पसले र सूचीकारले पनि बुझेको छ ।" (पृ. ५०)

यसरी गोरखापत्रले सस्तो मूल्यमा आफ्नो अस्तित्व लुटाउन परेको कारुणिकतामाथि लेखकले आत्मकथनात्मक शैलीद्वारा गुनासो गरेका छन् ।

राणाशासनकालमा गोरखापत्रले आफ्नो अनुकूल नहुँदा नहुँदै पनि राणाशासनको करकापमा परेर उसका गलत क्रियाकलापहरू लुकाई राम्रा पक्षहरूको मात्र वकालत गर्नु पर्ने र राणाहरूद्वारा दबिनु पर्ने विवशतालाई निबन्धकारले यसरी व्यक्त गरेका छन् :-

> "राणा शासनकालमा कुनको चाकडी कसरी पुऱ्याए सो तपाईलाई किन भनिरहूँ । जन्मेपछि सालनाल नछुट्टिँदै कतिलाई कर्णेलको बिल्ला लगाइदिएँ । कति युवतीहरूको कथा व्यथा भित्रभित्रै दबाइदिएँ । पञ्चायत धान्न मैले के गरिन ? राष्ट्रवादीलाई अराष्ट्रिय बनाएँ ।" (पृ. ५०)

यसरी अर्काको करकापमा र दमनमा आफूले बाध्यतावश गर्नु परेका क्रियाकलापप्रति **गोरखापत्र** स्वयम्को गुनासो रहेको छ ।

त्यस्तै सही कुरा छापिंदा आफ्नो कारखाना नै जल्ने स्थितिमा पुगेको कुराले निबन्धकार यस्ता क्रियाकलापप्रति तीव्र व्यङ्ग्य गरेका छन् । देशका गरीब, शोषित जनताहरूको पीडा, समस्या, रोदन, चीत्कार, कारुणिकता र क्रान्तिकारीहरूको बुलन्द आवाजलाई लुकाएको बाध्यता एवम् बेरोजगारको रोजगार, नवधनाढ्यको समवेदना, मन्त्रीको उद्घाटनदेखि कसैको भाका पूर्जी त कसैको टेण्डर एवम् रोकुवा, फुकवाका साथै परिवार नियोजनका अस्थायी साधनहरू ढाल, गुलाब, पिल्स, लूप आदिको विज्ञापन गर्नु पर्ने आफ्नो बाध्यताप्रति पत्रिकाको विमति रहेको कुरा यस निबन्धमा प्रस्तुत गरिएको छ ।

यसरी **गोरखापत्र**ले धेरैको स्वार्थको लागि काम गर्नु परेको एवम् शासनसत्ताको चम्चा बनेर केवल **गोरखापत्र** भएँ भनी **गोरखापत्र**को चौरानब्बे वर्षको जीवनीलाई आत्मकथाको रूपमा निबन्धकारले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । यसै सिलसिलामा लेखकद्वारा सञ्चारको प्रमुख माध्यम पत्रपत्रिकाको वर्तमान अवस्थाको चित्रण र प्रेस स्वतन्त्रतामाथि भइरहेको दमनकारी नीतिप्रति यस निबन्धमा व्यङ्ग्य गरिएको छ ।

### ४.२.१२ दर खानुभन्दा हरेस खानु जाती

*दर खानुभन्दा हरेस खानु जाती* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित बाह्रौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले आर्थिक समस्याका कारण चाडबाडले निम्त्याएको पारिवारिक समस्या र विघटनलाई प्रमुख विषयवस्तु बनाएका छन् ।

वर्ष दिनमा आउने हिन्दू महिलाहरूको महान् चाड तीजमा आफूसँग क्षमता नभए पनि दरको जोहो गर्नु पर्ने बूढीलाई माइत पठाउनै पर्ने एवम् भै नभै तीजमा नयाँ लुगा किनिदिनु पर्ने प्रवृत्तिप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् ।

> "यसपटक भलबाढी र महँगीको मारले ओडापैरी हाल्न सकेको थिइन, त्यसैको झोंक फेर्न जेठान साहेबका शर्ट, पाइन्ट, पो भिरेर आइछ...।" (पृ. ५६)

त्यस्तै बजार महँगीले आकाश छुँदा जीवन धान्न धौ-धौ परेको प्रसङ्गप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

> "दर भन्नु र दशा भन्नु केही फरक छैन । एउटा भेन्टो जत्रो काँक्रोलाई बीस रूपैया रे । तीनवटा घिरौलाको तीन तीयाँ नौ रूपैया... ?" (पृ. ५३)

निबन्धकारले यस निबन्धमा कोही मिठा-मिठा परिकारमा महलमा विलासी जीवन बिताउने भने कोही दिनभरि परिश्रम गर्दा पनि दाल-भातको जोहो गर्न नसक्ने भन्दै श्रमिकको पसिना चुसेर मोटाएका ठूलाठालुप्रति विमति जनाउँदै निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

“तेल र घ्यूको त कुरै छोडौं, त्यो त नखाने वस्तु भै गयो । तरकारीचाहिँ फेरि फेरि खाइन्छ भन्नै पऱ्यो बिहान फर्सी र घिरौला, बेलुका घिरौला र फर्सी । आलु र चामल त जो कोहीले किन्न सक्ने कुरै भएन... ।” (पृ. ५३-५४)

त्यस्तै यस निबन्धमा आफ्नो अनुकूल नहुँदा पनि तीजमा माइत जानैपर्ने मुढेबल गर्ने श्रीमतीहरूप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् ।

“क्यारे ? माइत नजाने रे ? तिम्रै दिदीबहिनीको भाँडा माझेर बस्ली भनेर होला हैन ? भन्दै हान्ने रागाँले झैं झम्टिन थाली ।” (पृ. ५४)

त्यसका साथै यस निबन्धमा आफ्ना कपाल तिलचामल भैसकेर हजुरबा भैसकेकाले पनि घरकी श्रीमतीलाई बिर्सी परस्त्रीलाई आँखा लगाउने कथित पुरुषहरूप्रति व्यङ्ग्य प्रहार गर्दै तीजलाई चेलीबेटी जम्मा भई सुखदु:खका मार्मिक पोका नफुकाई राजनीतिक गीतहरू प्रस्तुत गर्नुले तीजको मूल्य र मान्यता बिर्सिएको आरोप लगाउँदै त्यसप्रति व्यङ्ग्य गरेका छन् ।

यसरी निबन्धकारले यस निबन्धमा तीजको मूल्य र मान्यताका नाममा यसको स्वच्छ छवि हराई राजनीति घुसेको एवम् महँगीका कारण चाडबाडसमेत दशामा परिणत भएकाले गरीबहरूले पनि सबै सरह बाँच्नु पर्ने बाध्यात्मक स्थितिप्रति व्यङ्ग्य गर्दै निबन्धकारले दर खानुभन्दा हरेस खानु जाती भनेका छन् ।

### ४.२.१३ मेरो प्यारो राजधानी शहर

*मेरो प्यारो राजधानी शहर* **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रहको तेह्रौं वा अन्तिम निबन्ध हो । यस निबन्धमा निबन्धकारले हाम्रो देशको राजधानी काठमाडौं सहरको अस्तव्यस्तता एवम् अव्यवस्थित परिपार्टीप्रति व्यङ्ग्य गरेका छन् ।

सम्पूर्ण देशको चिनारी समेट्ने र आम जनताहरूको आशाको केन्द्रबिन्दु बनेको राजधानीको परिचय बिग्रिएकोमा कसैको ध्यान नपुग्नुमा नै निबन्धकारको व्यङ्ग्य रहेको छ । निबन्धकारले काठमाडौं सहरमा व्याप्त अपरिचय प्रवृत्तिप्रति यसरी व्यङ्ग्य गरेका छन् ।

“वल्लो घरकोले पल्लो घरकोलाई चिन्दैन, पल्लो घरकाले वल्लो घरकोलाई चिन्दैन, बाउले छोरा चिन्दैन, छोराले बाउ चिन्दैन ... ।” (पृ. ५९)

त्यस्तै जलस्रोतको धनी देश नेपालमा भएको विद्युत् आपूर्ति बन्द हुँदा देसवासीहरू अँध्यारोमा बस्नुपरेको र नेपालको मुटु काठमाडौंमा पनि सोही समस्या झेल्नुपरेको प्रति यसरी व्यङ्ग्य गरिएको छ ।

“झ्याप्प झ्याप्प विद्युत् लाइन काटिन्छ । रेष्टुरेण्टमा बूढाबूढी नास्ता गर्न बस्यो पिसाब फेरेर आउँदा बूढाबूढी साँटिन्छ ।” (पृ. ५९)

त्यस्तै निबन्धकार आफ्नो मुलुकको आशाको केन्द्रबिन्दु र नीतिनिर्माणको धरोहर बनेको राजधानी सहर काठमाडौंमा अधिक जनचाप, भीडभाड, कोलाहल, प्रदूषण, डँकैती, लुटपाट, बलात्कार, अपहरणजस्ता अनैतिक क्रियाकलापले देशको धरोहर नै धराशायी बन्न पुगेको र यसप्रति सम्बन्धित निकायको ध्यान नपुग्नुप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । काठमाडौं सहरमा भएको महँगी र कालाबजारीले आकाश छोएको र युवा पिंढीहरू केवल ब्यूटीपार्लर, रेष्टुरेण्ट, नाइट क्लब, मसाज पार्लर आदिका नियमित ग्राहक बन्दै जाँदा मुलुकले बेहोर्नु परेको विसङ्गत स्थिति र विकृत वातावरणप्रति निबन्धकारको आपत्ति रहेको छ ।

यसरी निबन्धकारले यस निबन्धमा राजधानीको रूपमा रहेको काठमाडौं सहरमा आएको विकृति र विसङ्गतिको चर्चा गर्दै अपरिचयीकरण र युवा पिंढीले भित्र्याएको भयावहयुक्त वातावरणप्रति देशका पहरेदारहरू सचेत नभएकोप्रति निबन्धकारले व्यङ्ग्य प्रहार गरेका छन् ।

## ४.३ निष्कर्ष

**पार्टी खोल्ने धुनमा** (२०५२) तिलकराज शर्माको पहिलो हास्यव्यङ्ग्यात्मक निबन्ध सङ्ग्रह हो । विभिन्न पत्रपत्रिकाहरूमा दुई दर्जन जति हास्यव्यङ्ग्य फुटकर निबन्धहरू प्रकाशित भएपश्चात् पुस्तक प्रकाशनमा जुटेका शर्माको यो निबन्ध सङ्ग्रहमा जम्मा तेह्रवटा निबन्ध रचनाहरू रहेका छन् । समाजमा विद्यमान कमीकमजोरीहरूप्रति औंला ठड्याउँदै हास्य र व्यङ्ग्यका माध्यमबाट सुधारको अपेक्षा राख्नु शर्माको कुशल नैबन्धिक शिल्पकला हो ।

यस निबन्ध सङ्ग्रहका निबन्धहरूको प्रस्तुतिमा शृङ्खलाविहीन, अत्यधिक अङ्ग्रेजी र हिन्दी शब्दको प्रयोग, अर्थमा पुनरावृत्ति, शब्दमा पुनरावृत्तिका साथै प्रत्येक निबन्धको विषयवस्तु उस्तैउस्तै देखिनुजस्ता कमजोरीहरू पाइन्छन् । झट्ट हेर्दा हास्य र व्यङ्ग्यको समान प्रस्तुति देखिए तापनि अर्थगत पहिचानका हिसाबले हास्य केवल हाँसोमा मात्रै सीमित रहेको छ भने व्यङ्ग्यले निबन्धको उचाइलाई पक्रिन सफल रहेको देखिन्छ । जे होस् सानातिना कमजोरीहरू चामलमा घुनजस्तै विलीन हुन पुग्छन्, त्यसैले हास्यव्यङ्ग्यात्मक निबन्ध फाँटमा यस निबन्ध सङ्ग्रहको स्थान उच्च रहेको छ ।

## ४.४ दौरा सुरुवाल र टोपी आतङ्क निबन्ध सङ्ग्रहको अध्ययन

**दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रह तिलकराज शर्माको दोस्रो निबन्ध सङ्ग्रह हो । **पार्टी खोल्ने धुनमा** (२०५२) को प्रकाशनपश्चात् तेह्र वर्षको अन्तरालपछि पुनः पुस्तक प्रकाशन कार्यमा जुटेका शर्मा यस सङ्ग्रहसम्म आइपुग्दा निबन्धमा आफ्नो छुट्टै स्थान बनाउन सफल भएका छन् । चितवन साहित्य परिषद्ले प्रकाशनमा ल्याएको प्रस्तुत हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) मा एक्काईसवटा निबन्धहरू रहेका छन् । यसमा उनले आफ्नै

जीवनका सेरोफेरोका समसामयिक विषयलाई कुशलतापूर्वक पक्री अधिकतर शालीन शैलीको प्रयोग गर्दै घतलाग्दो हास्य र तीक्ष्ण व्यङ्ग्य प्रकट गरेका छन् ।[63] हास्यव्यङ्ग्यका साहित्यिक पूर्वज र समकालीन अग्रजहरूप्रति श्रद्धाभाव राख्ने हास्यव्यङ्ग्यकार शर्मा हास्यव्यङ्ग्यका शिखर व्यक्तित्व भैरव अर्यालका रचनाबाट प्रभावित देखिन्छन् ।[64] अभिव्यक्तिका हिसाबले उनले अर्यालकै भाषाशैलीको सिको गरेको पाइन्छ ।

यसरी आफूभन्दा पूर्वजप्रति सद्भाव, समवर्तीसँग सहकार्य र भावी पिँढीलाई प्रेरणाको स्रोत बनेका शर्माको **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा आइपुग्दा उनको हास्यव्यङ्ग्यात्मक कलम अझै तिखारिएको पाइन्छ । विशेषत: यस सङ्ग्रहभित्रका निबन्धहरूमा अघिल्लो निबन्ध सङ्ग्रहमा जस्तै समसामयिक जीवनका विकृति र विसङ्गति जस्तै यसमा पनि वर्तमान परिवेशका कठिनतम परिस्थितिप्रति व्यङ्ग्य गरिएको भए पनि प्रस्तुतिमा केही भिन्नता रहेको छ ।

### ४.४.१ 'मन दुखेको छ'

*मन दुखेको छ* निबन्ध **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित पहिलो निबन्ध हो । यस निबन्धमा निबन्धकारले वि.सं. २०६३ मा भएको लोकतान्त्रिक आन्दोलनको सफलतापछि वि.सं. २०६५ मा भएको संविधान सभाको चुनावसम्मको देशभित्रको यथार्थ चित्रणलाई निबन्धका माध्यमबाट प्रस्तुत गरेका छन् । संविधान सभाको चुनावमा जनताबाट निर्वाचित भएका सम्पूर्ण सदस्यहरूको राजनीतिक खिचातानी र समानुपातिक सदस्यको संख्यामा अत्यधिक अनपढ व्यक्तिहरूको उपस्थितिले कस्तो संविधान बन्ला भन्ने प्रश्नसमेत खडा भएको छ । समानुपातिक सदस्य नामाकरण गरेर धेरै सदस्य संख्या बढाएर देशको अर्थतन्त्र धमिल्याउन लागिपरेको तत्कालीन संविधान सभाका मनोनीत सदस्यहरूका साथै तत्कालीन सरकारप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

त्यस्तै यस निबन्धमा निबन्धकारले आफू पञ्चायत कालमा सबै नेपाली पञ्च र सबै पञ्च नेपाली जस्तो सिद्धान्तलाई पालना गरेर तथा बहुदल प्राप्तिपछि पनि चाकडी र चाप्लुसीद्वारा पुन: मन्त्री भई ऐस आराम गरेको कुरा सम्झँदै वर्तमान समयमा कल्पनामा डुबेका छन् । हातमा शक्ति र गोजीमा धन हुँदासम्म हजुर हजुर भन्ने श्रीमतीले पनि बेवास्ता गरेको देख्दा आफ्नो मन दुखेको कुरा व्यक्त गर्दछन् । निजी स्वार्थको प्रलोभनमा परेर चाकडी चाप्लुसीद्वारा आफ्नो लोग्नेलाई मन्त्रीपद कुम्ल्याउन उद्यत गराउने तमाम स्वास्नी प्रवृत्तिलाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् :-

"अरूका लोग्ने नेताको चाकडीमा बल्खु र बालुवाटारमा पुगिसके ८ बजे रत्नपार्कमा झण्डा लिएर निस्कने बेला भैसक्यो, यसपटक आन्दोलनको उर्दीमा कार्यकर्ता कम आउँछन् रे बेलैमा

[63] कपिल अज्ञात, **स्रष्टाबिम्ब : व्यक्तित्व र आरेख,** (चितवन : चितवन साहित्य परिषद्, २०६७), पृ. २१ ।
[64] ऐजन ।

निस्केर अगाडि-अगाडि देखापरे भोलि मूल्याङ्कन हुन्छ, टिकट पाइन्छ, बुद्धि न सुद्धिका कुम्भकर्ण ।" (पृ. १)

यहाँ लेखक संसद् विघटन भएपछि नै श्रीमतीको खटनमा बस्नु परेको बाध्यात्मक स्थितिलाई आत्मपरक ढङ्गले व्यक्त गरेका छन् । श्रीमतीले लोग्नेलाई चाकडीको लागि गरेको आग्रहले ठूलो पदमा पुग्न चाकडीबाज हाबी हुन्छ भन्ने कुराप्रति यसरी व्यङ्ग्य गरेका छन् :-

"पञ्चायतकालमा पनि नेताकै निर्देशनमा पञ्चायतमा पसेर सांसद मन्त्री भइयो । प्रथम जनआन्दोलन सफल भएपछि नैताकै इशारामा बहुदलवादी नेताको गुटमा लागेर चुनाव जितियो मन्त्री पनि भइयो । देश विदेश चहारियो । मोटर चढ्न डराउने लुरीकी आमालाई प्लेन चढाएर देश विदेश पनि घुमाइयो । योग्यता नै नभएका छोराछोरी र साला-सालीलाई छात्रवृत्तिमा अमेरिका पुऱ्याइयो.... ।" (पृ. ३)

यहाँ आफू सत्तामा आसीन रहँदा आफ्ना नाता, इष्टमित्र, भान्जा-भान्जी, ज्वाइँ, रखौटे, भरौटे सबैलाई आफ्नो पदको दुरुपयोग गरेर गरेको सहयोगको चर्चा गरेका छन् । आफ्नो हातमा शक्ति रहेसम्म सत्तामा बसेर दुरुपयोग गरिरहने वर्तमान नेपालका राजनीतिज्ञहरूलाई लेखकले दह्रो व्यङ्ग्य प्रहार गरेका छन्, साथै गरीब दु:खीलाई उपल्ला वर्गले गर्ने तिरस्कार र दमनप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । बिर्खे कामीकी श्रीमतीको दयनीय अवस्था र उसले गाउने भाका *गरीबलाई नगर हेला, छेउको सियो माझैंमा कोई बेला* जस्ता गीतले अझै जातीय तिरस्कारलाई पुष्टि गर्दछ ।

### ४.४.२ जनै विवाद र समाधान

*जनै विवाद र समाधान* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको दोस्रो निबन्ध हो । यस निबन्धमा संस्कृतिको विकृत पक्षमाथि लक्षित गर्दै जनै ब्राह्मण-क्षेत्रीको मात्र पेवा नभै सम्पूर्ण जातिको हुनुपर्छ भन्ने धारणा निबन्धकारले प्रस्तुत गरेका छन् । वैश्य, शूद्र, महिला वर्गले पनि जनै लगाएर जातीय एकता कायम गर्न आग्रह गरिएको छ । वैदिक कालदेखि यज्ञोपवीत अथवा जनैको महत्त्व दर्शाउँदै जनैलाई पुकारिने विविध शिखा, ब्रह्मसूत्र, माल्का, चर्खेकोरीजस्ता नामहरूको चर्चा गरेका छन् । यज्ञद्वारा यज्ञोपवीत वा जनै महिला वर्गले लगाउने अनुमति नदिएको तत्कालीन धर्म व्यवस्थाका ठेकेदारहरूले महिला वर्गप्रति अन्याय गरेको ठहर लेखकले गरेका छन् । जनै ग्रहण सम्बन्धमा छुट्टै नीतिनियम हुनुपर्ने, कुन बेला जनै धारण गर्न हुने वा नहुनेजस्ता कुराहरू प्रस्ट पार्दै पुरुषले भट्टी धाउँदा, रण्डीबाजी गर्दा, सहवास गर्दा, शौच जाँदा जनै खोल्नु पर्ने वा कानमाथि राख्नु पर्ने तथा महिलाले शौच जाँदा र मासिक स्राव भएको बेला जनै कानमा राख्ने अथवा फुकाल्ने गर्नुपर्छ जस्ता अवधारणा लेखकले अगाडि सारेका छन् ।

निबन्धकारले यस निबन्धमा जनै महत्त्वको चर्चा गर्दै देशमा विभिन्न ठाउँमा जनै उद्योग खोल्नुपर्ने पशुपतिका बृद्धहरू र जेल कैदीहरूलाई चर्खा उद्योग सञ्चालन गरी रोजगार दिनुपर्ने, जनैको विशेष र ट्रेडमार्कमा दर्ता हुनुपर्ने, एउटा जनै मन्त्रालय हुनुपर्ने, वैदेशिक अर्थात् वनारसबाट आयातित जनैलाई रोक लगाउँदै देशमा जनै उत्पादन गर्ने युवाहरूलाई जागरुक बनाउनुपर्छ भन्ने कुरा निबन्धकारले उल्लेख गरेका छन् । जनैलाई आम नेपालीको पहिचान मान्दै पेटमा ग्याष्टिक र बाटोमा प्लाष्टिक नभेटी नेपाल र नेपाली हुँदैन भने जस्तै काँधमा जनै र शिरमा टुप्पी नभए त्यसलाई ब्राह्मण भन्न मिल्दैन भन्ने कुरा उनले अभिव्यक्त गरेका छन् । बाहुन र क्षेत्रीले जनैलाई आफ्नो पेवा बनाएजस्तै नेताहरूले देशलाई नै आफ्नो पेवा बनाएको कुरा प्रस्तुत गरी सर्वसत्तावादी चरित्रमाथि दरिलो व्यङ्ग्य गरेका छन् । यस निबन्धमा आयातीत प्रमाणपत्र र कमसल खालका सामानमा रोक लगाउनु पर्ने तर्क पनि अघि सारिएको छ ।

यस निबन्धमा निबन्धकारले हास्य र व्यङ्ग्यका माध्यमबाट जनै व्यवस्थापनसम्बन्धी तर्कहरू अघि सार्दै वर्तमान अवस्थाका युवकहरूको परम्पराविरोधी गतिविधिको चर्चा यसरी गरेका छन् :-

> “आजभोलिका युवाहरूले व्रतबन्ध गरेको भोलिपल्टै जनै फुकालेर मिल्काउँछन् । कम्मरमा बाँधेर लुकाउँछन्, जनै लगाएरै लुकीलुकी जाँड रक्सी खाने गरेका छन् ...।” (पृ. ९)

त्यस्तै संस्कृतिको नाममा नेपाली महिलाहरूले रजोवती भएको बेला बेहोर्नुपर्ने पीडा र लाचार भै सबैका अगाडि पन्छिए भन्नुपर्ने अप्ठ्यारो स्थितिप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

> “बुहारीले घरमा सासू, ससूरा र पतिलाई लाज पचाएर ‘म पन्छिएँ हजुर’ भन्नुभन्दा त कानमा जनै सिउरिएर ठिंग अगाडि उभिएपछि त सबैले कुरा बुझिहाल्छन् नि... ।” (पृ. १२)

यसरी प्रस्तुत जनै विवाद र समाधान निबन्धमा निबन्धकारले घरायसी समस्यादेखि देशमा विद्यमान राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्यको झटारो हानेका छन् ।

### ४.४.३ हे प्रभु ! मलाई पद चाहिएन

*हे प्रभु ! मलाई पद चाहिएन* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्कलित तेस्रो निबन्ध हो । यस निबन्धमा राजनीतिक व्यक्तिहरूमा देखिएको पद मोहप्रति तिखो व्यङ्ग्य गरिएको छ । वर्तमान अवस्थाका मन्त्रीहरू पद प्राप्त भएपछि लिसोझैँ टाँसिन चाहिरहने र पदासीन रहँदा भ्रष्टाचार गरी अकूत आर्थिक उपार्जन गर्ने नेताहरूप्रति छेड हानेका छन् । रातारात दल बदल्नेलाई पैसा र चलखेलको आधारमा निर्वाचनमा टिकट दिलाउने मन्त्री भएपछि सम्पत्ति कमाउने र जनताको लागि सिन्को नभाँची आफन्तजनकै भलोको लागि प्रवृत्त रहने नेताहरूको दुश्चरित्रको भण्डाफोर गर्ने काम यस निबन्धमा गरिएको छ । यसका अतिरिक्त राजस्व छल्ने उद्यमी व्यवसायीहरू, म्यानपावर कम्पनी खोलेर दुनियाँ ठग्ने प्रवृत्तिका मानिसहरूप्रति पनि निबन्धले

व्यङ्ग्यको झटारो हानेको छ । यस निबन्धमा भ्रष्टाचार आवरण आयोगमा रूपान्तरित गर्नुपर्ने व्यङ्ग्यात्मक तर्क प्रस्तुत गरी निबन्धको बिट मारिएको छ ।

यस निबन्धमा हास्यव्यङ्ग्यात्मकतालाई ठाउँ-ठाउँमा प्रस्तुत गरेर निबन्धकारले अझै रोचक र घोचक रूपमा यसरी प्रस्तुत गरेका छन् :-

> "नेताले रेकर्ड टिपनटापन गरेर निर्णय गरेर भए पनि तिलक पौडेलका सट्टा तिलकुमारी पौडेल भई अर्कै महिलाले दावी गर्ने रहिछन् ...।" (पृ. १८)

यहाँ सरकारी कार्यालयमा हुने बेवास्ता, लापरवाहीले गर्दा एउटाको नाम बेचेर अर्काले फाइदा लिएको कुरालाई लेखकले यसरी उल्लेख गरेका छन् :-

> "त्यस्तै साँझ टोस्ट-रोष्ट र क्लियोपेट्रासँगै षोडशी पनि पक्कै होलान् रात रंगीन बन्नेछ... ।" (पृ. १९)

यहाँ सत्तामा आसीन भएपछि सुन्दरी गमनमा रमाउने चरित्रहीन नेतागणहरू भट्टी, डिस्को, दोहरी छिरेर परस्त्री गमन गर्छन् भन्ने कुरालाई व्यङ्ग्यका माध्यमबाट व्यक्त गरेका छन् ।

यस हे प्रभु । मलाई पद चाहिएन निबन्धमा शर्मा अत्यन्तै कल्पनाको संसारमा रमाएका छन् । चुनाव जितेपछि महिला नेत्रीलाई हात हल्लाइदिएको, जुस खुवाइदिएको, माला लाइदिएको, स्वागत भाषण गरिदिएको र दोहरी, डिस्कोमा षोडशी मैयासँग कुम जोडेर बसेको कल्पनाले लेखक केही यौनवादी निबन्धकार हुन् कि भन्ने शङ्का उब्जन्छ ।

### ४.४.४ दौरा सुरुवाल र टोपी आतङ्क

*दौरा सुरुवाल र टोपी आतङ्क* यस निबन्ध सङ्ग्रहको चौथो निबन्ध हो । निबन्धकारले यही निबन्धको नामबाट निबन्ध सङ्ग्रहको नामकरण गरेका छन् । यस निबन्धमा लेखकले निम्न वेतनभोगी कर्मचारीहरूका व्यथा, पीडालाई प्रस्तुत गर्दै प्रशासनिक भ्रष्टता र गैर जिम्मेवारीपनको खिल्ली उडाएका छन् । प्रशासन चुस्त बनाउनतिर लागि छड्के जाँचमा राष्ट्रिय पोसाक हेर्ने पञ्चायतकालीन प्रवृत्ति अझसम्म पनि जिउँदै रहेको तथ्यतर्फ निबन्धले सङ्केत गरेको छ । यस निबन्धमा एउटा सरकारी कार्यालयको कर्मचारीलाई तत्कालीन सरकारले शाही घोषणामार्फत् कार्यालयभित्र कर्मचारीले अनिवार्य रूपमा दौरा सुरुवाल र टोपी लगाउनु पर्ने बाध्यात्मक नियमले कर्मचारीहरू मर्कामा परेको गुनासोलाई निबन्धकारले निबन्धको सामल बनाएका छन् । आफ्नो मासिक तलबले दौरा सुरुवाल र टोपी खरिद गरी परिवारको पेटमा लात हान्ने कर्मचारीलाई शाही घोषणाले गरेको अन्यायलाई यसरी प्रस्तुत गरिएको छ :-

"आफ्नो त तालुमा एउटा पनि रौं थिएन । कहिलेकाहीँ टोपी नलगाउँदा पनि महिला कर्मचारीका टोली गिज्याउँदै खिस्स हाँस्थे, फेरि भन्सारका हाकिमले आम्दानीको ध्वाँस देखाएर डेराबाटै मेरी अधवैंसे श्रीमतीलाई उडाएर लगे ....।" (पृ. २८)

यहाँ गरीबीको कारणले आफ्नी श्रीमती बिछोड हुनुपरेको कुरालाई देखाइएको छ भने अर्कातिर धन सम्पत्तिको ध्वाँस देखाएर आफ्नै कर्मचारीको श्रीमती भगाउने कथित हाकिमी प्रवृत्तिका व्यक्तिहरूप्रति व्यङ्ग्यको झटारो यसरी हानिएको छ :-

"आमाको दूध नै खुवाऊँ भनेर सेमिनार, गोष्ठी गरेर विदेशी डलर पचाउने, हामीलाई पाँच मिनेट आफ्ना बच्चालाई दूध चुसाउन नपाउने ? यो कस्तो प्रतिगमनकारी चलखेल हो ?... ।" (पृ. २७)

यहाँ सुरक्षित मातृत्व र स्तनपान सम्बन्धमा गोष्ठीहरू गर्ने तर कार्यालय परिसरमा महिला कर्मचारीहरूलाई बच्चालाई स्तनपान गराउन रोक्न लगाउने तत्कालीन कार्यालय प्रमुख र शाही घोषणाप्रति व्यङ्ग्यको झटारो हानिएको छ ।

यसरी **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्धमा कार्यालयमा अनिवार्य पोसाक भनी घोषणा भएको दौरा, सुरुवाल र टोपी किन्ने हैसियत नभएका निम्नवर्गीय कर्मचारीका पीडा, व्यथा उल्लेख गरिएका छन् भने प्रशासन क्षेत्रमा देखिएको चुस्तता, अनियमितता, भ्रष्टाचार, दुराचार, पदीय दुरुपयोग, कालाबजारजस्ता कुराहरूप्रति प्रशासनको आँखा नपुगेकोप्रति व्यङ्ग्य गरिएको छ ।

### ४.४.५ सहिद बन्ने चानसै पाइएन

*सहिद बन्ने चानसै पाइएन* निबन्ध **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको पाँचौ निबन्ध हो । **पार्टी खोल्ने धुनमा** (२०५२) निबन्ध सङ्ग्रहमा सङ्कलित यो निबन्ध **दौरा सुरुवाल र टोपी आतङ्क**मा दोहोरिएर आउनुमा कुनै विशेष कारण नभै निबन्धकारका शुभचिन्तकहरूले यो निबन्ध अत्यन्तै मन पराएपछिको अनुरोधपछि दोहोरिएको कुरा तिलकराज शर्माबाट नै जानकारी प्राप्त हुन्छ ।

यस निबन्धमा सहिद शब्दको दुरुपयोग भएको र वास्तविक सहिदको पहिचान नभएको कुरालाई विषयवस्तु बनाइएको छ । **पार्टी खोल्ने धुनमा** र **दौरा सुरुवाल र टोपी आतङ्क** मा सङ्ग्रहित निबन्ध *सहिद बन्ने चानसै पाइएन* निबन्धमा विषयवस्तु र आशयमा केही फरक नभएको यसको चर्चा अघिल्लो निबन्ध सङ्ग्रहको ४.२.७ मा नै गरिसकिएको छ ।

### ४.४.६ पूरक बजेटमा पार्टीको प्रभाव

*पूरक बजेटमा पार्टीको प्रभाव* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्कलित छैटौं निबन्ध हो । यस निबन्धमा देशको वर्तमान राजनीतिक र आर्थिक अवस्थादेखि स्थितिसम्मका विषयवस्तुहरू यसमा आएका छन् । देशको असन्तुलित बजेट व्यवस्थाले अर्थतन्त्रमा पारेको प्रभावको उल्लेख गर्दै घरायसी बजेटको उचित व्यवस्थापन नहुँदा घरको व्यवहार पनि बिग्रिएको कुरा लेखकले उल्लेख गरेका छन् । यस निबन्धमा आफ्नो दैनिक जीवनमा पूरक बजेटले केही राहत मिल्लाकि भन्ने पूर्वकल्पना गरेका छन् । यस निबन्धमा व्यङ्ग्यका रूपमा घरायसी व्यङ्ग्यदेखि लिएर राजनीतिक परिवेशसम्मको व्यङ्ग्यको प्रस्तुति गरिएको छ :-

"प्रजातन्त्र गएर लोकतन्त्र आए पनि आफूलाई भोकतन्त्रले कहिल्यै छोडेन।"(पृ. ३३)

यहाँ देशमा जस्तोसुकै शासन व्यवस्था आए पनि गरीब, निमुखा नेपालीका पीडाहरू ज्यूँकात्यूँ रहिरहन्छ भन्ने कुराप्रति सङ्केत गर्दै सीमित शासन व्यवस्थाका व्यक्तिहरूप्रति यसरी व्यङ्ग्य गरिएको छ :-

> "निम्ता मान्ने बहानामा सुनको चुरी, बाँकटे हरियो पोतेमा पहेलो काँडे तिलहरी, जापानी साडी र चुच्चे चप्पल किनाउने दाउ, मैले भर्खर बजेटमा समावेश भएको सत्र प्रतिशतले कसरी धान्ने !" (पृ. ३४)

यहाँ घरायसी समस्यालाई नबुझेर धाक, रवाफ, घुर्की देखाएर गहना जोडजाम गर्न चाहने तमाम स्वास्नीमान्छेहरू प्रति व्यङ्ग्य गरिएको छ । घरमा छाक टार्ने समस्या भए पनि बाहिर भड्किलो पाराले हिंडी आफ्नो पारिवारिक समस्या र उत्तरदायित्वबाट पन्छिदिनाले घरायसी बजेटको तर्जुमा र व्यवस्थापन गर्ने पुरुष सङ्कटमा परेको कुराप्रति झटारो हानिएको छ ।

यसरी पूरक बजेटमा पार्टीको प्रभाव निबन्धमा देशको बजेट व्यवस्थापनमा उतारचढाव आउँदा देशको अर्थतन्त्रमाथि तथा सम्पूर्ण नेपालीमा असर परेजस्तै घरायसी बजेटको उचित व्यवस्थापन नहुँदा पारिवारिक विघटनसमेत हुने कुरालाई निबन्धकारले विशेष सङ्केत गरेका छन् ।

### ४.४.७ श्रीमतीको अभिनन्दन हुने रहर

*श्रीमतीको अभिनन्दन हुने रहर* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित सातौं निबन्ध हो । यस निबन्धमा निबन्धकारले अभिनन्दन सम्मान संस्कृतिमा आएको विकृति र विसङ्गतिलाई प्रस्तुत गर्दै माफियातन्त्रले गर्दा राष्ट्र वा समाजले सम्मान गर्नुपर्ने व्यक्तिहरू अपेक्षित भएको कुरा यहाँ प्रस्तुत गरिएको छ ।

यहाँ माफियातन्त्रका भ्रष्टाचारी, चोर, डाँका, फटाहाहरू सम्मानका दोसल्लाले चोखिने गरेको यथार्थलाई प्रस्तुत गरी सस्तो अभिनन्दन सम्मान प्रवृत्तिप्रतिको व्यङ्ग्य निकै प्रभावपूर्ण रहेको छ ।

समाजभित्र राम्रो काम गरेर अभिनन्दित हुने हैसियत बनाएका कुशल समाजसेवीहरू तिरस्कृत भई समाजका लोफर, जोकर, भ्रष्टाचारीहरू सम्मानित भएको कुराले सम्मान, अभिनन्दन जस्तो गरिमामय कार्यमा देखिएको अनियमितता र विसङ्गतिप्रति निबन्धकारको नजर पुगेको देखिन्छ । असल व्यक्तिको पहिचान नभै जो कोही पनि अभिनन्दित हुने कु-प्रचलनले यो प्रतिष्ठापूर्ण कार्य पनि प्रतिष्ठाहीन र निम्नस्तरको हुन गएको कुराप्रति यो निबन्ध लक्षित रहेको छ । व्यवसायिक रूपमा अभिनन्दन गराउने संस्था खोलेर जो कोहीलाई पनि सम्मान गरेर मोटो रकम असुल्ने प्रवृत्तिप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

> "अहिलेको विषम परिस्थितिमा सबैखाले उद्योगधन्दा असफल भएको बेलामा एउटा अभिनन्दन मात्र गर्ने संस्था दर्ता गरेर कारोबार सञ्चालन गर्न पाए मालामाल भइन्छ जस्तो लागेको छ अभिनन्दन हुन चाहनेहरूको लागि सुवर्ण अवसर भनेर विज्ञापन गर्ने र सय पचास मात्र भए पनि रजिष्ट्रेशन शुल्क राख्ने हो भने पनि बेलायत, अमेरिकाको चक्करमा लाग्नु पर्दैन ।" (पृ. ३७)

> "एउटा अभिनन्दन हुने संस्था पत्ता लगाएर छिर्न पाइयो भने आरामदायी कुर्ची पनि पाइने, फोटोग्राफरहरूले फोटो पनि खिचिदिने, मजासँग कोकाकोला र बिस्कुट पनि खान पाइने, अनि नवधनाढ्यहरूका छोरीबुहारीको उत्ताउलो आधुनिक फेसन पनि हेर्न पाइने ।" (पृ. ३७)

यहाँ सस्तो अभिनन्दन संस्कार र नवधनाढ्य वर्गका छोरीबुहारीहरूको भड्किलो र उत्ताउलो फेसनले मध्यमवर्गीय नारीहरू र समग्र समाजलाई नै प्रत्यक्ष रूपमा नकारात्मक असर पारेको कुरा उल्लेख गरेका छन् ।

त्यस्तै निबन्धकारले समाजका जो कोही व्यक्ति पनि अभिनन्दित हुँदा अभिनन्दनको खिल्ली उडाएको आभाष हुन्छ भन्दै असल व्यक्ति पहिचान गरी सम्मान गर्नुपर्दछ भन्ने कुरा व्यक्त गरेका छन् । यस निबन्धमा दैनिक गृहस्थीमा लागिपरेकी महिलाको अभिनन्दन मोहलाई व्यङ्ग्य गर्दै निबन्धकार आफ्नो यसरी व्यक्त गरेका छन् :-

> "हुन पनि आजकल त कालो बजारियादेखि हजारियासम्म, कर्मचारीदेखि ब्रह्माचारीसम्म, जोगीदेखि जोक्करसम्म, डाक्टरदेखि कण्डक्टरसम्म, नेतादेखि अभिनेतासम्म, लम्फुदेखि लोफरसम्म सबैलाई अभिनन्दन हुने रहर भएपछि मेरी प्राणेश्वरी पत्नी परेश्वरीलाई पनि अभिनन्दित हुन मन लाग्नु स्वाभाविक हो ।" (पृ. ३८)

यसरी श्रीमतीको अभिनन्दन हुने रहर निबन्धमा व्यङ्ग्यले पारिवारिक अवस्थादेखि राजनीतिक अवस्थासम्म स्थान पाएको छ । सही व्यक्तिको पहिचान गरी सम्मान नगर्नाले सम्मान शब्दको दुरुपयोग भैरहेको कुराप्रति यस निबन्धले हास्यका माध्यमबाट व्यङ्ग्य प्रहार गरेको छ ।

### ४.४.८ नारी स्वतन्त्रता

*नारी स्वतन्त्रता* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको आठौं निबन्ध हो । यस निबन्धमा देशमा बहुदलको पुनर्स्थापना र प्रजातन्त्रको प्राप्तिपछि महिला अधिकार, स्वतन्त्रता, सम्मान, हक, अंशबण्डाको समान अधिकार, समान मताधिकारजस्ता कुराले लेखक पीडित रहेको कुरा पेस गरेका छन् । स्वतन्त्रताको नाममा महिलाहरूले गरेको क्रियाकलापहरूको पारदर्शी बयान गर्दै आजको समाजमा नारी स्वतन्त्रताको दुरुपयोग र अपव्याख्या भएको कुरालाई गम्भीरतापूर्वक देखाइएको छ । विशेषत: आफ्नो अधिकार खोज्दा कर्तव्यको ख्याल नगर्ने नारीहरूलाई यस निबन्धमा व्यङ्ग्य गरिएको छ ।

यस निबन्धमा विशेषगरेर नारीहरूप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै देशको सम्पत्तिमाथि आधिपत्य जमाई नदीनाला बेचबिखन र मेलमिलापको नाटक गरी दातृ राष्ट्रहरूसँग अनावश्यक सन्धि सम्झौता गर्ने नेताहरूप्रति व्यङ्ग्य गरेका छन् । त्यस्तै परम्परा र संस्कृतिको नाममा महिलाहरूमाथि लादिएका खराब प्रचलन लोग्नेको गोडाको पानी खाने दासी मनोवृत्तिमाथि यसरी व्यङ्ग्य गरेका छन् :-

> "नखा न बाबै, जाबो गोडाको जल खाएर के हुन्छ र ? तैंले माया गरे त पुगिहाल्यो नि ।" भन्दा "अ अर्काको स्वर्ग जाने बाटो छेक्ने ? लोग्ने भनेको त देउता हो देउता...।" (पृ. ४२)
>
> त्यस्तै साँच्चै भोलि विवेक नभएका सांसदहरूले आफ्नै भत्ता सुविधाको प्रस्ताव पास गरेझैं सर्लक्क टनकपुरबाहेक छोरीले अंश पाउनेदेखि सबैखाले विधेयक पास गरिदियो भने मेरो अवस्था झन् नाजुक हुँदै जानेछ । (पृ. ४३)

यहाँ सरकारका जिम्मेवार सांसदहरूले आफ्नो निजी सुविधा, सर्तजस्तै गरी हरेक कुरालाई सजिलै पास गरिदिन्छन् । साथै आफ्नो व्यक्तिगत स्वार्थको लागि आफ्नो भूमि टनकपुर सुम्पिन तयार हुन्छन् भन्ने कुराप्रति व्यङ्ग्य गरिएको छ ।

यसरी प्रस्तुत *नारी स्वतन्त्रता* निबन्धमा स्वतन्त्रताको नाममा घरपरिवार र राजनीतिक क्षेत्रमा आएको विकृति विसङ्गतिप्रति छेड हानिएको छ । स्वतन्त्रताको निम्ति मरिमेट्ने आम नारीहरूले आफ्नो अधिकारको लागि लड्दा कर्तव्य बिर्सिएको साथै स्वतन्त्रता शब्दकै दुरुपयोग भएको तथ्यप्रति खेद प्रकट गरेका छन् ।

### ४.४.९ मलाई के रोग लाग्यो कुन्नि ?

*मलाई के रोग लाग्यो कुन्नि ?* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित नवौं निबन्ध रचना हो । एउटा व्यक्तिको वैयक्तिक मनोदशालाई केलाइएको यो आत्मपरक निबन्ध हो । यस निबन्धमा डाक्टरहरूको अयोग्यता, स्वस्थ खाद्यान्नको अपर्याप्तता, युवा वर्गमा विदेशिने

प्रवृत्ति, नेताहरूको पदलोलुपता, पदीय दुरुपयोगका साथै समाजका विविध विकृति विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ ।

यस निबन्धमा निबन्धकारले हास्य र व्यङ्ग्यको माध्यमबाट पाठकहरूलाई मनोरञ्जनका साथै सुझाव र सल्लाह यसरी दिएका छन् :-

> "पाँच वर्ष अगाडि टी.बी. लागेर उपचार गर्दा डेलिभेरी हुँदाको अवस्थामा प्रयोग गर्ने औषधि दिएछन् । पछि किन यस्तो महङ्गो भयो यो औषधिलाई यति धेरै पैसा पर्ने त होइन, बेलाबेलामा किनिराखेकै हो भनेर बुझ्दा त सुत्केरी हुँदा प्रयोग गर्ने राम्रो खाले भिटामिन र आइरन चक्की परेछ ।" (पृ. ४५)

यहाँ बिरामीको रोग राम्ररी पहिचान नगरी औषधि लेखिदिने अयोग्य डाक्टरप्रति व्यङ्ग्य गरिएको छ । एउटा रोगको औषधि दिनुपर्नेमा अर्को औषधि दिनाले कतिपय बिरामीहरू मृत्युको मुखमा पुगेको र धेरैले सास्ती पाएको कुराप्रति व्यङ्ग्य गरिएको छ ।

> "फर्सीको मुन्टा किन्दा साथीभाइले गिल्ली गर्ने, होच्याएर बोल्ने, लुकीलुकी हिड्नु पर्ने ज्यादै ठूलो मर्का....।" (पृ. ४५)

यहाँ सभ्यता र संस्कृतिको विकासको भ्रममा परेर भिटामिनयुक्त फर्सीको मुन्टा खानेलाई होच्याएर बोल्ने, गिल्ली गर्ने तमाम आधुनिक पुस्ताप्रति व्यङ्ग्य गरिएको छ । बजार गएर रेष्टुरेण्टमा खान पल्केका युवाहरूले घरायसी उत्पादन सागपात किनेर लाज मान्ने प्रवृत्तिप्रति निबन्धकारको दृष्टि पुगेको छ ।

यसरी प्रस्तुत *मलाई के रोग लाग्यो कुन्नि ?* निबन्धमा सभ्यताको नाममा भित्रिएको खराब संस्कारले मान्यता पाइरहेको अवस्थाप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । यहाँ नेताहरूको पद मोह, युवाहरूको पलायन, डाक्टरहरूको बेवास्ता, उत्तरदायित्व बहन गर्ने जिम्मेवार निकाय वा व्यक्तिको अभावजस्ता कुरालाई निबन्धको सामल बनाएर लेखकले हास्य र व्यङ्ग्यका माध्यमबाट सुधारको अपेक्षा राखेका छन् ।

### ४.४.१० व्यवसायको खोजीमा

*व्यवसायको खोजीमा* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको दसौं निबन्ध हो । यस निबन्धमा उचित व्यवसायको खोजी गर्दै भौतारिरहेको मानवीय प्रवृत्तिको व्याख्या गरिएको छ । जीवन जिउनको लागि कहिले भैंसीपालन, कहिले घडी पसल, कहिले वैदेशिक रोजगारको लागि मेनपावर कम्पनी र कहिले कुखुरा व्यवसायतर्फ लम्केका निबन्धकारले अन्त्यमा छोरालाई कमर्स पढाउन सल्लाह दिनुभन्दा कुकुरा पालनमा सक्रिय बनाउने अठोट गर्दै निबन्धको विषयवस्तु टुङ्ग्याएका छन् ।

यस निबन्धमा मुलुकमा व्याप्त बेरोजगारीको समस्या, नेताहरूमा नैतिकताको ह्रास, अर्काको नक्कल गर्ने प्रवृत्ति, विदेश पलायन, कृषि र पशुपालन व्यवसायको विकर्षण आदिको हँस्यौलो र ठट्यौलो व्यङ्ग्य गरिएको छ ।

यस निबन्धमा देशको वर्तमान अवस्थाका युवाहरूको कमर्स पढाइ र युवतीहरूको नर्स पढाइप्रतिको आकर्षणलाई लेखकले यसरी व्यङ्ग्य गरेका छन् :-

"छोरा बिग्रिन्छ कमर्सले छोरी बिग्रिन्छे नर्सले ।" (पृ. ४९)

"आजकल त रूपले स्वर्गकी परी, धन दौलतले कुबेरकी छोरी र विद्याले एम.ए. नै भए पनि सि.एम.ए. र स्टाफ नर्स नपढेकी छोरीको बिहा नै नहुने भयो ।" (पृ. ४९)

त्यस्तै लेखकले वर्तमान अवस्थाका नेताहरूका साथै बेरोजगार युवाहरूप्रति यसरी व्यङ्ग्य प्रहार गरेका छन् :-

"बेरोजगारलाई पेसा नमान्ने हो र भ्रष्टाचारीलाई नेता नमान्ने हो भने यो देश प्राय: नेताशून्य नै हुन्छ होला ।" (पृ. ४८)

यसरी व्यवसायको खोजीमा निबन्धकारले समाजमा, देशमा व्याप्त विविध विकृति, विसङ्गतिप्रति छेड हानेका छन् । छोराको, कमर्समोह, छोरीको नर्सिङ्गमोह, नेतालाई पदमोहजस्ता कुराहरूलाई हास्यका माध्यमबाट व्यङ्ग्य गरिएको छ । साथै व्यवसायको खोजी गर्दै अनेक व्यवसाय अँगालेर हिँड्ने तर एउटै व्यवसायमा स्थिर हुन नसक्ने व्यवसायीहरूलाई पनि निबन्धकारले छेड हानेका छन् ।

### ४.४.११ यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ?

*यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ?* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको एघारौं निबन्ध हो । यस निबन्धमा प्रजातन्त्रको निरीहताको वर्णन गरिएको छ । पञ्चायतकालदेखि गणतन्त्रपूर्वकालसम्म 'प्रजातन्त्र' शब्दको दुरुपयोग भएको र मुलुकमा कहिल्यै वास्तविक प्रजातन्त्र नआएको अभिव्यक्ति यसमा पाइन्छ । प्रजातन्त्रको समाप्तिपछि सत्तामा बस्नेहरूले नै प्रजातन्त्रको उपहास गरेकोले यसको दुर्गति भएको रहस्योद्घाटन पनि यस निबन्धमा चर्चा गरिएको छ । प्रजातन्त्रलाई नेपाल आमाको छोरो भनी सम्बोधनात्मक शैलीमा लेखिएको यस निबन्धमा देशमा मिर्मिरे उज्यालो ल्याउन प्रजातन्त्रले पुऱ्याएको बलिदानीको चर्चा गरिएको छ । वि.सं. २०३६ मा देशमा भएको जनमतसङ्ग्रहले देशमा प्रजातन्त्र आउला कि भन्ने जनचाहनामा फेरि कुठाराघात भएपछि वि.सं. २०४५ तिर पुन: प्रजातन्त्र आउँछ भन्ने हल्लाका साथ २०४६ सालमा जनआन्दोलनपश्चात् प्रजातन्त्रको बहाली भएपछि जनताको विजय भएको कुरा यस निबन्धमा चर्चा गरिएको छ । जनताको पसिना, हजार चेलीको सिन्दुर, लाखौं लालाबालाको काख, सहिदको रगतको

बलिदानीले ल्याएको प्रजातन्त्रको पनि सही सदुपयोग हुन नसकेको देख्दा स्वयम् प्रजातन्त्र नै दु:खित भएको उल्लेख गरेका छन् । सत्तामा पुगेपछि आफ्नो नेतापनलाई दुरुपयोग गरी आफ्ना नाता, कुटुम्ब, ससुरालीहरूप्रति उद्धार गर्न लागेर सहिद परिवार, विधवा नारीहरू लगायत आम कार्यहरूप्रति गरेको बेवास्ताको यथार्थ चित्रणलाई हास्यव्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ ।

यस निबन्धमा अर्काको काँध चढेर सत्तामा पुगी तिनै काँधमा बोक्ने कार्यकर्ताप्रति बेवास्ता गर्ने नेताहरूप्रति तिखो राजनीतिक व्यङ्ग्य यसरी गरेका छन् :-

> "प्रजातन्त्रेलाई हतियार बनाएर उसको सोझोपनको दुरुपयोग गर्दै उसैमाथि षड्यन्त्र गर्ने व्यक्तिवादीहरू हावी हुन थाले ।" (पृ. ५५)

त्यस्तै उनले प्रस्तुत निबन्धमा दु:ख गरेर ल्याएको प्रजातन्त्रेलाई सम्मान, सम्भार नगर्दा पुन: पुरानै अवस्थामा जनताको जनजीवन फर्किएको देख्दा निबन्धकारले नेताहरूको क्रियाकलापले देश बिग्रिएको भन्दै यसरी व्यङ्ग्य गरेका छन् :-

> "यहाँ आजभोलि मयूर नाँच्न छोडिसकेछन् । डाँफेले गीत गाउन पनि छोडेछ, लाली गुँरासका फूलभित्र बारुदको गन्ध आउँछ रे । काली र गण्डकी राताम्य छ रे । बाग- बगैंचाभित्र चमेलीको सुगन्ध होइन गनाउँछ रे... ।" (पृ. ५६)

प्रस्तुत निबन्ध यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ? निबन्धमा प्रजातन्त्र शब्दको दुरुपयोगप्रति चिन्ता व्यक्त गरेका छन् । यस निबन्धमा हास्यभन्दा राजनीतिक व्यङ्ग्यले प्रमुख स्थान ओगटेको छ । सम्बोधनात्मक शैलीमा लेखिएको यस निबन्धमा सहिदहरूको रगत र पसिनाको उचित मूल्याङ्कन नभएको प्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.४.१२ लेख्न मन लागेका कुराहरू

*लेख्न मन लागेका कुराहरू* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको बाह्रौं निबन्ध हो । आफ्ना हितैषी मित्र रामबाबु घिमिरेको निबन्ध सङ्ग्रह लेख्न नपर्ने कुराहरूको व्याख्या, विवेचना गर्दै आफ्ना विचार पस्केका निबन्धकारको यो निबन्ध विशेष नौलो निबन्धको रूपमा रहेको छ । झट्ट हेर्दा कृति समीक्षा जस्तो लाग्ने यस निबन्धमा लेख्न नपर्ने कुराहरू पढेपछि आफ्ना मनमा उत्पन्न प्रतिक्रियाहरूलाई आत्मपरक शैलीद्वारा व्यक्त गरिएको छ । खासगरी घिमिरेका निबन्ध सङ्ग्रहका लेखहरूप्रति हास्यव्यङ्ग्यात्मक टिप्पणी प्रस्तुत गरिएको यस निबन्धमा घिमिरेको शैलीशिल्पगत वैशिष्ट्यप्रति सकारात्मक दृष्टि प्रक्षेपित रहेको छ । शीर्षकमै लाक्षणिक अभिव्यक्ति रहेको यस निबन्धमा रामबाबु घिमिरेको नैबन्धिक शिल्पकलाको मुक्तकण्ठले प्रशंसा गरिएको छ ।

प्रस्तुत *लेख्न मन लागेका कुराहरू* निबन्धमा हास्यव्यङ्ग्यका माध्यमबाट रामबाबु घिमिरेका निबन्धहरूको समीक्षा गरेका छन् । कतै हास्य त कतै व्यङ्ग्यको कुशल प्रयोगले रामबाबुको

नैबन्धिक उचाइलाई उचो बनाउन सहयोग पुऱ्याएको देखिन्छ । निबन्धकारले यहाँ सभ्यता र संस्कृतिका नाममा हुने सुन्दरी प्रतियोगिताको विरोध यसरी गरेका छन् :-

"सुविधा सम्पन्न मुलुक अष्ट्रेलियामा पुगिसरी आएकोले आङ नढाक्नु सौखको रूपमा लिन सकिन्छ भने हाम्रोजस्तो गरीब मुलुकका सुन्दरीहरूले आङ ढाक्न नसक्नुलाई विवशता पनि मान्न सकिन्छ ....।" (पृ. ६०)

साथै निबन्धकारले राजहठ, बालहठ, र नारीहठ चानचुने हुँदैन भन्दै नारीहरूको चरित्रप्रति यसरी व्यङ्ग्य गरेका छन् ।

"नारी तिम्रो चमत्कार र चर्तिकला
मौका परे दुर्गा र काली नपरे अबला ।" (पृ. ६१)

त्यस्तै निबन्धकारले अङ्गप्रदर्शनमा विजयी नभएमा हाम्रा सुन्दरीहरूले रोएरै भए पनि प्रतियोगिता जित्छन् भन्दै नारीहरूको जिद्दी स्वभावको उल्लेख गरेका छन् ।

### ४.४.१३ पोखरा, अतीत र वर्तमान

*पोखरा, अतीत र वर्तमान* **दौरा सुरुवाल टोपी आतङ्क** निबन्ध सङ्ग्रहको तेह्रौ निबन्ध हो । यस निबन्धमा हास्यव्यङ्ग्यात्मकताभन्दा भोगाइ, अनुभूति र विवरणात्मकताको आधिक्य पाइन्छ । यस निबन्धमा लेखकले आफ्नो पोखरा भ्रमणको अवसरमा पोखराको पुरानो प्राकृतिक सुन्दरता हराएको र नयाँ सभ्यताको नाउँमा कृत्रिमता, नक्कलीपन, प्रदूषण, धनी र गरीब बीचको असीम भेदभाव, मानवतामा ह्रासजस्ता विकृति भित्रिएको भाव अभिव्यञ्जित रहेको छ । एकजना बंगाली युवतीसँगको कुराकानीको प्रसङ्ग जोड्दै निबन्धकारले नेपाल प्राकृतिक रूपमा सुन्दर भए तापनि पर्यटकहरू हत्या, हिंसा, यातायात बन्द, असुरक्षा आदिका कारण वितृष्णा हुन थालेको कुरातर्फ सङ्केत गरेका छन् । पोखरेली युवाहरूले विदेशमा सहादत प्राप्त गर्दा कुनै गल्ली वा चोकमा उनीहरूको नामकरण भएन तर स्वीस नागरिक डेभिज खसेको स्थानलाई डेभिज फल्स भनी नामाकरण भएकोमा असहमति जनाएका छन् । साथै धर्मको नाममा मठमन्दिर धाउने तर भगवान्लाई खुसी पार्न निर्दोष पशुपक्षीको बली चढाउने प्रवृत्तिप्रति निबन्धकारले तीव्र विरोध गरेका छन् ।

निबन्धकारले यस निबन्धमा स्वदेश छोडेर विदेश पलायन हुने युवाहरूप्रति यसरी व्यङ्ग्य गरेका छन् :-

"देशका बलिष्ठ बाहुहरू रित्तिएपछि यो देशलाई कसले पेटभरि माया गरिदिने होला नमजा पनि लाग्यो ।" (पृ. ६५)

त्यस्तै पोखराको तालवाराही मन्दिरमा दिइने पशुवलीप्रति विरोध गर्दै यस्तो अभिव्यक्ति दिएका छन् :-

"प्राणी मात्रकै रक्षा गर्ने देवीले प्राणीकै रगत पिउँदिनन् ।" (पृ. ६८)

यसरी प्रस्तुत पोखरा, अतीत र वर्तमानको एक यात्रा संस्मरणात्मक निबन्ध हो । पोखराको सक्कली सुन्दरता उदाङ्गिँदै गएको र नक्कलीपन हाबी रहेको निष्कर्ष यस निबन्धमा पाइन्छ । युवाहरूको साथविना देशले कोल्टो फेर्न गाह्रो हुने बताउँदै युवाशक्तिको महिमा गाएका छन् । साथै धर्मका नाममा पशुबली चढाउँदै पुण्य गर्न खोज्ने हिन्दू धर्मका ठेकेदारहरूप्रति निबन्धमा तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.४.१४ अध्यक्ष हुँ म

*अध्यक्ष हुँ म* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको चौधौं निबन्ध हो । यो निबन्ध वर्तमान अवस्थाका नेताहरूमा व्याप्त पदलोलुपताप्रति साङ्केतिक व्यङ्ग्यका दृष्टिले प्रभावी रहेको छ । यसमा एकातिर युगीन चेतनालाई अभिव्यक्त गरिएको छ भने अर्कातिर राजनीतिक, सामाजिक, आर्थिक आदि विविध क्षेत्रका सङ्गतिहीनतालाई अभिव्यक्त गरिएको छ । अध्यक्ष हुने सोख र कल्पित अध्यक्षका अयोग्यता, पक्षपातपूर्ण व्यवहार, धाक, रवाफ, भ्रष्टाचार, नातावाद, कृपावाद आदिको जीवन्त चित्रण पाइन्छ । खास गरेर कुनै पार्टी, कुनै सङ्घसंस्था आदिमा अध्यक्ष हुनुले नियमावली मिच्ने र आफू अनुकूल हैकम चलाउने गरेको यथार्थलाई पनि यस निबन्धमा देखाउन खोजिएको छ । प्रजातन्त्रका नाउँमा अप्रजातान्त्रिक, तानाशाही गतिविधि सञ्चालन गर्ने दल, समूह वा नेताप्रतिको तीक्ष्ण व्यङ्ग्य यसमा पाइन्छ । निबन्धकार यस निबन्धमा विशेषत: सङ्घसंस्था र राजनीतिमा हुने घुसपैठमाथि व्यङ्ग्य हानेका छन् । देशमा ठूला-ठूला कार्यालय, सङ्घसंस्था तथा उपल्लो स्तरका नेता तथा कार्यालयका हाकिमहरूले महिला पि.ए. राख्ने र शोषण गर्ने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य हानेका छन् :-

"मैलेचाहिँ योग्यता कम भए पनि आफ्नो उमेरसँग मेल खाने, ब्युटीपार्लर जानैपर्ने अवस्था नभएका झलक्क हेर्दा राम्रो इम्प्रेसन पर्ने खालकी उम्मेदवारलाई केही प्राथमिकता दिनुपर्छ, सकभर आफ्नो नाता नपर्ने टाढै घर भएको डेरा गरी बस्ने भएमा अफिस समयबाहेक पनि काम लिन सजिलो पर्छ ।" (पृ. ७३)

त्यस्तै आफू कुनै संस्था प्रमुख भएपछि आफ्ना आसेपासे, नातागोताहरूलाई योग्यता नभए तापनि ठूलो स्थानमा पुर्‍याई आफ्नो निजी स्वार्थ पूरा गर्न उद्यत हुने नेपाली नेताहरूको प्रवृत्तिमाथि यसरी व्यङ्ग्य प्रहार गरेका छन् :-

"सानो ठूलो जस्तो संस्थाको भए पनि बाँचुन्जेलसम्म अध्यक्ष पदमा निरन्तरता प्राप्त गर्न सके आफ्ना शाखासन्तान, भान्जाभान्जी र ज्वाइँ, जेठान, सम्धिनी सबैको कल्याण हुने थियो...

अतिथि हुँदा दिवा भोज, रात्रिभोज, रेष्टुरेण्टको बास, नगरबधूसँगको सहवास, जोनबुल र क्लियोप्याट्रासँगको सानिध्यता ।" (पृ. ७४)

यस निबन्धमा अध्यक्ष पदमा रहेर पदीय दुराचारलाई अन्तिम लक्ष्य मानी त्यसैकै प्राप्तिको निम्ति मरिमेट्ने नेताप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उच्च पदस्थ व्यक्तिहरूले महिला पि.ए. राखेर कार्यालय समयभन्दा बाहिर पनि काम छ भनेर बोलाउने र शारीरिक दुर्व्यवहार गर्न तम्सिने कार्यालय प्रमुखप्रति व्यङ्ग्य गरिएको छ । अध्यक्ष पदप्रतिको लालचा र त्यसपछिका पक्षपातपूर्ण व्यवहार, नातावाद, कृपावाद, धाक, रवाफ आदिको काल्पनिक संसारमा अध्यक्ष पनि ढलीमली गर्दै निबन्धकारले मनको लड्डु घ्यूसँग खाएको कुरालाई यस निबन्धमा व्यङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ ।

### ४.४.१५ सङ्क्रामक सद्विचार

*सङ्क्रामक सद्विचार* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको पन्ध्रौं निबन्ध हो । यस निबन्धमा धेरै अन्तर्वस्तुहरू एकैचोटि आएका छन् । यसमा एकातिर युगीन चेतनालाई अभिव्यक्त गरिएको छ भने अर्कातिर राजनीतिक, सामाजिक, आर्थिक आदि विविध क्षेत्रका सङ्गतिहीनतालाई अभिव्यक्त गरिएको छ । निबन्धकारले विभिन्न वस्तुमा आएको मिसावट, तस्करी, चोरी, महिला बेचबिखन आदि विविध दुष्कार्यहरूको विरोध गर्दै सङ्क्रामक रोगका रूपमा दूषित विचार प्रवाहित भएको कुरातर्फ पाठक वर्गलाई सचेत गराएका छन् । मूलतः लेखकले राजनीतिकर्मीहरूमा बोलीको कुनै ठेगान नभएको, सत्तामा पुगेपछि आफ्ना शपथ सङ्कल्पलाई बिर्सने कुरा व्यक्त गरेका छन् र विचार यदि सङ्क्रामक नै हो भने सद्गुण, सद्विचार, सहअस्तित्व, समाजवादी भावना नेता, अभिनेता र राजनीतिज्ञमा सरोस् भन्ने शुभाकाङ्क्षासहित यस निबन्धको अन्त्य गरेका छन् ।

*सङ्क्रामक सद्विचार* हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहमा विशेषतः मिसावटयुक्त वैदेशिक खाद्यान्न, परजीवी अर्थतन्त्र, राष्ट्रिय सम्पत्तिको चोरी निकासी, राष्ट्रियता नभएका नागरिकहरू, अस्तित्व र मूल्य नपाएका कलाकारहरू, सिउँदो पुछिएका चेलीहरू, काख खोसिएका नाबालकहरूप्रति लक्षित गर्दै हरेक क्षेत्रमा भइरहेका विकृति, विसङ्गतिलाई व्यङ्ग्यात्मक पाराले झटारो हानेका छन् । देशमा रहेका पुरातात्त्विक मूर्तिहरू उच्च पदस्थ व्यक्तिहरूकै सक्रियतामा निकासी भएको तथ्यलाई निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

"नेपालीहरू मनको इच्छा पूरा गराउन मनकामना त जान्छन्, मूर्ति जति विदेशीले लान्छन्, उनीहरू त खाली खसी बोकाको बली मात्र खान्छन् ।" (पृ. ७६)

त्यस्तै यस निबन्धमा राष्ट्रका गहना मानिने लेखक, साहित्यकारहरू सम्मानित नभएको तर चाकडी, चाप्लुसीमा संलग्न कामचलाउ लेखक सम्मानित भएको प्रति व्यङ्ग्य गरिएको छ :-

"सम्मानित हुनको लागि ठूलाबडा पावरवाला, कम्पाउण्डवाला, नवधनाढ्य चाटुकारहरूको चाकडी गर्नुपर्छ । बेलामौका कोसेली सौगात लिएर गेटको घण्टी बजाउनु पर्छ ।" (पृ. ७९)

त्यस्तै गरेर देशमा विदेशी संस्कृतिले प्रभुत्व जमाएको, नेपाली मौलिक गीतहरू *आगो भर्भरायो आज मेरो घरमा, आगो भर्भरायो* जस्ता गीतहरू लोपोन्मुख अवस्थामा पुगेको कुराप्रति हास्यव्यङ्ग्यात्मक पाराले व्यङ्ग्य गरेका छन् ।

प्रस्तुत निबन्धमा विचारलाई सङ्क्रामक चिज मानेर वर्तमान अवस्थाका भ्रष्ट नेता तथा नेतृहरूमा, सीता, भृकुटी, श्रीरामचन्द्र जस्ता नैतिकवान् पुरुषहरू तथा अब्राह्मलिंकन, मदरटेरेसा, महात्मागान्धी, थमस, एल्वर्ड एडिसन, भोल्टाएर, गौतम बुद्धजस्ता अन्तर्राष्ट्रिय हस्तीहरूको विचार सरोस् भन्ने कामना निबन्धकारको रहेको छ ।

### ४.४.१६ श्रीमतीको कचकच र यस पटकको तीज

*श्रीमतीको कचकच र यस पटकको तीज* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको सोह्रौं निबन्ध हो । यस निबन्धमा हिन्दू नारीहरूको महान् चाड तीजमा हुने गरेको विकृतिप्रति व्यङ्ग्य गरिएको छ । समाजमा विद्यमान दाइजो प्रथा, अख्तियारको खेल, चेलीबेटी बेचबिखनको समस्या, नारी स्वतन्त्रता र महत्त्वाकाङ्क्षा, फेसनको दुष्प्रभाव आदि विविध कुराहरूको यथार्थलाई देखाउँदै आर्थिक विसङ्गतिका साथै सांस्कृतिक विचलनलाई देखाइएको छ । हिन्दू परम्पराको रूपमा वर्षदिनमा एकचोटि आउने तीजमा छोरीचेलीका दु:ख-बुहार्तन, अमाजू-नन्दका कचकच, सासूको टोकसो जस्ता विविध कुराहरूको चित्रण गर्दै महिलाहरूले गीत गाउँदा आफ्ना सुख र दु:खभन्दा पनि राजनीतिक स्वर भरिएका गीत गाउन थालेको तथ्यप्रति निबन्धकारले चिन्ता व्यक्त गरेका छन् ।

यस निबन्धमा आफ्नो औकात बिर्सिएर तीज आउने बित्तिकै लुगाफाटो किन्नै पर्ने नेपाली महिला प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । त्यस्तै आकासिएको बजारभाउतर्फ सम्बन्धित निकायको दृष्टि नपुग्दा व्यापारीहरूले एकाधिकार जमाई उपभोक्ताहरूमा थप मार परेको कुराप्रति व्यङ्ग्यको झटारो हानेका छन् । देशको राजस्व भित्राउने प्रमुख नाका-भन्सारमा खटिएका कर्मचारीहरूले अकूत सम्पत्ति कमाएर देशलाई खोक्रो बनाउँदै गएको कुरालाई निबन्धकारले सङ्केत गरेका छन् । त्यस्तै निबन्धमा जनताबाट मनोनीत उम्मेदवारहरूले चुनाव जितेपछि आफ्नै पोल्टो भर्न तम्सिएको र रहरमा कलाकार बन्नेले देशको वास्तविक कलाकार र संस्कृतिमा आँच आउने काम गरेको तर्फ निबन्धकारको ध्यान पुगेको छ ।

यस निबन्धमा वर्ष दिनको तीजमा माइत नपठाउने तमाम सासू प्रवृत्तिप्रति निबन्धकारले यसरी व्यङ्ग्य गरेका छन् :-

*"तीजमा पनि नपठाउने कस्तो पर्‍यौ घर पनि, रुँदै-रुँदै पकाउ आमा रात्रि दर पनि ।"* (पृ. ८१)

त्यस्तै सोझा नारीहरूलाई ललाई फकाई गरेर बम्बै बेच्ने सामान्तवादी पुरुष प्रवृत्तिलाई निबन्धकारले यसरी प्रस्तुत गरेका छन् :-

"जेठी पोहोरदेखि हराएकी छे । गाउँकै नाता पर्ने मान्छेले विवाह गरिदिन्छौं भनेर फकाईफकाई बम्बैमा लगेर बेचिदिएछन् । एड्स हो कि सेड्स हो भन्ने खराब रोग लागेर उतै अलपत्रमा परेकी छ रे ।" (पृ. ८३)

यो निबन्ध **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहभित्र रहेको *दर खानुभन्दा हरेश खानु जाति*सँग मिल्दोजुल्दो देखिन्छ । मामा लिन नआउँदा भान्जाभान्जीको गुनासो, छोरीचेली टाढा हुँदा आँधीखोलाले बगाएको, तीजमा सासूले माइत नपठाएको, महङ्गो बजार भाउसँग रहेका सम्पूर्ण वाक्यहरूमा हेर्दा पुनरावृत्ति भएको हुँदा यो कतै दर खानुभन्दा हरेश खानु जाति निबन्ध त होइन भन्ने लागे पनि पूरै निबन्ध पढेपछि सोको निवारण भैहाल्छ । यसरी यस निबन्धमा हास्य र व्यङ्ग्यका माध्यमबाट समाज र घरपरिवारका विकृतिमाथि सङ्केत गरिएको छ ।

### ४.४.१७ म प्राज्ञ- मेरो प्रज्ञा प्रतिष्ठान

*म प्राज्ञ- मेरो प्रज्ञा प्रतिष्ठान* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित सत्रौं निबन्ध हो । यस निबन्धमा साहित्यिक क्षेत्रमा देखिएको विकृति र विसङ्गतिको यथार्थ चित्र खिचिएको छ । चाकरी गर्ने लेखकहरूको दोहोलो काड्ने प्रयत्न गरिएको यस निबन्धमा साहित्य जस्तो पवित्र र राजनीतिभन्दा उच्च एवम् विशिष्ट क्षेत्रमा हुने गरेको राजनीतिक नियुक्ति वा मनोनयनप्रति लेखकले व्यङ्ग्यको झटारो हानेका छन् । प्रज्ञा प्रतिष्ठानमा मनोनीत भई प्रमुख अतिथि बनेर आसन ग्रहण, दीप प्रज्वलन गर्दै पुस्तकको रङ्गीन कभर फुकालेर विमोचन गरेको सपना देख्दै लेखक स्वप्निल संसारमा हराएका छन् । साहित्यमा समर्पित भएका सच्चा साहित्यकारहरूको उचित मूल्याङ्कन नभै चाकडी र चाप्लुसी गर्नेले सम्मान पाउनुमा लेखकको विमति रहेको छ ।

यस निबन्धमा साहित्य क्षेत्रमा गुणात्मकता हराएको र गद्य कविताका नाममा जुनसुकै हरफहरूलाई पनि कविता भन्ने गरिएको अवस्थाप्रति यसरी व्यङ्ग्य गरिएको छ :-

"थालीमा मानु झरे पनि कविता, नालीमा उत्तानो परे पनि कविता, नोटले कालो थुम्थुमाउँदा टुकटुक घ्वाइँ कविता... जुस कविता, घुस कविता, काउसोको झुस कविता, पिण्डदानको कुश कविता...।" (पृ.८९)

त्यस्तै गरेर साहित्य लेखेर आय, आर्जन गर्ने तर गुणस्तरीय, प्रभावकारी, देश र समाजलाई चित्रण गर्न सक्ने साहित्य नलेख्ने मुकुण्डोधारी साहित्यकारहरूलाई निबन्धकारले यसरी प्रहार गरेका छन् :-

"साहित्यमा भाव मात्र होइन, लाभ पनि चाहिन्छ ।" (पृ. ८६)

साहित्य क्षेत्रमा भित्रिएको गुणस्तरहीनता, चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, अनियमितता जस्ता गहन विषयलाई प्रस्तुत गरिएको *म प्राज्ञ-मेरो प्रज्ञा प्रतिष्ठान* निबन्धमा लक्षित प्राज्ञ पदप्रति निबन्धकारको अति नै मोह भाव देखिन्छ । विशेषत: साहित्यिक क्षेत्रका विकृति, विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रस्तुत गर्दै सुधारको अपेक्षासमेत गर्नु यस निबन्धको मूल कथ्य हो ।

### ४.४.१८ विज्ञापन र म

*विज्ञापन र म* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहको अठारौं निबन्ध हो । यस निबन्धमा हाम्रा परम्परागत संस्कारमा आएको परिवर्तन र विकृतिप्रति रमाइलो तरिकाले व्यङ्ग्य प्रहार गरिएको छ । वर्तमान अवस्थामा सबैजसो मानिसका लवाइ, खुवाइ, व्यवहार विज्ञापनमुखी बन्दै गइरहेको ठहर लेखकले गरेका छन् । आजको युग विज्ञानको युग भएकोले हरेक कुरामा विज्ञापनको प्रभाव पर्न गएको र यसले संस्कृतिका ठाउँमा विकृति पनि भित्र्याएको भाव यस निबन्धमा पाइन्छ ।

यस *विज्ञापन र म* निबन्धमा स-साना कुरामा पनि विज्ञापन गर्ने प्रचलनप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । हराएका छोराछोरी फर्काउन, मृत लासलाई घाट पुऱ्याउन, घर जग्गा खरिद बिक्री, डाक्टरको आवश्यकता, गाडीको आवश्यकता, पोइल गएकी श्रीमतीलाई फर्केर आइज भन्ने जस्ता कार्यहरूमा विज्ञापन भएको देखाउँदै विज्ञापनले मानिसहरूलाई विज्ञानमुखी बनाउँदै लगे तापनि मान्छे बढी मात्रामा विलासितातिर आकर्षित हुँदै गएको कुरामा व्यङ्ग्य प्रहार गरेका छन् ।

यस निबन्धमा निबन्धकारले देशको वर्तमान परिस्थिति तथा व्यापारीहरूले एकाधिकार जमाई खाद्य वस्तुमा अखाद्य वस्तुको मिसावट गरेर उपभोक्ताहरूलाई थप मारमा पारिरहेको कुराप्रति यसरी व्यङ्ग्य गरेका छन् ।

"व्यापारीले भुसलाई धान बनाउँछन्, अराष्ट्रियले राष्ट्रियताको गान गाउँछन् ।" (पृ. ९१)

निबन्धकारले यस *विज्ञापन र म* निबन्धमा वर्तमान अवस्थाका मान्छेहरू आफ्नो सभ्यता, संस्कृति बिर्सेर विज्ञापनमुखी हुँदै गएको तथ्यप्रति व्यङ्ग्य गरेका छन् भने अर्कातिर नेताहरूमा पदलोलुपता, डाक्टरहरूको निजी क्लिनिकप्रतिको मोह, वकिलहरूको नेता बन्ने मोह, शिक्षकको ट्युसन मोह, मन्त्रीहरूको घुस्याहा प्रवृत्ति, सासूको बुहारीमाथि अत्याचार, धर्मगुरुको धार्मिक दुराचार, कथित सुन्दरी प्रतियोगिता, धर्मका नाममा बढ्दै गएको हिंसाजस्ता गहन पक्षमाथि व्यङ्ग्य गरेका छन् ।

### ४.४.१९ सान्दाजुलाई पत्र

*सान्दाजुलाई पत्र* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित उन्नाइसौं निबन्ध हो । पत्रात्मक ढाँचामा लेखिएको यस निबन्धमा समाजवादी, प्रजातन्त्रवादी नेता

स्व. विश्वेश्वरप्रसाद कोइरालालाई आधारपात्र बनाएर नेपालमा प्रजातन्त्र आए पनि जनतालाई प्रजातन्त्र नआएको, जनताको उत्थान हुन नसकेको, नेताहरूले वि.पी.को आदर्श बिर्सेको तथा शान्ति क्षेत्र नेपाल क्रान्तिक्षेत्रमा परिणत भएको भावाभिव्यक्ति यस निबन्धमा पाइन्छ । यस निबन्धमा स्व.वि.पी. कोइरालाले लिएको आदर्श र समाजवादी नीतिलाई वर्तमान अवस्थाका राजनीतिवेत्ताहरूले चटक्क बिर्सेर सशस्त्र द्वन्द्वमा लागेको देख्दा पथप्रदर्शक कार्यकर्ता तिलकराजलाई दुःख लागेको छ । विशेषतः यस निबन्धमा माओवादी जनयुद्धका कारण २०५८ सालको सङ्कटकालले देशमा निम्त्याएको असहज परिस्थितिप्रति यो निबन्ध लक्षित रहेको छ । देशमा प्रजातन्त्र आए पनि गरीब जनताको झुपडीसम्म नपुग्नु, शासनसत्ताको बागडोर सम्हालेकाहरूले करोडौँको सम्पत्ति कमाउनु, सच्चा राजनीतिज्ञको सम्मान नहुनु, खराब, भ्रष्टहरूको जयजयकार हुनुजस्ता कारणहरूले देश अधोगतितर्फ गइरहेको कुरा यस निबन्धमा प्रस्तुत भएको छ ।

नेपाललाई मर्त्यलोक मानेर स्वर्गलोकमा वि.पी. का नाममा पत्र प्रेषित गरेका निबन्धकारले वि.पी.लाई मर्त्यलोकको बेलिविस्तार लगाएका छन् । आफ्नो आर्थिक अवस्था अत्यन्तै नाजुक भै कात्रो किन्ने पैसा नभएको भनी गरीबीको पराकाष्ठाको यथार्थचित्र पेस गरेका छन् । साथै परिवारका सदस्यहरू छुट्टाछुट्टै गुट उपगुटमा लागी एक अर्काको विरुद्धमा लागेकोप्रति असहमति जनाएका छन् । मेलमिलापको नीति लिएर राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रको निम्ति होमिनुपर्छ, प्रजातन्त्रवादी परास्त भए देश पनि परास्त हुन्छ भन्ने स्व. वि.पी.को युगवाणीलाई बिर्सेर सबै आफ्नो स्वार्थमा तल्लीन रहेका छन् । मर्त्यलोकबाट आफ्नो बेलिविस्तार सुनाउँदै निबन्धकारले स्वर्गमा रहेका राजा वीरेन्द्रको परिवार, लौहपुरुष गणेशमान, मङ्गला भाउजू, मनमोहन, विश्वेश्वरप्रसाद कोइराला, मदनभण्डारी सबैलाई सम्बोधन गरेका छन् । त्यस्तै भानुभक्त आचार्य, महाकवि देवकोटा, लेखनाथ पौड्याल, मोतिराम भट्ट, बालकृष्ण सम, भूपि शेरचन, हरिभक्त कटुवाल, भैरव अर्याल, नारायणगोपाल सबैलाई सम्झँदै मर्त्यलोक नेपालका नेताको स्वास्थ्य बिग्रेको बेलिविस्तार वि.पी.लाई पठाएका छन् ।

निबन्धकारले यस निबन्धमा देशमा संस्कृतिको नाममा पाश्चात्य संस्कृतिले आधिपत्य जमाउन खोजेको तथ्यलाई यसरी प्रस्तुत गरेका छन् :-

> “आजकल त यहाँ आधुनिक, पप गीत, हवा........ हवा ..... चलिरहेको छ । आमा मलाई त्यही केटी चाहिन्छ, मामा मलाई त्यही केटी चाहिन्छ भन्दै रुन थाल्छन् ।” (पृ. ९८)

विशुद्ध पत्रात्मक शैलीमा लेखिएको यस निबन्धमा प्रजातन्त्रवादी, समाजवादी नेता वि.पी.को मार्गदर्शनलाई वर्तमान अवस्थाका नेताहरूले चटक्कै बिर्सँदा नेपाली राजनीतिमा आएको विकराल स्थितिलाई हास्यव्यङ्ग्यात्मक तरिकाले प्रस्तुत निबन्धमा व्याख्या गरिएको छ ।

### ४.४.२० म र सुन्दरी प्रतियोगिता

*म र सुन्दरी प्रतियोगिता* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित बीसौँ निबन्ध हो । यस निबन्धमा सुन्दरी प्रतियोगिताको नाउँमा भित्रिएका विकृतिप्रतिको चिन्ता प्रस्तुत भएको छ । नारीहरूमा बढ्दो फेसनमोहले न्यून आय भएका नेपालीहरूको अवस्था झन् दयनीय हुने र सभ्यताको नाममा छाडापन भित्रिने आशङ्का पनि यसमा व्यक्त भएको पाइन्छ । यस निबन्धमा श्रीमतीको विश्वसुन्दरी प्रतियोगिता, छोरीको सुन्दरी प्रतियोगिता, छोराको तन्नेरी प्रतियोगिता, बुबाआमाको विश्व बूढाबूढी प्रतियोगिताजस्ता कल्पित प्रतियोगिताले पार्न सक्ने असरलाई मध्यनजर राख्दै आफू पनि विजयादशमीको शुभ अवसर पारेर कुस्ती प्रतियोगिता सञ्चालन गर्ने विचारमा रहेको कुरा दर्शाउँदै निबन्धको बिट मारिएको छ । यस निबन्धमा निबन्धकारले नारीहरूमा मनको सुन्दरताभन्दा तनको सुन्दरता मान्ने प्रवृत्तिलाई हास्यव्यङ्ग्यात्मक पाराले प्रस्तुत गरेका छन् र राजनीतिमा व्याप्त खुट्टा तान्ने प्रवृत्तिप्रति यसरी व्यङ्ग्य प्रस्तुत गरिएको छ :-

"आफूभन्दा माथिका नेताले जे भने पनि मान्ने तर आफूलाई उछिनेर कोही माथि जान लाग्यो भने त्यसको खुट्टा तान्ने खेल पनि मलाई असाध्यै मन पर्छ किनभने म नेपाली राजनीतिज्ञ हुँ ।" (पृ. ९९)

त्यस्तै वन विनाशबाट हुने बाढी पहिरोले जनजीवन कष्टकर बन्दै गए पनि जङ्गल फडानी नरोकिएको कुराप्रति व्यङ्ग्य गरिएको छ । वनमा रहेका वनपालेले नै रुख-बिरुवा चोरी पैठारी गर्ने गरेको यथार्थता प्रस्तुत गर्दै निबन्धकारले त्यसप्रति यसरी व्यङ्ग्य प्रहार गरेका छन् :-

"विचरा कृष्णभीरलाई के दोष बुटाबुटी वनपालेले म्युजियममा राख्न लागिहाले ।"(पृ. ९१)

यसरी प्रस्तुत *म र सुन्दरी प्रतियोगिता* निबन्धमा सुन्दरी बन्ने होडवाजीमा लागिपरेका महिलाहरूको स्वभावले पारिवारिक विखण्डन ल्याउन सक्ने अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन् । राजनीतिमा व्याप्त खुट्टा तान्ने प्रवृत्ति, नेपाली मौलिक खेलहरूको लोप, वन विनाशले निम्त्याउने खतरनाक अवस्थाप्रति सुन्दर व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

### ४.४.२१ महान बन्ने धुनमा

*महान् बन्ने धुनमा* **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहमा सङ्ग्रहित एक्काइसौं वा अन्तिम निबन्ध हो । यस निबन्धमा लेखकले महाप्रबन्धक, महानगरपालिका, महामन्त्री, महापण्डितजस्ता 'महा' थपिएका शब्दको विश्लेषण गर्दै 'महान्' वा 'महा' शब्दको दुरुपयोगप्रति तीक्ष्ण व्यङ्ग्य गरेका छन् भने अर्कोतिर मान्छेभित्र व्याप्त रहेको महत्त्वाकाङ्क्षी प्रवृत्तिको यथार्थ चित्रण गरेका छन् । 'महा' शब्दप्रतिको अत्यन्तै लालचा र महान् बन्ने मोहले निबन्धकार महाराजगञ्ज र महाङ्कालस्थान धाउने गरेको यथार्थ प्रस्तुत गर्दै निबन्धको बिट मारिएको छ ।

प्रस्तुत *महान् बन्ने धुनमा* निबन्धमा नेपाली राजनीतिमा व्याप्त नातावाद, कृपावाद, भ्रष्टाचार, दुराचारजस्ता कुराहरूको यथार्थ चित्रण गर्दै महान् बन्नको लागि कार्यकर्ताहरूले नेताको, नेताले मन्त्रीको, मन्त्रीहरूले प्रधानमन्त्रीको चाकडी गर्नु पर्ने कुरालाई हास्यव्यङ्ग्यात्मक पाराले यसरी व्यक्त गरिएको छ :-

"विशेष योग्यताका लागि नेता महोदयको भान्जा-भान्जी, साला-साली, भाइ-भतिजा, जेठी सासू ससुराको महल अन्तर्गत परी दुईचार पटक मर-मसला पुऱ्याइसकेको हुनुपर्नेरहेछ । (पृ.१०२)

यस निबन्धमा निबन्धकारले महाप्रबन्धक, महामन्त्री, महानगरपालिका, महाजन, महाकवि, महान्याधिवक्ता, महापण्डितजस्ता 'महा' शब्दको विश्लेषण गरी महान् शब्दमा आएको दुरुपयोगप्रति चिन्ता व्यक्त गर्दै सुधारको अपेक्षा राखेका छन् ।

## ४.५. निष्कर्ष

**दौरा सुरुवाल र टोपी आतङ्क** निबन्धकार तिलकराज शर्मा पौडेलको दोस्रो निबन्ध सङ्ग्रह हो । **पार्टी खोल्ने धुनमा** निबन्ध सङ्ग्रह (२०५२) मा सङ्ग्रहित निबन्धहरूको तुलनामा झन्डै दोब्बर निबन्धहरू रहेको **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्ध सङ्ग्रहका निबन्धहरूमा विशेषत: पारिवारिक र राजनीतिक व्यङ्ग्यले धेरै स्थान ओगटेको पाइन्छ । उनका निबन्धहरूले हाम्रो राजनीतिक संस्कार, सामाजिक चालचलन, वैयक्तिक महत्त्वाकाङ्क्षा र अन्य विभिन्न क्षेत्रमा सृजित विकृति र विसङ्गतिलाई देखाउँदै निबन्धकारले हास्यव्यङ्ग्यात्मक रूपमा त्यस्ता विसङ्गत पक्षहरूलाई न्यायको कठघरामा उभ्याएका छन् । देशमा ठूला राजनीतिक परिवर्तन भए तापनि जनताको मानसिकतामा कुनै परिवर्तन नआएको र सामन्ती हैकमवादी, स्वार्थी, सर्वसत्तावादी प्रवृत्तिका कारणबाट देश उँभो लाग्न नसकेको रहस्योद्घाटन निबन्धकारले गरेका छन् । यिनका हरेक निबन्धहरू सोद्देश्य रहेका छन् । तिलकराज शर्मा पौडेलका निबन्धहरूले जनतामा व्याप्त रोग, भोक, अशिक्षा, असुरक्षा, पछौटेपन, कर्महीनताको अन्त्य गर्दै मुलुकमा लोकतन्त्रात्मक गणतन्त्रको संस्थागत विकास गर्न चाहन्छन् तथापि कतिपय निबन्धमा अघिल्लो निबन्ध पूरै साभार कतै केही अंश साभारजस्ता त्रुटिहरू फेला पर्दछन् । निबन्धकारले यस निबन्ध सङ्ग्रहमा महिलाहरूको उछितो गरी न्याय गर्न सकेको देखिदैन तर पुरुषहरूप्रति एकदुई निबन्धमा बाहेक खासै व्यङ्ग्य भाव देखिँदैन । **पार्टी खोल्ने धुनमा** (२०५२) निबन्ध सङ्ग्रहको तुलनामा यस सङ्ग्रहमा दोब्बर निबन्ध भएकोले संख्यात्मक रूपमा वृद्धि भए पनि गुणात्मकतामा केही ह्रास आएको देखिन्छ । जे होस्, उनको छेडछाडमय अभिव्यञ्जना कतै परिहास, कतै प्यारोडी, कतै अतिरञ्जन, कतै श्लेष आदि विविध व्यङ्ग्य भावमा व्यक्त भएको छ । देशमा उम्लिरहेको अन्याय, अत्याचार, असमानता, बेथिति, कुसंस्कार र यथास्थितिवादी पुरातन प्रवृत्ति देखेर लेखकको व्यङ्ग्यचेतना जुर्मुराउँछ र हास्यव्यङ्ग्य निबन्ध रचनाका रूपमा प्रस्फुटित हुन्छ । नेपाली हास्यव्यङ्ग्य निबन्ध फाँटमा छुट्टै स्थान बनाएका शर्माको हास्यव्यङ्ग्य सृजन प्रतिभाले अथक साधनामा जुटेर नेपाली हास्यव्यङ्ग्यलाई उर्वर बनाउन विशिष्ट योगदान दिइरहनु पर्ने देखिन्छ ।

# परिच्छेद : पाँच

# तिलकराज शर्मा पौडेलका निबन्धमा हास्यव्यङ्ग्यको प्रयोग

## ५.१ विषय परिचय

कुनै मानवीय तथा सामाजिक दुर्गुण, दुराचार, विकार-विकृति, मूर्खता, अज्ञानता आदिलाई आमूलेच्छिदत गर्ने, आफ्नो लक्ष्य बनाउने र यस्ता प्रवृत्तिप्रति घुमाउरो शैलीमा असहमति तथा आलोचनाको स्वर व्यक्त गरी तिनलाई गिज्याउने र छेडछाड गर्ने कार्य मुख्य रूपमा व्यङ्ग्यले गर्दछ । जब वास्तविकतामा विकृति आउँछ तब हास्यको जन्म हुन्छ र जब वास्तविकतामा विसङ्गति आउँछ, तब व्यङ्ग्यको जन्म हुन्छ । तसर्थ विकृति र विसङ्गतिप्रति रोचक र घोचक किसिमले छेड हान्नु हास्यव्यङ्ग्यात्मक शैली वा अभिव्यक्तिको मूलधर्म हो । त्यसैले भनिन्छ, साहित्यमा हास्यव्यङ्ग्य जिब्रो फट्कार्ने चटनी हो ।

तिलकराज शर्माका निबन्धसङ्ग्रहमा हास्यभन्दा धेरै व्यङ्ग्यको प्रयोग भएको देखिन्छ । हास्यले प्रारम्भमा केही स्थान ओगटे पनि पछि व्यङ्ग्यको रूपमा विस्तार भएको देखिन्छ । शर्माका निबन्धहरूमा हास्यव्यङ्ग्यात्मकतालाई विभिन्न शीर्षक राखेर छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ । जसअन्तर्गत क्षेत्रगत व्यङ्ग्य र प्रस्तुतिगत व्यङ्ग्यलाई आधार मान्दै क्षेत्रगत व्यङ्ग्यमा राजनीतिक, धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् साहित्यिक व्यङ्ग्यलाई राखेर अध्ययन गरिन्छ भने प्रस्तुतिगत व्यङ्ग्यमा भाषिक, पात्रगत तथा वाक्यगठन सम्बन्धी व्यङ्ग्यलाई लिन सकिन्छ ।

क्षेत्रगत व्यङ्ग्य
- क) राजनीतिक व्यङ्ग्य
- ख) धार्मिक व्यङ्ग्य
- ग) सामाजिक व्यङ्ग्य
- घ) पर्वगत एवम् सांस्कृतिक व्यङ्ग्य
- ङ) आर्थिक व्यङ्ग्य
- च) साहित्यिक व्यङ्ग्य

प्रस्तुतिगत व्यङ्ग्य
- क) भाषिक
- ख) पात्रिक व्यङ्ग्य

## ५.२ क्षेत्रगत व्यङ्ग्य

तिलकराज शर्माले आफ्ना निबन्धमा क्षेत्रगत व्यङ्ग्यअन्तर्गत राजनीतिक, धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक, साहित्यिकजस्ता विविध क्षेत्रहरूमाथि व्यङ्ग्य प्रहार गरेका छन् ।

### ५.२.१ राजनीतिक व्यङ्ग्य

राजनीतिमा हुने गरेको भ्रष्टाचार, दुराचार, पदीय दुरुपयोग एवम् अन्तर्राष्ट्रिय दबाबलाई निबन्धकारले हास्यव्यङ्ग्यात्मक तरिकाले यसरी व्यक्त गरेका छन् :-

क. देशका नेता विकासको लागि मरिमेट्न अमेरिका र बेलायत धाउँछन्, नेपालको राष्ट्रियता धान्न दिल्लीबाट मधिसे आउँछन् ।

**पार्टी खोल्ने धुनमा**, *मुकुण्डो*, पृ. १ ।

ख. बिग्रे देश बिग्रने हो सप्रे घर सप्रिन्छ, एक पटक चाकडी गरेर मन्त्री बन्न पाए आफ्नो पाला पुस्तालाई जोडिन्छ ।

ऐजन, *मुकुण्डो*, पृ. २ ।

ग. खै, कसरी भनूँ पञ्चायत मर्‍यो । यो पञ्चप्रलय हो । पञ्च मासिए, मञ्च सखाप भए ।

ऐजन, *पार्टी खोल्ने धुनमा*, पृ. ५ ।

घ. कुनै पार्टीमा आर्थिक कुरो, कुनैमा धार्मिक र कुनैमा नारी स्वतन्त्रतामा जोड दिएको पाएँ । नारी स्वतन्त्रताचाहिँ अच्छा कुरा हो । यो कुराचाहिँ मैले नै पार्टी खोल्नु परे पनि प्रमुख स्थान दिने विचारमा छु ।

ऐजन, *पार्टी खोल्ने धुनमा*, पृ. ६ ।

ङ. राजनीतिको न सिङ्ग हुन्छ न पुच्छर, न छेउ न टुप्पो भन्थे साँच्चै नै गजबको चिज रहेछ । राजनीतिमा स्थायी शत्रु पनि हुँदैन, स्थायी मित्र पनि हुँदैन भनेको ठीक रहेछ ।

ऐजन, *यस पटकलाई यस्तै भयो*, पृ. २८ ।

च. छ-छ महिनामा सरकार परिवर्तन हुँदा राजनीतिक सिद्धान्त फेरिरहनु पर्ने नत्रभने अवकाश र सरुवाको धम्की ।

ऐजन, *चञ्चले मन*, पृ. ३७ ।

छ. पञ्चायत धान्न मैले के गरिन राष्ट्रवादीलाई अराष्ट्रिय बनाएँ, अन्यायलाई उपयुक्त न्याय ठहर्‍याएँ ।

ऐजन, *म त गोरखापत्र भए*, पृ. ५० ।

ज. संसद् विघटन भएकै दिनदेखि श्रीमतीको खटनमा वस्नु पर्ने अवस्था मेरो पनि नभएको चाहिँ होइन । मेरो मात्रै हो कि अरुको पनि उस्तै हो, आम्दानीको स्रोत सुकेपछि श्रीमतीले घरमा टिक्न दिन्न ।

**दौरा, सुरुवाल र टोपी आतङ्क**, *मन दुखेको छ*, पृ. १ ।

झ. नेताहरू आउँदा मसँग यति भोट छ उति भोट छ भनेर गफ पनि चुट्थे । कुनै बेला ल चियासिया खुवाउनुहोस् भनेर दश-आठ हजार पैसा पनि छोड्थे ।

ऐजन,*मन दुखेको छ,* पृ.२ ।

ञ. ब्राह्मण क्षेत्रीले जनैलाई आफ्नो पेवा बनाएजस्तै हाम्रा मन्त्रीले देशलाई पनि पेवा बनाए ।

ऐजन, *जनैविवाद र समाधान,* पृ. १३ ।

ट. विचरा प्रजातन्त्रेले पनि केही गर्न सकेन, टुलुटुलु हेरेर बस्नुबाहेक अरु विकल्प देख्न सकेन ।

ऐजन, *यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ?* पृ. ५५ ।

ठ. जनआन्दोलन, कालोपट्टी र धर्ना जुलुस, रिले अनसन, आमरण अनसन, राँके जुलुस, लाठी चार्ज, नेपालबन्द, सकेट बम, विस्फोटन आदि हुन सक्छ र सोही शीर्षकमा कविता कुँदेर कवितासङ्ग्रह प्रकाशन गर्ने दाउमा छु ।

ऐजन, *म प्राज्ञ-मेरो प्रज्ञा प्रतिष्ठान,* पृ. ९० ।

ड. शान्ति क्षेत्र नेपाल क्रान्ति क्षेत्रमा रूपान्तरित भएको छ ।

ऐजन, *सान्दाजुलाई पत्र,* पृ. ९६ ।

ढ. आफूभन्दा माथिका नेताले जे भने पनि मान्ने तर आफूलाई उछिनेर कोही माथि जान लाग्यो भने त्यसको खुट्टा तान्ने खेल मलाई असाध्यै मनपर्छ ।

पूर्ववत्, *म र सुन्दरी प्रतियोगिता,* पृ.९९ ।

ण. कसैलाई पार्टी फुटेको देख्ने रहर, कसैलाई पार्टी जुटिरहेको देख्ने रहर तर आफूलाई त जुटेको होइन फुटेको देख्ने इच्छा थियो ।

ऐजन, *महान् बन्ने धूनमा,* पृ. १०२ ।

यसरी राजनीतिमा हुने गरेको राष्ट्रियताप्रतिको बेवास्तापन, निरीहपन, पदीय दुरुपयोग, राजनीतिक अस्थिरता, पार्टीगत मतदानको किनमेल एवम् राजनीतिलाई व्यक्तिगत तवरले प्रयोग गर्ने, प्रजातन्त्रको दुरुपयोग, पदीय लोलुपता, खुट्टा तान्ने प्रवृत्ति र जस्तोसुकै स्थितिमा पनि राजनीतिलाई नै मुख्य हतियारको रूपमा प्रयोग गर्ने प्रयोगकर्ताहरूप्रति टड्कारो व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.२.२ धार्मिक व्यङ्ग्य

तिलकराज शर्माका निबन्धमा राजनीतिक व्यङ्ग्यका अतिरिक्त धार्मिक व्यङ्ग्यले पनि आफ्नो स्थान जमाएको देखिन्छ । धर्मका नाममा हुने अन्याय, अत्याचार, रूढिवाद, खराब संस्कृति, मूर्तिपूजा गरी मानव आत्मालाई तिरस्कार गर्ने प्रवृत्ति, पापाचारजस्ता विषयहरूप्रति शर्माले यसरी व्यङ्ग्यवाण प्रहार गरेका छन् :-

क. सोह्र वर्षे युवती फेसनको लागि मस्जिद धाउँछे ।

**पार्टी खोल्ने धूनमा,** *मुकुण्डो,* पृ. १

ख. रक्सी बह्म, ममचा विष्णु, कुखुरा देव महेश्वरः यो सबै मिली मेरो मुखमा परोस् परमेश्वर ।

ऐजन, *अन्तराष्ट्रिय खैनी सम्मेलन,* पृ. ११ ।

ग. यहाँको गायत्री र मर्त्यलोकको गायत्री कसरी मिलोस् हजुर, त्यहाँ त कुरा भैसक्यो । जुगजमाना अनुसार गायत्री पनि परिवर्तन नगरी भएन ।

ऐजन, *सबभन्दा मजा त मर्दा पो हुँदोरहेछ,* पृ. २४ ।

घ. मन्दिर, मस्जिद देख्दा भक्ति जागेर आउँछ भने झगडा भएको ठाउँमा शक्ति जागेर आउँछ...।

ऐजन, *चञ्चले मन,* पृ. ३८ ।

ङ. घरमा फर्सीको मुन्टा छैन, रेष्टुरेण्टमा गएर जोनबुल र उर्वसी तान्ने पशुपतिनाथले रक्षा गरेको मेरो प्यारो राजधानीलाई अब अनौठो मान्ने कि नमान्ने ... ।

ऐजन, *मेरो प्यारो राजधानी शहर,* पृ. ५९ ।

च. बिहानै उठी पशुपतिको दर्शन गर्न जाने, चोरी केशमा पर्छन् ।

ऐजन, पृ. ५९ ।

छ. गुरुङ्ग, मगर जातिले आफ्नो पूर्व संस्कार त्यागेर बौद्ध धर्ममा लागि धेरैजसो शाकाहारी भएछन् ।

*पोखरा अतीत र वर्तमान,* पृ. ६५ ।

शर्माका निबन्धहरूमा धर्मका ठेकेदारहरूको कुकृत्य पाखण्डीपन, रणचण्डी नृत्य, धर्मको अपव्याख्या, अवमूल्यन जस्ता प्रवृत्तिप्रति चर्को व्यङ्ग्य प्रहार गर्दै सुधारको अपेक्षा राखेका छन् ।

### ५.२.३ सामाजिक व्यङ्ग्य

तिलकराज शर्माका निबन्धमा सामाजिक क्षेत्रमा भएका कुसंस्कार, कुरीति, अन्धविश्वास, बालविवाह, बहुविवाह, अनमेल विवाह, विधवा विवाह, महिला हिंसा, बालबालिकाको अधिकार हननजस्ता कुराहरूप्रति समाजबाट हुने तिरस्कार एवम् स्वीकारहरूलाई यथार्थ तरिकाले प्रस्तुत गर्दै विकृतिहरूप्रति यसरी व्यङ्ग्य गरेका छन् :

क. बेलामा बुद्धि पुऱ्याइएन, ४/५ वटी स्वास्नी ल्याइयो, अब जेठीलाई पेन्सन चाहियो रे, माहिंलीलाई सञ्चयकोष दिनु पऱ्यो रे, साहिंलीलाई घरभाडा दिनु पऱ्यो रे ........... ।

*श्रीमती एक नभई नहुने समस्या,* पृ. १८ ।

ख. अस्ति एकजना मन्त्रीले आफ्नो छोराको विवाह जनवादी तरिकाबाट गराए भन्ने निकै हल्ला सुनियो, पछि बुझ्दा खेरी त दाइजो त अघिल्लै दिन ट्रकमा हालेर ल्याइसकेका रहेछन् ।

*दाइजो* पृ. ३९ ।

ग. पोहर सालमात्र विवाह गरेको माथिल्ला घरे माहिलाकी छोरी चञ्चलीलाई दाइजो कम भयो भनेर सासू, ससुरा र लोग्ने मिलेर चुट्नसम्म चुटेर मध्य रातमा दरौंदी खोलामा लगेर मिल्काइदिएछन् ।

*दाइजो,* पृ. ४० ।

घ. छोराको विवाहचाहिँ अंश पाउने कानुन बनिसकेपछि यसो नवधनाढ्य हेरेर निकै हात लाग्ने ठाउँमा गर्नुपर्ला भन्ने ठानेको छु ।

*नारी स्वतन्त्रता,* पृ. ४३ ।

ङ. दुइटैमा तापक्रम, दुइटैमा रोमान्टिज्म, दुइटैमा बेहोसीपन नारी र मदिरा...।

*नारी स्वतन्त्रता,* पृ. ६२ ।

च. ममीलाई भनेको त छोरी झर्केर उल्टो ममाथि जाई लागि किन जाइलाग्नु पर्‍यो साँचो साँचो भन त के भयो भनेको त मम्मी भने मेरो पाइन्ट र टि-सर्ट लगाएर विश्व श्रीमती सुन्दरी प्रतियोगितामा जाने, आफूचाहिँ भरे नाइट क्लबमा के लगाएर जाने भनेर धुरुधुरु रुन थाली ।

*म र सुन्दरी प्रतियोगिता,* पृ. १०० ।

यसरी सामाजिक क्षेत्रमा देखिएका कुरीति, कुसंस्कार, अन्धविश्वास, बहुविवाह, बालविवाह, महिला अधिकारजस्ता विविध क्षेत्रमा तीखो झटारो हान्ने काम शर्माबाट भएको पाइन्छ ।

### ५.२.४ पर्व एवम् सांस्कृतिक व्यङ्ग्य

समाजमा चलिआएको रीतिरिवाज चालचलनप्रति भएको अतिक्रमणलाई निबन्धकारले हास्यव्यङ्ग्यात्मक तरिकाले यसरी व्यक्त गरेका छन् :-

क. दर खाने दिन बेलुका दिदीबहिनी, भान्जाभन्जी गरी एक गोठै जम्मा भए ।

*दर खानुभन्दा हरेश खानु जाति,* पृ. ५४ ।

ख. पेटमा ग्याष्टिक र बाटोमा प्लाष्टिक नभेटिए नेपाल र नेपाली नै हुँदैन भनेजस्तै काँधमा जनै र शिरमा टुप्पी छैन भने त्यसलाई हिमाल ब्राह्मण भन्न मिल्दैन ।

*जनै विवाद र समाधान,* पृ. १० ।

ग. तीजको बेलामा बुहारी माइत पठाएँ अधेरी खोलाले लग्यो बरिलै ।

*श्रीमतीको कचकच र यस पटकको तीज,* पृ. ८१ ।

यसरी परम्परागत रीतिरिवाज पर्व र संस्कृतिका आधारमा समाजमा हुने गरेका वेथिति कुसंस्कार, दुर्घटना एवम् पर्वहरूको निहुँमा हुने आर्थिक दुरुपयोग र आर्थिक अभाव, अनावश्यक भिडभाडप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

### ५.२.५ आर्थिक व्यङ्ग्य

निबन्धकारले समाजमा आर्थिक रूपमा सबल र निर्वलप्रति समाजको हेर्ने दृष्टिकोण र उच्च पदस्थ कर्मचारीमा हुने आर्थिक अनियमितताप्रति यसरी व्यङ्ग्य गरेका छन् :-

क. गोरो छाला र खैरो कपाल छैन भने जतिसुकै ठूलो हैसियत भए पनि कसैले वास्ता गर्दा रहेनछन् । नेपाली नै भए पनि हिन्दी भाषा बोल्ने गोरो र खैरो कपाल देखेपछि खलासीदेखि वटुवा समेतले अंग्रेजी बर्बराउन थाल्दा रहेछन् ।

*पोखरा, अतीत र वर्तमान,* पृ. ६४ ।

ख. महानगर नामकै भए पनि जतिसुकै फोहरमैला बढे पनि विदेशी एड र विदेशी घुम्ने कोटा वृद्धि भएकै छ । खानेपानी र दिशापिसाबको ढल फुटेर एउटै भए पनि विदेशीलाई थाहा हुने कुरा भएन क्यारे कुनै विदेशीले खनेर हेर्ने होइन । एकपटकमा एउटा अरबपति भए पचासपटकमा पचासजना अरबपति हुन्छन् । नेपालीसँग पैसा भए कमसेकम ब्याजमा बैंकबाट लिन त पाइन्छ ।

*पोखरा, अतीत र वर्तमान,* पृ. ६४ ।

यसरी सामाजिक कार्यका लागि छुट्याएको राष्ट्रिय धन होस् अथवा विदेशी मुलुकबाट गरिएको दातृसहयोग, सम्बन्धित क्षेत्रमा खर्च नगरी आर्थिक अनियमितता, आर्थिक चुहावट र रकमान्तर गर्नेजस्ता आर्थिक क्षेत्रमा देखा परेका दुरुपयोग र भ्रष्टाचारजन्य कार्यप्रति निबन्धकारले व्यङ्ग्य प्रहार गरेका छन् ।

### ५.२.६. साहित्यिक व्यङ्ग्य

तिलकराज शर्माका निबन्धमा प्रशासनिक, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक व्यङ्ग्यका अतिरिक्त साहित्यिक व्यङ्ग्यले पनि स्थान पाएको छ । साहित्यिक क्षेत्रमा भएका गलत प्रवृत्तिहरू, असाहित्यिक व्यक्तिहरूले साहित्य सृजनाका नाममा गरेका गलत कुराका साथै साहित्यको मौलिकता हराएको र प्रतिभाले कवि हुनेभन्दा पनि देखासिकी कवि हुनेहरूप्रति यसरी व्यङ्ग्य गरेका छन् :-

*भर जन्म तरुनीतिर मन दिई धन गुमायो*
*नाम केही रहोस् भनेर पछि भट्टि बनायो ।*

*भानुभक्तसँग जम्काभेट,* पृ. ४६ ।

### ५.३ प्रस्तुतिगत व्यङ्ग्य

तिलकराज शर्माका निबन्धहरू क्षेत्रगत व्यङ्ग्यका अतिरिक्त प्रस्तुतिगत व्यङ्ग्यले पनि आफ्नो स्थान ओगटेको पाइन्छ । प्रस्तुतिगत व्यङ्ग्यमा व्यङ्ग्यअन्तर्गत भाषिक र पात्रिकजस्ता व्यङ्ग्यहरू पर्दछन् । यसको पहिचान निम्नानुसार गर्न सकिन्छ :-

#### ५.३.१ भाषिक व्यङ्ग्य

भाषाको व्यतिक्रम, वाक्य विचलन, पदयोग, पदवियोग, वाक्यगठन, शब्दमा पुनरावृत्ति, अर्थमा पुनरावृत्तिजस्ता कुराहरूप्रति यसरी व्यङ्ग्य गरेका छन् :

क. लाटोले भाषण गर्छ, बहिरोले मुन्टो हल्लाउँछ । समाजमा जो असत्य गर्छ उसैले वर्षैपिच्छे सत्यनारायणको पूजा गलाउँछ ...। *मुकुण्डो,* पृ. २ ।

ख. सेतीको छोरो वीरबहादुर कांग्रेसको नेता रे, जसका घरमा अहिले खाए भरे के खाम छ ।
*पार्टी खोल्ने धुनमा,* पृ. ९ ।

ग. त्यसो भन्नुभयो भने तपाईंको वान होल इस्क्वायर गन्ती हुनेछ ।
*अन्तराष्ट्रिय खैनी सम्मेलन,* पृ. ११ ।

घ. मेरो नाम हो हराम काजी विराम तपाईंलाई किन पिराम, फोन नं. जिरो जिरो सुन्ना म कहिल्यै घरमा हुन्न ।
*अन्तर्राष्ट्रिय खैनी सम्मेलन,* पृ. १५ ।

ङ. लाटाहरू बोल्न थाल्नेछन्, बेरोजगार युवाहरू रोजगार हुनेछन् ।
*यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ?* पृ. ५४ ।

यसरी नेपाली भाषिक क्षेत्रमा देखिएका वाक्य विचलन, पद वियोग, वाक्य गठन, क्षेत्रगत बोलीचालीमा अशुद्धताजस्ता क्षेत्रमा व्यङ्ग्य प्रहार गर्ने काम शर्माबाट भएको पाइन्छ ।

#### ५.३.२ पात्रिक व्यङ्ग्य

तिलकराज शर्माका निबन्धका पात्रहरूका हाउभाउ, चालचलन, पात्रको मनोदशा, अनौठो क्रियाकलाप, व्यतिरेक पात्र चयनजस्ता पक्षहरूप्रति शर्माले हास्यव्यङ्ग्यात्मक तरिकाले यसरी प्रहार गरेका छन् :-

क. सेतीको छोरो वीरबहादुर कांग्रेसको नेता रे, जसका घरमा, अहिले खाए भरे के खाउँ छ ।
**पार्टी खोल्ने धुनमा,** पृ. ६ ।

ख. अब हेर्नुहोस् मेरो फूर्ती, मानिस हेर्दा लुरीले पालेको कुखुरो जस्तो भए पनि तपाई जस्ता दुई चार जनासँग गफ गर्नमा पछि परुँला जस्तो लाग्दैन ।
ऐजन, *अन्तर्राष्ट्रिय खैनी सम्मेलन,* पृ. ११ ।

ग. उक्त खैनी सभाको सञ्चालन नेपाल तमाखु विकास तथा सुर्ती विभागका कायममुकायम अध्यक्ष श्री ट्वाकबहादुर ठर्राज्यूले गर्नुभएको थियो ।

ऐजन, *अन्तर्राष्ट्रिय खैनी सम्मेलन,* पृ. १२ ।

घ. मनांगेलाई हङकङमा बिल छुटाउने समस्या अनि त्रिपन्ताम भनेर सिधा बटुल्ने टपरे बाहुनलाई पनि एउटा टपरी गाँस्ने बूढियाको समस्या ।

ऐजन, *श्रीमती एक नभै नहुने समस्या,* पृ. १७ ।

ङ. पियनलाई मैले पुनः प्रश्न गरेँ, धनबहादुर ! टोपी मात्र लगाए हुन्छ कि दौरा सुरुवाल पनि सिलाउनु पर्ने हो ।

*दौरा सुरुवाल र टोपी आतङ्क,* पृ. २५ ।

च. बहुदल आउने बित्तिकै कर्मचारी सङ्घ चाहिन्छ भनेर नेतागिरी गर्दै कहिले गरगहना अधिकारी र पानप्रसाद भट्टराईकहाँ पुगे ।

*दौरा सुरुवाल र टोपी आतङ्क,* पृ. २५ ।

छ. गोठभरि पाडैपाडोको बथान भैसक्यो । कसलाई बिक्री गरौं भने पाडो सहिद भई ममचा हुने डर, राँगो बनाएर राखौ भने कृत्रिम गर्भधारणलाई मूल आयस्रोत बनाएका "नन् ग्रयाजुएड" भेटेरीनरी डाक्टर आए घेराउ, धर्ना, अनसन गर्लान भन्ने डर ।

ऐजन,*व्यवसायको खोजीमा,* पृ.५० ।

ज. गीरप्रसाद कोइराला, हात्तीमान सिंह, लालमोहन अधिकारी, पानप्रसाद भण्डारी, मालपुवा भण्डारी आदि सबै टुँडीखेलमा जम्मा भएर प्रजातन्त्रे आएको प्रमाणित गर्दै भाषण ठोके ।

ऐजन, *यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ?* पृ. ५४

झ. कन्या बिक्रीमा बत्तीस लक्षणले युक्त दुईवटा मात्र लक्षण घट्दा पनि तीस गुणा भएकी खाए सत्र्यान, नखाए लत्र्यान् मात्र दुई गुणा नपुगेकी गुणवान् जिउडाल मिलेकी वर्ष ३५ कि सुकन्या बिक्रीमा छन् ।

ऐजन, *यता कतै प्रजातन्त्रेलाई देख्नुभयो कि ?* पृ. ९२ ।

## ५.४ निष्कर्ष

यस प्रकार शर्माका निबन्धमा हास्यका माध्यमबाट व्यङ्ग्यात्मकताको पहिचान गरी सुधारतर्फ लक्षित गरिएको पाइन्छ । समाजका विविध पक्षहरूमाथिका विकृति एवम् विसङ्गतिलाई चोटिलो र घोचिलो पाराले प्रस्तुत गर्न सक्नु उनको हास्यव्यङ्ग्यात्मक निबन्धको शिल्पकला हो ।

# परिच्छेद : छ
# नेपाली हास्यव्यङ्ग्य निबन्धमा तिलकराज पौडेलको योगदान

## ६.१ पृष्ठभूमि

नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखनको इतिहास साहित्यको इतिहास जतिकै लामो छ । नेपाली भाषाले लिखित स्वरूप प्राप्त नगर्दै नेपाली जनजीवनमा प्रचलित उखान-टुक्काले अनौपचारिक रूपमा मान्यता पाए पनि लिखित साहित्यको प्राप्त आधारलाई मानेर हेर्दा प्राथमिककालीन समयमा सुवानन्द दास पहिला कवि र शक्तिबल्लभ दोस्रा कवि हुन् । यिनै शक्तिबल्लभद्वारा संस्कृतमा लेखिएको हास्यकदम्बलाई नेपालीमा उल्था गरी हास्यको रूप चिनाउने काम भए तापनि मौलिकताको दृष्टिबाट प्राथमिककालकै भक्ति धारा अन्तर्गत राम भक्ति धाराका सशक्त कवि भानुभक्त आचार्यलाई पर्खनु परेको थियो ।[65] नेपाली साहित्यको प्रारम्भको हास्य व्यङ्ग्यमा वीरत्वलाई आकर्षित गर्ने सन्दर्भमा छेडछाड र प्रहारको भाषा अँगालेर छिटपुट रूपमा व्यक्त गरिएका थिए ।

नेपाली साहित्यको माध्यमिककाल प्रवृत्तिगत दृष्टिले शृङ्गारकालीन युगको रूपमा रह्यो । हास्यव्यङ्ग्यको निम्ति यो समय खासै उर्वर रहेन । लक्ष्मीदत्त पन्तको 'नानी कसोरी भनुँ' तथा कृष्णप्रसाद रेग्मीको 'कुखुरा कराए' जस्ता केही शृङ्गारिक कविताहरूमा हास्यव्यङ्ग्यका आंशिक लक्षणहरू देखिए पनि यस समयका रचनाहरू हास्यव्यङ्ग्यले भकिभकाउ हुन सकेनन् । यस चरणमा सृजित रचनामा धार्मिक पाखण्डीपनप्रति उपहास गर्दै व्यङ्ग्य गरिएको पनि पाइन्छ । यस्तै हास्यव्यङ्ग्य रचनाहरूमा पहलमान सिंह स्वाँरको 'लोभी पुरोहित', 'अल्प पण्डित', 'दाह्री दण्डित', 'मुर्ख स्रोता' शिखरनाथ सुवेदीको 'गयाका पण्डा' आदि उपहासको ओत लागेर छेडछाड गरिएको हास्यव्यङ्ग्य रचना यसै अवधिका हुन् । वि.सं. २००७ देखि वि.सं. २०१६ सम्मको समयावधि हास्यव्यङ्ग्यको आधुनिक कालको उठान बिन्दु हो । वि.सं. २००७ पछि उपलब्ध प्रजातान्त्रिक वातावरणले लेखन तथा प्रकाशनका निम्ति अनुकूल परिस्थिति हुनाले पत्रपत्रिका प्रकाशनको सुविधासँगै पत्रपत्रिकामा हास्यव्यङ्ग्य स्तम्भमार्फत् हास्यव्यङ्ग्यमूलक रचनाहरूको प्रकाशन बढ्यो । यसका अतिरिक्त पुस्तकाकार कृतिकै रूपमा केशवराज पिंडालीको 'खै खै' (२०१७) आफैमा एउटा

---

[65] लुइटेल, नरनाथ, (सम्पा.), **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** (काठमाडौं : विवेक, सिर्जनशील प्रकाशन प्रा.लि., २०६५), पृ. ३९ ।

मानक स्तम्भ हो । यसैगरी भैरव अर्याल अत्यन्तै बलियो प्रतिभा लिएर देखा परेका हुन् । अर्यालका 'काउकुती' (२०१९), 'जय भुँडी' (२०२०), 'गलबन्दी' (२०२६), 'इतिश्री' (२०२८) जस्ता हास्यव्यङ्ग्यका मानक कृतिहरू यस समयका प्राप्ति हुन् । त्यसैगरी यस समयमा हास्यव्यङ्ग्य साहित्यकारहरूमा धनुषचन्द्र गौतम, मोहनराज शर्मा, श्यामप्रसाद शर्मा, श्याम गोतामे, रामलाल अधिकारी, रामकुमार पाण्डे, नरेन्द्रमणि, वासुदेव शर्मा, अच्छा राई रसिक आदि थुप्रै हास्यव्यङ्ग्य साहित्यकारद्वारा नेपाली हास्यव्यङ्ग्य साहित्यलाई हराभरा बनाएका छन् । यस समयका हास्यव्यङ्ग्यात्मक साहित्यहरूमा समाजको कुरीति, कुसंस्कारलाई विषय प्रस्तुतिका माध्यमबाट व्यङ्ग्यप्रहार गरेको पाइन्छ । यसरी नेपाली साहित्यको हास्यव्यङ्ग्य विधामा वि.सं. २००७ सालको प्रजातान्त्रिक परिवर्तनपछि नागरिकहरूले वाक् स्वतन्त्रता, लेखन स्वतन्त्रताजस्ता अधिकारहरू राज्यबाट प्राप्त गरेपछि स्वतः स्फूर्त रूपमा मुलुकमा देखा परेका विविध पक्षप्रति धारिलो प्रहार गरेको पाइन्छ । यसरी नेपाली हास्यव्यङ्ग्य साहित्यले आफ्नो छुट्टै परिचय बनाउन सफल भएको छ ।

## ६.२ चितवनको हास्यव्यङ्ग्य अवस्था

चितवन जिल्लामा गद्य साहित्य लेखनको सचेत प्रयास २०१५ साल अघिबाट नै भए तापनि औपचारिक रूपमा कलानाथ अधिकारीको २०१६ सालमा प्रकाशित साहित्यिक कृति जितिया पावनीले गद्य साहित्यकै पहिलो साहित्यिक कृति हुने अवसर प्राप्त गऱ्यो । थारु भाषामा प्रकाशित उक्त पुस्तकमा अधिकारीले जितिया पर्वको बारेमा जानकारी दिएका छन् । प्रारम्भिक अवस्थामा नै गद्य विधामा साहित्यिक कृति पाएको चितवनको गद्य साहित्यमा सक्रिय रहेर साहित्य लेख्ने साहित्यकारको उपस्थिति भने वर्तमान समयसम्म आइपुग्दा पनि ज्यादै न्यून रहेको छ । गद्य साहित्यका विविध विधाहरू कथा, निबन्ध, उपन्यास, नियात्रा, जीवनीजस्ता फरक-फरक विधामा कलम चलाउने धेरै साहित्यकारहरू भए तापनि नेपाली साहित्यको कान्छो विधा मानिने हास्यव्यङ्ग्यको लेखन र विकास भने धेरै पछि आएर मात्र भएको देखिन्छ । अनौपचारिक रूपमा सामान्य व्यावहारिक जीवनमा केही हस्यौला, ठट्यौला प्रस्तुतिहरू भए तापनि औपचारिक रूपमा हास्यव्यङ्ग्य साहित्यका रचनात्मक धर्मितालाई आधार बनाएर निबन्ध लेख्ने श्रेय विशेष गरेर रविकिरण निर्जीव, रामबाबु घिमिरे र तिलकराज शर्मालाई प्राप्त हुन्छ । वि.सं. २०४७ मा प्रकाशित रविकिरण निर्जीवको 'सोझा निर्जीवका बाङ्गा निबन्धहरू' (२०४७) ले चितवन जिल्लाको परिवेशमा हास्यव्यङ्ग्य विधाको पहिलो साहित्यिक कृति हुने मौका प्राप्त गर्दछ । चिवतन जिल्लामा निबन्ध विधामा कलम चलाउने थुप्रै

स्रष्टाहरू भए तापनि सचेत रूपमा हास्यव्यङ्ग्य साहित्यमा कलम चलाउने स्रष्टाहरू भने औंलामा गन्न सकिने संख्यामा रहेका छन् । चितवन जिल्लाको हास्यव्यङ्ग्य निबन्ध साहित्यलाई हराभरा बनाएर वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउनमा विशेष गरेर रामबाबु घिमिरे, रविकिरण निर्जीव र तिलकराज शर्माको ठूलो योगदान रहेको छ । हास्य र व्यङ्ग्यको सन्तुलित समायोजन गरी सुधारात्मक समाजको परिकल्पना गर्ने रामबाबु घिमिरे, रविकिरण निर्जीव, तिलकराज शर्मा चितवन जिल्लाको हास्यव्यङ्ग्य निबन्ध साहित्यका त्रिमूर्ति हुन् । वि.सं. २०४६ पछि प्रकाशित रविकिरण निर्जीवका **थप बाङ्गा निबन्धहरू,** रामबाबु घिमिरेका निबन्धकृतिहरूमा **म हरेश खान थालेको छु** (२०४७), **लेख्न नपर्ने कुराहरू** (२०५६) र **अनर्गल प्रलाप** (२०६५) तथा तिलकराज शर्मा पौडेलका **पार्टी खोल्ने धुनमा** (२०५२) र **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) जस्ता हास्यव्यङ्ग्यात्मक साहित्यिक कृतिहरूले चितवन जिल्लाको हास्यव्यङ्ग्य निबन्ध साहित्यलाई टेवा दिइरहेका छन् । विशुद्ध हास्यव्यङ्ग्यलाई आधार बनाएर लेखिएका निबन्धसङ्ग्रहहरूमा हास्य र व्यङ्ग्यको प्रस्तुति पाइनु स्वभाविक हो, तर कपिल अज्ञातको २०६४ सालमा प्रकाशित **भूलहरूका विरुद्ध** निबन्धसङ्ग्रहमा पनि थोरबहुत व्यङ्ग्यात्मकताले स्थान प्राप्त गरेको छ ।

## ६.३ तिलकराज शर्मा पौडेलको योगदान

चितवन जिल्लाको हास्यव्यङ्ग्य साहित्यले वर्तमान समयसम्म आइपुग्दा आधा दर्जनभन्दा बढी साहित्यक कृतिहरू प्राप्त गरिसकेको छ । विभिन्न स्रष्टाहरूको सक्रियतापूर्वक सहभागिताले भविष्यमा हास्यव्यङ्ग्य साहित्यले थप उत्कर्षता प्राप्त गर्न सक्ने देखिन्छ । चितवन जिल्लामा हास्यव्यङ्ग्य साहित्यमा सक्रिय रहेर २०२८ सालदेखि नै साहित्य सिर्जनामा लागि परेका तिलकराज शर्माको हास्यव्यङ्ग्य विधाको उत्थान र विकासमा ठूलो योगदान रहेको छ । उनले राजनीतिक, धार्मिक, सामाजिक पर्व एवम् सांस्कृति, आर्थिक साहित्यक, भाषिक र पात्रिकजस्ता विषयवस्तुमा देखिएका विसङ्गति र विकृतिको व्यङ्ग्य गरेका छन् । यसका साथै विविध विषयप्रति व्यङ्ग्यात्मक शैली अपनाएर नेपाली साहित्यको निबन्ध विधा अन्तर्गत हास्यव्यङ्ग्यलाई उर्वर बनाउनमा महत्त्वपूर्ण योगदान दिएका छन् । आफ्नो जीवनको लगभग साढे तीन दशकसम्म हास्यव्यङ्ग्य साहित्यमा उल्लेख्य योगदान गरेका शर्माको लेखन क्षमताले सम्पूर्ण हास्यव्यङ्ग्य साहित्यमा ठूलो गुन लगाउँदै हास्यव्यङ्ग्यसँग सम्बन्धित स्रष्टाहरूका लागि प्रेरणाको स्रोत बन्न सकेका छन् । समाजमा विद्यमान विकृति, विसङ्गति, कुरीति, अनमेलता, भ्रष्टाचार, दुराचार, पापाचार, अन्याय, अत्याचार, राजनीतिक

भ्रष्टता, महिला दुर्व्यवहार, खराब परम्परा, लैङ्गिक भेदभाव, लगायत समाजका विविध कमजोरीहरूप्रति छेड व्यक्त गर्दै सुधारोन्मुख समाजको कल्पना गर्ने शर्मा एक सुधारवादी व्यङ्ग्य निबन्धकार हुन् । आफ्ना साहित्यिक सहपाठीहरू रामबाबु घिमिरे, रविकिरण निर्जीवसँग विशेष सल्लाह, सुझाव, साक्षात्कार गर्दै लेखनमा तल्लीन रहेका शर्माका निबन्धहरू समयसापेक्ष रहेका छन् ।

## ६.४ निष्कर्ष

यसप्रकार आफ्नो साहित्यिक यात्राको सुरुवातबाटै वर्तमान समयसम्म आइपुग्दा कहिले फुटकर रचना त कहिले पुस्तकाकार कृति प्रकाशित गर्दै आफूलाई हरपल सिर्जनामा नै व्यस्त बनाउने शर्मा चितवन जिल्लाका जुझारु एवम् अद्वितीय प्रतिभा हुन् ।

# परिच्छेद : सात

# उपसंहार

आधुनिक नेपाली निबन्ध फाँटमा हास्यव्यङ्ग्य निबन्धकारका रूपमा आफूलाई चिनाउन सफल तिलकराज शर्माको जन्म वि.सं. २०११ असोज १४ गते तनहूँमा भएको हो । बसाइँसराइको क्रममा तनहूँबाट चितवन झरेका शर्माको बाल्यकालीन जीवन सुखमय र सुन्दरतामा बितेको पाइन्छ । अनौपचारिक रूपमा घरमै अध्ययन गरेका शर्माको औपचारिक अध्ययनको आरम्भ भने २०२० सालमा नौ वर्षको उमेरमा आफ्ना बुबासँग तत्कालीन राष्ट्रिय पाठशाला जुटपानीबाट भएको हो । औपचारिक अध्ययनका क्रममा राजनीति शास्त्रमा एम.ए. पढ्न थाले पनि विविध कारणले अध्ययन पूरा हुन पाएको देखिँदैन । शैक्षिक योग्यताको हकमा २०३१ सालमा तत्कालीन नेपाल हाइस्कूलबाट एस.एल.सी. परीक्षा उत्तीर्ण गरी विद्यार्थी जीवनमा नै २०३० सालबाटै नेपाल हाइस्कूलमा मुखिया पदबाट सेवा आरम्भ गरेका निबन्धकार तिलकराज शर्माले वि.सं. २०३३ मा पदमपुरस्थित राष्ट्रिय प्राथमिक विद्यालयमा एक वर्ष सेवा गरी २०३७ सालबाट सहिद स्मृति कलेजमा कार्यारम्भ गरेका शर्माले लामो समय प्रशासन फाँटमा रहेर कार्य अनुभव बटुलेका छन् । २०३० सालमै वैवाहिक बन्धनमा बाँधिएका शर्माका हाल तीन छोरी र एक छोरा छन् । शर्माभित्र साहित्यिक व्यक्तित्वका अतिरिक्त सामाजिक, राजनीतिक, प्रशासनिक, धार्मिक तथा सम्पादकीय व्यक्तित्व रहेको पाइन्छ । यसबाट उनी बहुप्रतिभाका धनी हुन् भन्ने कुरा प्रमाणित हुन्छ । सात्विक आहार-विहार गर्ने शर्मा श्रीकृष्णप्रणामी धर्ममा तल्लीन रही धार्मिक साधनामा जुटिरहने समर्पित भक्त हुन् । धार्मिक कार्यक्रमकै सिलसिलामा भारत, अमेरिका, बेलायत र कोरियासम्मको यात्रा गरेका शर्मा नयाँ ठाउँको भ्रमणमा रुचि राख्ने व्यक्ति हुन् ।

वि.सं. २०२८ मा *अन्तर्राष्ट्रिय खैनी सम्मेलन* शीर्षकको हास्यव्यङ्ग्य निबन्ध प्रकाशित गरेर औपचारिक रूपमा साहित्यिक क्षेत्रमा उदाएका शर्माले विशेषत: हास्यव्यङ्ग्य निबन्धका माध्यमबाट समाजका विकृति, विसङ्गति, गरिबी, अशिक्षा, अन्याय, अत्याचार, भ्रष्टाचार, दुराचारजस्ता विसङ्गत पक्षहरूमाथि व्यङ्ग्य प्रहार गर्दै सुधारको अपेक्षा राख्दछन् । निबन्ध विधाको रचनाधर्मितालाई पालना गर्दै निबन्ध रचना गर्ने शर्मा विशेषत: हास्यव्यङ्ग्य निबन्धका पिता मानिने भैरव अर्यालबाट प्रभावित छन् । आफ्नो निबन्ध लेखनको करीब साँढे तीन दशकको समयमा दुईवटा हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् । ती हुन् :- **पार्टी खोल्ने धुनमा** (२०५२) र **दौरा सुरुवाल र टोपी आतङ्क** (२०६५) । त्यसैगरी **नूनको पर्खाइमा** (कवितासङ्ग्रह) **अध्यक्ष हुँ म** (हास्यव्यङ्ग्य

निबन्धसङ्ग्रह) र **अमेरिकाका ऐँसेलु मिठा थिए** (आत्मसंस्मरण) जस्ता कृतिहरू प्रकाशोन्मुख रहेका छन् । आफ्नो जीवन यात्राका क्रममा शैक्षिक, राजनीतिक, धार्मिक, सामाजिक क्षेत्रमा सेवा गरे वापत एक दर्जनभन्दा बढी सङ्घ-संस्थाबाट सम्मानित र पुरस्कृत भएका शर्माले मूल रूपमा साहित्य क्षेत्रमा आफ्नो व्यक्तित्वको पहिचान गराएका छन् ।

**पार्टी खोल्ने धुनमा** (२०५२) मा समाजमा भएका विभिन्न विकृति विसङ्गतिहरूलाई जस्ताको तस्तै रूपमा प्रस्तुत गरेर निबन्धकारले हास्यव्यङ्ग्यात्मक एवम् पेचिलो पाराले सम्बन्धित निकायलाई घच्घचाउने काम गरेका छन् । शर्माको **दौरा सुरुवाल र टोपी आतङ्क** निबन्धमा पनि राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक, क्षेत्रका साथै नैतिकतामा देखापरेका विकृति, विसङ्गतिको पहिचान गर्दै सुधारको आशा गरेका छन् । पहिलो निबन्ध **पार्टी खोल्ने धुनमा** प्रकाशित गरेपछि धेरै पाठकहरूको माया पाउन सफल शर्माले झन्डै तेह्र वर्षको अन्तरालपछि पुन: अर्को हास्यव्यङ्ग्यात्मक निबन्धका साथमा प्रस्तुत हुँदै आफूलाई तीन दर्जन निबन्धका स्रष्टाका रूपमा चिनाएका छन् । पहिलो निबन्धसङ्ग्रह हुँदै दोस्रो निबन्धसङ्ग्रहमा आइपुग्दा पाठकहरूले धेरै गुणात्मक हास्यव्यङ्ग्य निबन्धको अपेक्षा गरे तापनि झट्ट हेर्दा उही विषयवस्तुको पुनरावृत्ति जस्तो लाग्ने जस्ता निबन्धहरू प्रकाशित गरेका छन् । संख्यात्मक रूपमा धेरै निबन्धहरू रहे तापनि गुणात्मकतामा खासै बृद्धि भएको नपाइनु शर्माको निबन्ध लेखनमा देखिने कमजोरी हो । जेहोस् २०२८ को हाराहारीबाटै निबन्धलेखनमा सक्रिय रहँदै चितवनको हास्यव्यङ्ग्य साहित्यलाई उच्चतातर्फ लम्काउने शर्माको योगदानले निबन्ध साहित्यलाई उचो बनाएको छ । विशुद्ध हास्यव्यङ्ग्य निबन्ध लेखनमा देखापर्ने चितवनका हास्यव्यङ्ग्य निबन्धकारहरू रवीकिरण निर्जीव, रामबाबु घिमिरेजस्ता व्यङ्ग्यकारको साथ-साथमा सक्रिय रही आफ्नो छुट्टै परिचय बनाउन सिपालु शर्मा एक कुशल हास्यव्यङ्ग्य निबन्धकार हुन् ।

तिलकराज शर्माका निबन्धहरू समाजमा व्याप्त कुरीति, असङ्गति, आडम्बर, छल, छद्म, अहङ्कार, भ्रष्टाचार, नातावाद, कृपावाद, चाकडी, चाप्लुसी, आर्थिक अनुशासनहीनता, विकृति, विसङ्गति र यावत् बिब्ल्याँटाबाट आक्रान्तहरूप्रति विरोधको स्वर उराल्नु हो । शर्माको देखिएको हास्यव्यङ्ग्यात्मक सचेतनाले एक कुशल व्यङ्ग्यशिल्पीका रूपमा मौलिक परिचयको रेखाङ्कन कोर्दछ । यिनका घोचिला, पेचिला निबन्धहरूले हास्य र व्यङ्ग्यको सही सन्तुलन मार्फत् स्वस्थ समाजको निर्माण गर्ने अभिलाषा प्रकट गर्दछन् । शर्माका निबन्धहरूले कतै मानवीय तुच्छता र अहंको प्वाल टाल्ने सल्लाह दिन्छन्, कतै चड्कन हिर्काउँछन्, कतै सङ्गतिहीन सामाजिक संरचनाप्रति ढाडै खुस्किने गरी प्रहार गर्दछन् र कतै मुटुमा च्वास्स रोपेर प्वाल पारिदिन्छन् । मानवीय दुष्प्रवृत्ति र सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक एवम् धार्मिक क्षेत्रमा देखापर्ने विषमताहरूलाई प्रस्तुत गर्नु यिनको नैबन्धिक सफलता हो । यसरी आफ्ना हास्यव्यङ्ग्यात्मक निबन्धका माध्यमबाट आफ्नो साहित्यिक व्यक्तित्व झल्काउने शर्माले विशेषत: चितवनको हास्यव्यङ्ग्यात्मक निबन्धमा ठूलो गुन लगाएका छन् र उनको आगामी दिनका नैबन्धिक भविष्य उज्यालो रहने पूर्वकल्पना गर्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची

## क. प्रमुख सन्दर्भग्रन्थसूची


शर्मा, तिलकराज, **पार्टी खोल्ने धुनमा,** (चितवन : मोतीमाया पौडेल, २०५२) ।

_______________, **दौरा सुरुवाल र टोपी आतङ्क,** (चितवन : चितवन साहित्य परिषद्, २०६५) ।


## ख. सहायक सन्दर्भपुस्तकसूची


अज्ञात, कपिल, **स्रष्टा बिम्ब : व्यक्तित्व र आरेख,** (चितवन : चितवन साहित्य परिषद्, २०६७) ।

अर्याल, भैरव (सम्पा.), **साझा निबन्ध,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०३० ।

आचार्य, कृष्णप्रसाद, **पूर्व आधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निबन्ध,** (काठमाडौं : क्षितिज प्रकाशन, २०६३) ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** पाँचौ संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९) ।

खनाल, नारायणप्रसाद, **केही रहर, केही ठहर,** (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०४९) ।

गौतम, लक्ष्मणप्रसाद, **पार्टी खोल्ने धुनमा,** *लेख, (बाहिरी आवरण),* (चितवन : मोतीमाया पौडेल, २०५२) ।

_______________, *मिठो व्यङ्ग्यका घोचक बान्कीहरू,* **दौरा सुरुवाल र टोपी आतङ्क,** भूमिका लेख, (चितवन : चितवन साहित्य परिषद्, २०६५)

घिमिरे, रामबाबु, *शुभकामनाका शब्दहरू,* **पार्टी खोल्ने धुनमा,** भूमिका लेख, (चितवन: मोतीमाया पौडेल, २०५२) ।

_______________, *शुभकामनाका शब्दहरू,* **दौरा सुरुवाल टोपी आतङ्क,** भूमिका लेख, (चितवन : चितवन साहित्य परिषद्, २०६५) ।

घिमिरे, मीनादेवी, **रविकिरण निर्जीवको जीवनी र कृतित्वको अध्ययन,** (अ.प्र.), स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०५९ ।

ढुङ्गाना, रामकृष्ण (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौ संस्क, (ललितपुर:साझा प्रकाशन,२०५७) ।

पन्त, टंकप्रसाद, **चोलेश्वर शर्माको निबन्ध यात्रा,** (अ.प्र.), स्नातकोत्तर शोधपत्र (कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०५८) ।

पोखरेल, बालकृष्ण, **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र. पुन : मुद्रण २०५५) ।

प्रधान, कृष्णचन्द्र सिंह, *एक अभिनय,* **छ्याकन,** (काठमाडौ : कौवा प्रकाशन, २०४४) ।

भट्टराई, गोविन्दप्रसाद, (अनु) **भरतमुनिको नाट्यशास्त्र,** (काठमाडौं : ने.रा.प्र.प्र. २०३९) ।

भट्टराई, गंगाकुमारी, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अ.प्र.), स्नातकोत्तर शोधपत्र, (चितवन त्रि.वि., वी.व.क्या, नेपाली विभाग, २०५९) ।

भट्टराई, भरतकुमार, **हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूप,** (अ.प्र.), स्नातकोत्तर शोधपत्र, (कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०४४) ।

भाउपन्थी, **आधुनिक नेपाली हास्यव्यङ्ग्य,** (काठमाडौं : ने.रा.प्र.प्र., २०६४) ।

लुइटेल, नरनाथ, (सम्पा.), **प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,** (काठमाडौं : विवेक, सिर्जनशील प्रकाशन प्रा.लि. २०६५) ।

विनोदी, गोविन्दराज, *दौरा सुरुवाल टोपी आतङ्कको दृष्टिसाक्ष्य,* लेख, **दौरा सुरुवाल टोपी आतङ्क** (चितवन : चितवन साहित्य परिषद्, २०६५) ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** पाँचौ संस्क., (काठमाडौं रत्नपुस्तक भण्डार, २०४८)

शर्मा, मोहनराज (सम्पा.), **नेपाली निबन्ध,** भाग-२, (ललितपुर : साझा प्रकाशन, २०४८) ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** दोस्रो संस्क, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३) ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध,** दोस्रो संस्क., (काठमाडौं: पाठ्यसामग्री प्रकाशन, २०६३) ।

सुवेदी, राजेन्द्र र शर्मा, हिरामणी, **नेपाली हास्यव्यङ्ग्य निबन्ध**, दोस्रो संस्क, (ललितपुर : साझा प्रकाशन, २०५१) ।

## ग. सन्दर्भपत्रिकासूची

त्रिपाठी, वासुदेव, *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ,* **प्रज्ञा**, वर्ष २३, पूर्णाङ्क ८०, ने.रा.प्र.प्र. २०५१) ।

पोखरेल, डी.आर, *पचासको दशकमा प्रकाशित चितवनको गद्य साहित्य,* **चितवन महोत्सव स्मारिका-** २०६१, (चितवन : उद्योग वाणिज्य सङ्घ, २०६१) ।

प्रभात, रमेश, *चितवनका साहित्यिक कृतिहरूको अभिरेखाङ्कन,* **स्मारिका,** (चितवन : रामेश्वर पुस्तकालय तथा वाचनालय, २०६४) ।

मजगैयाँ, उत्तमकृष्ण, **प्रवाह स्मारिका,** (बृहत् नेपाली हास्यव्यङ्ग्य गोष्ठी, दाङ, लेखक सङ्घ, २०५७) ।

## घ. सन्दर्भव्यक्तिसूची

| | | |
|---|---|---|
| १. | कपिल अज्ञात | सहप्राध्यापक, कवि एवम् समालोचक भ.न.पा. १२ चितवन । |
| २. | गोविन्दराज विनोदी | प्रिन्सिपल एस.पि.एम. कलेज गैंडाकोट, वरिष्ठ कवि, गजलकार, गैंडाकोट २, नवलपरासी । |
| ३. | डी.आर. पोखरेल | वरिष्ठ समालोचक भ.न.पा. १०, चितवन । |
| ४. | धनराज गिरी | उपप्रा सहिद स्मृति बहुमुखी क्याम्पस, गजलकार, बछ्यौली ६, चितवन । |
| ५. | मोतीमाया पौडेल | नेपाल उच्च मा.वि.की शिक्षिका एवम् शोधनायककी श्रीमती, र.न.पा. २, चितवन । |
| ६. | रविकिरण निर्जीव | वरिष्ठ समालोचक एवम् साहित्यिक पत्रकार, पूर्व प्र.अ. हिमालयन मा.वि. चम्पानगर, कवि एवम् निबन्धकार, भ.न.पा. १२, चितवन । |
| ७. | रामबाबु घिमिरे | पूर्व क्याम्पस प्रमुख, सहिद स्मृति बहुमुखी क्याम्पस, हास्यव्यङ्ग्य, निबन्धकार, र.न.पा. २, चितवन । |
| ८. | विज्ञान पौडेल | शोधनायकका छोरा एम.ए. अध्ययनरत, र.न.पा. २, चितवन । |
| ९. | लक्ष्मणप्रसाद गौतम | सहप्रा नेपाली केन्द्रीय विभाग, कीर्तिपुर एवम् विशिष्ट समालोचक एवम् साहित्यकार भ.न.पा. ९, चितवन । |
| १०. | सविता पौडेल | शोधनायककी बुहारी एम.ए. अध्ययनरत, र.न.पा. २, चितवन । |

# परिशिष्ट

## परिशिष्ट : एक

### क. विशिष्ट व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली

शोधकार्यको सिलसिलामा शोधार्थीबाट हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्माका सहकर्मी, समवर्ती साहित्यकार रामबाबु घिमिरे, धनराज गिरी, रविकिरण निर्जीवसँग हास्यव्यङ्ग्य निबन्धकार **तिलकराज शर्मा पौडेलका निबन्धसङ्ग्रहमा हास्यव्यङ्ग्यकारिताको अध्ययन** शीर्षकको शोधपत्रको लागि लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावलीको नमुना यसप्रकार रहेको छ :

१. हास्यव्यङ्ग्य निबन्धकार तिलकराज शर्मा पौडेलसँग यहाँको औपचारिक परिचय कहिलेदेखि भएको हो ?

२. आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धमा तिलकराज शर्माको आगमनलाई यहाँले कसरी लिनुभएको छ ?

३. हास्यव्यङ्ग्य निबन्धको उत्थान र विकासमा तिलकराज शर्माको के-कस्तो भूमिका रहेको छ र त्यसलाई तपाईंले कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

४. आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धमा तिलकराज शर्माको स्थान के-कस्तो रहेको छ, केही बताइदिनुहोस् न ।

५. तिलकराज शर्माका निबन्धले हास्यव्यङ्ग्यको रचनाधर्मितालाई के-कति वहन गरेका छन् ?

६. तिलकराज शर्माको भावी नैबन्धिक यात्रालाई तपाईंले कसरी अनुमान गर्नुभएको छ ?

७. अन्तमा, तिलकराज शर्माको बारेमा केही कुराहरू छुटेको भए बताइदिनु हुन अनुरोध गर्दछु ।